# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

विभिन्न जातजाति, भाषा, धर्म, संस्कृतिले विविधतायुक्त हाम्रो समाजमा स्थानविशेष र भाषा, संस्कृतिअनुसार भिन्न-भिन्न सामाजिक संस्कारहरू छन् । स्थान, जाति, धर्म आदिका आधारमा सामाजिक संस्कारहरूमा पृथकता पाइन्छ । मानिस जन्मेदेखि नै विभिन्न सामाजिक संस्कारहरू सम्पन्न गरिन्छन् । न्वारन, अन्नप्रासन, विवाह, व्रतबन्धजस्ता सामाजिक संस्कारहरू आ-आफ्नै ढङ्गले गर्ने गरिएको पाइन्छ । कुनै पनि देश, क्षेत्र, जनजाति र समाजको भौगोलिक, ऐतिहासिक अध्ययन गर्दा त्यहाँको जनजीवन, परम्परागत मान्यता र विश्वास, संस्कार, परम्परागत लोकसाहित्यबारेमा अध्ययन गर्नु नितान्त आवश्यक हुन्छ । नेपालको सङ्घीय संरचनाअनुसार डोटी जिल्ला प्रदेश नम्बर सातमा पर्दछ । यो जिल्लामा शाही, बम, बोगटी, ओझा, अवस्थी, जोशी, जैशी, बोहरा, खड्का, रावल, भट्ट, पन्त, पनेरु, दमाइ, कामी, लोहार, बिक जातिका मानिसको बसोबास रहेको छ । डोटी जिल्लामा हिन्दू धर्मालम्वीहरूको बाहुल्य रहेको छ ।

विभिन्न समुदायको बसोबास रहेको डोटीको डुम्राकोट क्षेत्रमा बसोबास गर्ने जातजाति, समुदायका भिन्न-भिन्नै संस्कार र संस्कृतिहरू प्रचलनमा छन् । तिनै सामाजिक संस्कारका क्रममा गाइने गीतहरू नै फाग हुन्, अर्थात् जन्मेदेखि विवाहसम्मका संस्कार, पूजापाठ, जात्रा, पर्व आदि अवसरहरूमा गाइने गीत फाग हुन् । यी फाग वा संस्कार गीतलाई स्थानीय भाषामा मागल पनि भन्ने गरिन्छ । संस्कार गीत वा मागलहरू विभिन्न माङ्गलिक अवसरमा गाइने गरिन्छन् । फागलाई डोटीको डुम्राकोट क्षेत्रमा प्रचलित लोकसाहित्यमध्ये सर्वाधिक विशिष्टता बोकेको गीत मानिन्छ । शास्त्रीय जीवन पद्दतिकै महत्त्व बोकेका फागहरू नारीद्धारा गाइन्छन् । संस्कार गीतहरू श्रृतिपरम्परामार्फत् एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै गएको पाइन्छ । न्वारन, व्रतबन्ध, विवाहजस्ता संस्कार, जात्रा, पर्व, पूजापाठ, उत्सवजस्ता अनेकौं सामाजिक संस्कार तथा माङ्गलिक अवसरहरूसँग सम्बन्धित हुने वा त्यस्ता अवसरहरूमा गाइने भएकाले तिनिहरूलाई संस्कार गीत वा मागल पनि भनिन्छ ।

## १.२ समस्याकथन

डोटी जिल्लामा प्रचलित सांस्कारिक फागहरूबारे हालसम्म थुप्रै अध्ययन, अनुसन्धान भएका छन् । डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित संस्कार गीतबारे भने हालसम्म अध्ययन भएको छैन । डोटेली संस्कृतिभित्र ठाउँअनुसार फरक भाषा र संस्कृतिले पनि संस्कारहरूमा केही भिन्नता पाइन्छ । स्थानविशेषका आधारमा सांस्कारिक फागहरूमा केही पृथकता पाइन्छ । डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूबारे अध्ययन गरिने प्रस्तुत शोध निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) डोटी डुम्राकोट क्षेत्रमा केकस्ता सांस्कारिक फागहरू प्रचलनमा रहेका छन् ?

(ख) ती फागहरू कुन विषयवस्तुमा आधारित छन् ?

(ग) डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूको विश्लेषण केकसरी गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित विभिन्न सांस्कारिक फागहरूको सङ्कलन, विश्लेषण गरी ती फागको भाव प्रष्ट्याउनु र फागका विशेषता केलाउनु यो शोधको उद्देश्य रहेको छ । निम्न उद्देश्यमा आधारित रहेर समस्या कथनमा उठेका समस्याहरूलाई समाधान गरिएको छ :

(क) डोटी डुम्राकोट क्षेत्रका सांस्कारिक फागहरू सङ्कलन गर्नु ।

(ख) डोटी डुम्राकोट क्षेत्रका सांस्कारिक फागहरूको विषयवस्तु केलाउनु ।

(ग) डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

डोटेली सांस्कारिक फागहरूबारे विभिन्न व्यक्तित्वबाट अनुसन्धानहरू भएको पाइन्छ । सुदूरपश्चिममा थातथलो भएर राष्ट्रिय स्तरमै ख्याति कमाएका जयराज पन्त, देवकान्त पन्तलगायत विद्धान्हरूले यहाँका कतिपय सामाजिक, संस्कारबारे अनुसन्धान गरेर प्रकाशनमा ल्याउनुभएको छ । डोटीसँगै यस क्षेत्रका डडेल्धुरा, अछाम, बझाङ,

दार्चुलालगायतका जिल्लाहरूमा प्रचलित फाग, घरगीत, भोलाउलो, ढुस्को, चैत, धमारी, सगुन आदि गीतबारे केही मात्रामा अनुसन्धान भएको पाइन्छ । समय परिवर्तनसँगै समाज र समाजमा बसोबास गर्ने मानिसहरूको संस्कारमा पनि परिवर्तन हुने गर्दछ । समयसँगै परिवर्तन हुने सामाजिक संस्कारबारेको अनुसन्धानमा नयाँ-नयाँ सिद्धान्तका आधारमा वर्गीकरण, विश्लेषण गरिएको पाइन्छ । हालसम्ममा भएका उल्लेख्य पूर्वकार्यहरू निम्नलिखित छन् :

देवकान्त पन्त (२०३२) ले **डोटेली लोकसाहित्य (एक अध्ययन)** नामक पुस्तकमा डोटेली लोकसाहित्यका विविध विधाहरूबारे उल्लेख गरेका छन् । डोटेली लोकसाहित्य र इतिहासको रूपरेखा कोरेको मानिएको यस पुस्तकमा संस्कार गीत धमारी, चैत, भोलाउलो, ढुस्को, भारतहरूको सङ्कलन गरी तिनको परिचय दिने काम भएको छ ।

विजय चालिसे (२०४९) ले **डोटेली लोकसाहित्य र संस्कृति** नामक कृतिमा डोटेली लोकसाहित्यको परिचय दिइनुका साथै डोटेली लोकनृत्यअन्तर्गत छलिया, भुवा, हुड्केली, गौरा, पुलता आदि गीतको वर्णन गरिएको छ । यस पुस्तकमा डोटेली समाजमा शुभविवाहका अवसरमा गाइने फागहरूको संक्षिप्त वर्णन गरिएको छ ।

उमा चन्द (२०५३) ले 'बैतडेली सांस्कारिक फागहरूको सङ्कलन, वर्गीकरण र परिचय' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा बैतडी जिल्लामा प्रचलित संस्कार गीतको सङ्कलन, अनुसन्धान गरेकी छन् । फाग गीतमा केन्द्रित भइ गरिएको यस शोधपत्रमा बैतडीका सांस्कारिक फागहरूलाई सामान्य र विशेष गरी दुई भागमा विभाजन गरिएको छ । फागहरू सङ्कलनसँगै फागहरूको परिचय दिने कामसमेत यस शोधमा गरिएको छ ।

जयराज पन्त (२०५३) ले **अञ्जुलीभरि सगुन र पोल्टाभरि फाग** नामक पुस्तकाकार ग्रन्थमा जन्मेदेखि विवाहसम्मका विभिन्न मांगलिक संस्कारहरूमा गाइने सगुन र फागको अध्ययन गरिएको छ । यस पुस्तकमा सुदूरपश्चिममा प्रचलित विभिन्न सामाजिक संस्कारहरू गाइने केही संस्कार गीतहरू समावेश गरेका छन् । ३ वटा सगुन र १ सय ५० वटा फागहरू समेटिएको यो कृतिमा सगुन र फागको परिचय, महत्त्व, उत्पत्ति, रचनाशैली, भाषाशैली, विषयवस्तुजस्ता विविध पक्षको अध्ययन, अनुसन्धान गरिएको छ ।

विष्णुभक्त उपाध्याय (२०५७) ले 'बझाङ जिल्लाको थलारा क्षेत्रका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा त्यस क्षेत्रका फागहरूको विविध पक्षबारे उल्लेख गरेका छन् ।

पद्मराज जोशी 'प्रभात' (२०५९) ले **गौरा पर्व एक परिचय** नामक पुस्तकमा डोटेली लोकगीतअन्तर्गत गौरा पर्वमा गाइने फागहरूको सङ्कलन गर्नुका साथै गौरा पर्वमा गरिने पूजा विधिबारे उल्लेख गरेका छन् ।

ताराकुमारी रोस्यारा (२०६०) ले 'डोटी जिल्लामा प्रचलित सांस्कारिक फागहरूको सङ्कलन र विश्लेषण' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र संस्कार गीतमा केन्द्रित रहेर गरेकी छन् । उनले यस शोधपत्रमा डोटी जिल्लामा प्रचलित सांस्कारिक फागहरू सङ्कलन गर्नुका साथै तिनको परिचय दिने काम गरेकी छन् ।

बाशुदेव भाइसाब (२०६१) ले **डोट्याली लोकसंस्कृति र लोकसाहित्य** नामक पुस्तकमा डोटेली लोकसाहित्यको परिचय दिनुका साथै डोटेली समाजमा शुभविवाहका अवसरमा गाइने फागहरूको वर्णन गरेका छन् ।

विश्वराज सोती (२०६२) ले 'बझाङ्गी मागलहरूको सङ्कलन, अध्ययन' शीर्षकको अप्रकाशित स्नातकोत्तर तहको शोधपत्रमा बझाङमा प्रचलित मागलहरूको शोधखोज गरेर तिनको भाव प्रस्ट्याउने काम गरेका छन् ।

मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी (२०६८) द्वारा लिखित **नेपाली लोकसाहित्यको रूपरेखा** नामक पुस्तकमा डोटेली संस्कार गीतहरू सगुन, मागल र फागबारे उल्लेख गरिएको छ । गौरा, फाग, भुवो आदि डोटेली लोकगीतको संक्षिप्त परिचयन दिने काम यस पुस्तकमा गरिएको छ ।

बद्री शर्मा बिनाडी (२०७४) ले **डोटेली लोककाव्य चैतको अध्ययन** नामक पुस्तकाकार ग्रन्थमा डोटेली क्षेत्रको लोकसाहित्यको परिचय, महत्त्व, डोटेली लोकसाहित्यको अध्ययन परम्पराबारे उल्लेख गरेका छन् ।

यसरी हालसम्म डोटी जिल्ला र यो क्षेत्रका जिल्लाका विभिन्न ठाउँका संस्कार गीतहरूबारे अध्ययन भएको पाइन्छ । डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित संस्कार

गीतबारे भने हालसम्म अध्ययन भएको पाइदैन । त्यसैले यो शोधपत्रमा डोटी डुम्राकोट क्षेत्रमा प्रचलित संस्कार गीतबारे अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य

नेपाली लोकसाहित्यअन्तर्गत सांस्कारिक फागहरूबारे थुप्रै अध्ययनहरू भएका छन् । क्षेत्रविशेषमा आधारित रहेर सांस्कारिक फागहरूको अध्ययन भने पर्याप्त मात्रामा भएको पाइदैन । जसले गर्दा क्षेत्रविशेषका आधारमा केही भिन्नता पाइने त्यस्ता सांस्कारिक फागहरू प्रकाशनमा आउन सकेका छैनन् । नेपाली लोकसाहित्यको क्षेत्रमा डोटेली लोकसाहित्यले महत्त्वपूर्ण स्थान राख्दछ । डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूको सङ्कलन, अध्ययन गरिएको यस शोधपत्रको छुट्टै महत्त्व रहने छ । लोकसाहित्यको एउटा विधामा गरिएको यस अध्ययनले नेपाली लोकसाहित्यमा केही योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

यस शोधकार्यबाट एकातिर क्षेत्रीय स्तरमा रहेका सांस्कारिक फागहरूमा नेपाली भाषामा डोटेली भाषाको प्रचलित स्वरूप जान्न सकिने छ भने अर्कातिर त्यस क्षेत्रको सामाजिक, सांस्कारिक परम्पराको नालीबेली खोतल्दै लुप्त अवस्थामा रहेका संस्कारलाई राष्ट्रिय स्तरमा पुऱ्याउन, त्यसको संरक्षण र प्रवर्द्धनमा योगदान पुग्ने छ । यस शोधपत्रमा डोटेली लोकसाहित्यमा सांस्कारिक फागहरूको स्थान, यिनले लोकसाहित्यमा पुऱ्याएको उचाइको औचित्य स्थापित गर्ने प्रयास गरिएको छ । डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूलाई चिनाउने भएकोले पनि यो शोध औचित्यपूर्ण छ । क्षेत्रगत रूपमा प्रचलनमा रहेका विवाह, व्रतबन्धजस्ता सांस्कारिक फागहरूलाई सङ्कलन, विश्लेषण गरी तयार पारिएको यो शोधपत्र क्षेत्रगत रूपमा प्रचलित संस्कार गीतको अध्ययन, मनन् र जानकारी प्राप्त गर्ने एउटा महत्त्वपूर्ण सामग्री बन्ने छ । संस्कार गीतहरूबारे जानकारीका साथै क्षेत्रगत रूपमा प्रचलित संस्कार गीत र देशका अन्य भेगमा प्रचलित संस्कार गीतबीच तुलनात्मक रूपमा अध्ययन गर्न समेत मद्दत पुग्ने हुँदा यो शोधकार्य औचित्यपूर्ण रहेको छ । यो शोध संस्कार गीतबारे अध्ययन गर्न चाहने आउने पीँढीलाई पनि यस क्षेत्रमा प्रचलित सांस्कारिक कार्य र संस्कार गीतबारे अध्ययन गर्न महत्त्वपूर्ण सामग्री बन्ने छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली लोकसाहित्यको क्षेत्र व्यापक छ । लोकसाहित्यका थुप्रै विधाहरूमा अध्ययन, अनुसन्धानहरू भएका पाइन्छन् । प्रस्तुत शोधपत्रमा नेपालको डोटी जिल्लाअन्तर्गत डुम्राकोट र फलेडी र धिर्कामाडौं क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूको मात्र सङ्कलन, अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत अनुसन्धानका क्रममा क्षेत्रीय अनुसन्धान विधिको प्रयोग गरिएको छ । अध्ययनक्षेत्र गएर विवाह, व्रतबन्धजस्ता कार्यमा प्रत्यक्ष सहभागी भइ, गाउँका बुढापाकालाई संस्कार गीतहरू गाउन लगाइ रेकर्ड र टिपोट गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.८ विश्लेषण विधि

डोटी डुम्राकोट क्षेत्रका सांस्कारिक फागहरूको अध्ययन शीर्षकको यस शोधकार्यमा अध्ययन क्षेत्रमा प्रचलित सांस्कारिक फागहरू सङ्कलन गरी विश्लेषण गरिएको छ । संस्कारका क्रममा गाइने गीतहरूलाई लोकगीतका तत्त्वहरू विषयवस्तु, भाषा, सन्देश वा भाव, लय वा भाका र अन्तराका आधारमा मात्र विश्लेषण गरिएको छ । यसबाहेक लोकसाहित्य अध्ययनका अन्य आधारलाई लिइएको छैन ।

## १.९ शोधको संभाव्य रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई संङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई निम्न परिच्छेदमा बाँडिएको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद | : शोधपरिचय |
| दोस्रो परिच्छेद | : अध्ययनक्षेत्रको परिचय |
| तेस्रो परिच्छेद | : डोटेली लोकगीतको परिचय र वर्गीकरण |
| चौथो परिच्छेद | : डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूको अध्ययन |
| पाँचौं परिच्छेद | : सारांश र निष्कर्ष |
| परिशिष्ट | : डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरू |

# दोस्रो परिच्छेद

# अध्ययनक्षेत्रको परिचय

## २.१ डोटी जिल्लाको सङ्क्षिप्त परिचय

डोटी प्रदेश नम्बर सातका ९ वटा जिल्लामध्ये पहाडी क्षेत्रमा पर्ने जिल्ला हो । मुलुक सङ्घीय संरचनामा गएसँगै तत्कालीन सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको भूभागलाई मात्र समेटेर प्रदेश नम्बर सात कायम गरिएको छ । यो प्रदेशका नौ जिल्लामध्ये दुई वटा जिल्ला कैलाली र कञ्चनपुर तराई क्षेत्रमा पर्दछन् । डोटी जिल्ला प्राचीन डोटी राज्यको केन्द्र हो । कुनै समयमा डोटीको दिपायल तथा हाल डडेल्धुरामा पर्ने तत्कालीन डोटीको अजयमेरुकोट विभिन्न समयमा डोटी राज्यको राजधानी रहेको कुरा ऐतिहासिक प्रमाणहरूले देखाउँछ । बाइसे, चौबिसे राज्यकालीन समयमा डोटी राज्यको राजधानी हुनु र राजारजौटाको बसोबासका कारण यो जिल्ला डोटी राज्यको केन्द्रमा रहेको पाइन्छ । ऐतिहासिक डोटी राज्यको केन्द्र हुनु र तत्कालीन सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम हुनुले पनि डोटी विगतदेखि नै यो क्षेत्रको प्रमुख प्रशासनिक केन्द्रको रूपमा रहेको देखिन्छ ।

डोटी जिल्लाको परिचय प्राचीनकालीन डोटी राज्यको केन्द्रका रूपमा मात्र सीमित छैन, पौराणिक कालदेखि नै विभिन्न देवीदेवताको तपोभूमिका रूपमा पनि परिचित छ । दर्जनौं मठमन्दिर, शक्तिपीठ रहेको यो जिल्ला अहिले पनि पवित्र धार्मिक भूमिका रूपमा चिनिन्छ । विभिन्न पूजाआजाका बेला यहाँका धार्मिक स्थल, शक्तिपीठमा ठूला मेला लाग्ने गर्दछन् । कुनै पनि ठाउँको परम्परा, संस्कृति, मान्यता, जनविश्वासहरू थाहा पाउन त्यहाँको भौगोलिक, ऐतिहासिक, सामाजिक सांस्कृतिक अध्ययन आवश्यक पर्दछ । तसर्थ डोटीको एउटा क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूको अध्ययन गरिएको यस शोधपत्रमा अध्ययन क्षेत्र डोटी जिल्लाको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक परिचय सामान्य रूपमा दिने काम गरिएको छ ।

### २.१.१ ऐतिहासिक कथन

नाम त्यसको परिचयसँग जोडिएको हुन्छ र नामभित्र केही तथ्यहरू पनि लुकेका हुन्छन् । डोटी जिल्लाको नामाकरण पौराणिक प्रसङ्गसँग जोडिएको छ । जिल्लाको नामाकरणका सम्बन्धमा विभिन्न पौराणिक कथनहरू पाइन्छन् । प्राचीनकालीन डोटी

राज्यको इतिहास बोकेको यो जिल्ला पौराणिक कालमा देव, ऋषिमुनिको तपस्या स्थलका रूपमा चिनिन्थ्यो । देव, ऋषिमुनिको तपस्या स्थल भएकाले यो क्षेत्र 'देवाटवी' नामले चिनिन गएको र यसको अपभ्रंश देउटी, धौटी हुँदै डोटी रहन गएको पौराणिक कथन पाइन्छ । देवताहरू रहने घना जङ्गलको स्थानलाई देउटी भन्ने गरिएको बुझिन्छ । डोटी जिल्लामात्र नभएर ऐतिहासिक राज्य पनि हो । नेपाल एकीकरणअघि डोटी एउटा शक्तिशाली राज्य थियो । यो राज्यको सीमा पूर्वमा कर्णाली, पश्चिममा महाकाली, उत्तरमा कैलाश मानसरोवर तथा दक्षिणमा कर्णाली र महाकालीसम्म रहेको पाइन्छ । त्यसैले डोटी शब्दले एउटा सिङ्गो राज्यको पहिचान पनि बोकेको छ ।

सुदूरपश्चिमाञ्चल सेतीको डोटी जिल्लालाई नै पहिले डोटी राज्य भनिन्थ्यो । यसको पूर्वमा अछाम, पश्चिममा गढवाल कुमाउ, उत्तरमा थलहरा बझाङ र दक्षिणमा तराइ पर्दथ्यो । जुम्लाका खस मल्लहरूको पतनपछि डोटी शक्तिशाली भएर निस्केको थियो । यो राज्य हिमाल, पहाड, तराइ इलाकासम्म फैलिएको हुँदा सम्पन्न थियो भनेर राजाराम सुवेदीले उल्लेख गरेका छन् । (सुवेदी, २०५५ : २८) डोटी राज्यका प्रथम राजा नियरपाल र अन्तिम राजा दीप शाही रहेको इतिहास पाइन्छ । डोटी खोला र महाकाली वारिको सबै भूभागदेखि जुम्लासम्म डोटी भनिने पुरानो चलनले डोटी नामको विशालताको प्रमाणित हुन्छ भनेर उल्लेख गरिएको छ । (ओझा, २०५९ : ११) ।

## २.१.२ भौगोलिक अवस्था

तत्कालीन सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम रहेको डोटी प्रदेश नम्बर सातका ९ वटा जिल्लाको करिब बीच भागमा पर्दछ । पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ्ग तथा दक्षिणमा कैलाली गरी ६ वटा जिल्लासँग डोटीको सीमा जोडिएको छ । जिल्लाको कुल भूभाग २०२५ वर्गकिलोमिटरमा फैलिएको छ । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७४) नयाँ सङ्घीय संरचनाअनुसार डोटीमा ९ वटा स्थानीय तह कायम भएका छन् । तीमध्ये दिपायल-सिलगढी र शिखर नगरपालिका हुन् भने केआईसिंह, बोगटान, बड्डीकेदार, जोरायल, आदर्श, सायल र पूर्वीचौकी गाउँपालिका हुन् । डोटीमा प्रतिनिधि सभाको १ वटा निर्वाचन क्षेत्र र प्रदेश सभाको २ वटा निर्वाचन क्षेत्र छन् । जिल्ला सदरमुकाम सिलगढी हो

भने यहाँको प्रमुख व्यापारिक केन्द्र दिपायल तत्कालीन सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम हो ।

यो जिल्लाको भूभाग समुद्री सतहबाट ६ सय मिटरदेखि ४ हजार मिटरसम्म उचाइमा पर्छ । २८ डिग्री ५४ मिनेट उत्तरदेखि २९ डिग्री २८ मिनेटसम्म आक्षाङ्श रहेको छ भने ८० डिग्री ३० मिनेट पूर्वदेखि ८१ डिग्री १४ मिनेट देशान्तरमा पर्दछ । यहाँको न्यूनतम् तापक्रम ०.२ डिग्री सेल्सीयसदेखि अधिकतम् ४४ डिग्री सेल्सीयससम्म रहने गर्छ । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७४) यहाँ लेकालीदेखि अर्धउष्ण हावापानी पाइन्छ । जिल्लाका विभिन्न भूभागहरू लेकाली, पहाडी, बेँसी र चुरे क्षेत्रमा पर्दछन् । सेती, ठूलीगाड, टुँडालगाड, कालागाड, साइलीगाड, गण्डकीगाड आदि यहाँका मुख्य नदीहरू हुन् । सिलगढी, दिपायल, राजपुर, गोपघाट, बुडर, गैरा, फल्टुडे, जोरायल, साजघाट, बीपीनगर र नारीदाङ्ग, लडागडा, वायल आदि जिल्लाका प्रमुख व्यापारिक केन्द्र हुन् । केआईसिंह गाउँपालिकाअन्तर्गत पर्ने डुम्राकोट क्षेत्र सदरमुकामबाट दक्षिण-पश्चिममा पर्दछ । तत्कालीन तिखात्तर गाविसमा पर्ने डुम्राकोट क्षेत्रमा लेकालीदेखि अर्धउष्ण हावापानी पाइन्छ । (डोटी जिल्लाको पार्श्वचित्र, जिल्ला विकास समिति डोटी, २०७२)

### २.१.३ सामाजिक अवस्था

डोटी जिल्लामा प्राचीनकालदेखि नै विभिन्न जातजाति, समुदायका मानिसको बसोबास रहेको छ । जातजाति, समुदायका मानिस फरक-फरक पेशा, व्यवसायमा भए पनि मिलेर बसेको पाइन्छ । एक जातिले अर्को जातिका सामाजिक संस्कारहरूमा सहभागी हुने, सामाजिक कामहरू सामूहिक रूपमा गर्ने प्रचलन रहिआएको छ । यहाँ ब्राह्मण, ठकुरी, क्षेत्री, दलित जातिको बसोबास रहेको छ । २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार डोटी जिल्लामा २ लाख ११ हजार ७ सय ४६ जनसङ्ख्या रहेको छ । यसमध्ये १ लाख १४ हजार ४ सय ९४ जना महिला छन् । जिल्लामा कुल जनसङ्ख्याको ५७.६७ प्रतिशत क्षेत्री, ८.०४ प्रतिशत ब्राह्मण, १२.१० प्रतिशत कामी, ३.४५ प्रतिशत दलित, ३.४५ प्रतिशत ठकुरी, २.३२ प्रतिशत सार्की, १.४० प्रतिशत वादी, १.१२ प्रतिशत लुहार जातिको बसोबास रहेको छ । यहाँ डोटेली, नेपाली, मगर आदि भाषाहरू बोलिन्छन् । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७४)

डोटीमा बसोबास गर्ने बहुसङ्ख्यक मानिसको मुख्य पेशा कृषि हो । यहाँ विपन्न वर्गले साहूमहाजनको जमिन अधियामा लिएर खेती लगाउने चलन रहेको छ । जिल्लामा ८० दशमलव २ प्रतिशत मानिसले कृषि पेशा अङ्गाल्ने गरेका छन् भने १९ दशमलव ८ प्रतिशत गैरकृषि पेशामा संलग्न रहेका छन् । (डोटी जिल्लाको पार्श्वचित्र, जिल्ला विकास समिति डोटी, २०७२) डोटी डुम्राकोट क्षेत्रमा शाही, ओझा, अवस्थी, पनेरु, भट्ट, आउजी, पार्की, बिक, लुहार, रावत, ठगुन्नालगायत थरका मानिसको बसोबास रहेको छ ।

## २.१.४ धार्मिक तथा सांस्कृतिक अवस्था

यस क्षेत्रका अधिकाङ्श मानिसले हिन्दू धर्म मान्ने गरेका छन् । डोटी जिल्लाको कुल जनसङ्ख्याको ९९ दशमलव ०४ प्रतिशत हिन्दू धर्मावलम्बी रहेका छन् । यस्तै ०.०५ प्रतिशत मुस्लिम, ०.७५ प्रतिशत बौद्ध, ०.१३ प्रतिशत क्रिश्चियन र ०.०३ प्रतिशत अन्य धर्मावलम्बीको बसोबास रहेको छ । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७४) यस क्षेत्रमा विभिन्न जातजातिका मानिसको बसोबास भए पनि समाजमा सबै एकआपसमा मिलेर बसेको र एकअर्काको धर्म, संस्कृतिलाई सम्मान गर्ने गरेको पाइन्छ । यहाँका मानिसले आफ्नो धर्मकर्म, रितिरिवाज, चालचलन, कुलदेवताको पूजाआजामा विश्वास गर्ने गरेका छन् ।

यस जिल्लामा रहेका धार्मिक पीठहरूमा विभिन्न पर्व तथा देवीदेवताका पूजामा मेला लाग्ने गर्दछन् । यहाँका प्रमुख धार्मिक स्थलहरूमा सिलगढीको शैलेश्वरी मन्दिर, राधाकृष्ण मन्दिर, कोटभैरव मन्दिर, मष्टा मन्दिर, भीमसेन मन्दिर, राजपुरको पञ्चेश्वर महादेव, दिपायलको दिल्पेश्वर मन्दिर, भागेश्वर मन्दिर, लानाकेदारेश्वरको बडीकेदार मन्दिर, मुडेगाउँको भागेश्वर मन्दिर, सातफरीको गैरा बेतालमाडौं मन्दिर, डौडको सहश्रलिङ्ग मन्दिर, खप्तड अश्द्वाराला मन्दिर, काँडामाडौंको पशुपति मन्दिर, डुम्राकोटको कैलपाल माणु (मन्दिर), वायलको दुर्गा माणु (मन्दिर) हुन् । डोटी जिल्लाका प्रमुख धार्मिक पर्यटकिय क्षेत्रहरू खप्तड राष्ट्रिय निकुञ्ज, त्रिवेणी, नागढुङ्गा, सहश्रलिङ्ग, खप्तड दह, केदार ढुङ्गा, हात्तिपाइला क्षेत्र, घोडादाउन्ने, डाँफेकोट, खप्तड बाबा आश्रम, छतिवन ताल, केदार, भिम छेदनशिला आदि हुन् । (डोटी जिल्लाको पार्श्वचित्र, जिल्ला विकास समिति डोटी, २०७२) यो जिल्लामा विभिन्न जातजातिले आफ्नो संस्कारअनुसार विभिन्न संस्कृति, रितिरिवाजहरू प्रचलनमा ल्याएका छन् ।

### २.१.५ परम्परागत मान्यता र संस्कार

विभिन्न धर्म, संस्कृति अङ्गालेका समुदायका आ-आफ्ना परम्परा, मान्यता, संस्कारहरू रहेका हुन्छन् । कतिपय संस्कार र मान्यताहरू आममानिसका साझा हुन्छन् । डोटेली समाजमा पनि विभिन्न सामाजिक संस्कार र मान्यताहरू प्रचलनमा रहेका छन् । जनै धारण गरेका व्यक्ति र विवाहिता महिलाले भान्सा खाना खानु, महिनावारी भएका बेला अलग्गै बस्नु, बच्चा जन्मिएपछि १० दिनसम्म सुत्केरो मान्नु र यो अवधिमा अन्य सांस्कारिक कार्य नगर्नु, मान्यजनका अगाडि नारीहरूले घुम्टो हालेर अनुहार छोप्नु, उपाध्याय बाहुन र ठकुरीले हलो नजोत्नु, जातीय वर्गीकरणमा तल्लो जातका व्यक्तिले छोएको माथिल्लो जातका व्यक्तिले नखानु, जात मिल्नेसँग मात्र विवाह गर्नु, बाल्यावस्थामै छोरा-छोरीको विवाह गर्नुजस्ता रिति एवम् मान्यताहरू प्रचलनमा रहेका छन् । हिजोआज भने बालविवाह, जातीय छुवाछुत, महिनावारी बार्नुजस्ता कतिपय सामाजिक कुसंस्कारहरू हट्दै गएको देखिन्छ ।

### २.१.६ आर्थिक अवस्था

डोटी जिल्लाको ठूलो जनसङ्ख्या गरिबीको रेखामुनि रहेको छ । यहाँका मानिसको मुख्य पेशा कृषि हो । अर्को व्यवसायका रूपमा पशुपालन पनि पर्दछ । यहाँका मानिसले गाई, भैसी, बाख्रा, कुखुरा आदि पालन गरेर जीवनयापनका लागि आर्थिक जोहो गरेको पाइन्छ । यसबाहेक बन्दव्यापार र वैदेशिक रोजगारी पनि यस क्षेत्रका बासिन्दाको आम्दानीको प्रमुख स्रोत रहेको छ । विपन्न वर्गका पुरुषहरूले खेतीपाती लगाउने समय र चाडपर्वका बेला घरमा बस्ने र अरु समय भारतमा मजदुरी गर्नुपर्ने बाध्यता अझै पनि रहेको छ । पछिल्लो समय रोजगारका लागि तेस्रो मुलुकतर्फ पनि युवाहरूको आकर्षण बढेको देखिन्छ । यसका साथै शिक्षण, निजामति, नेपाली सेना, नेपाल प्रहरीजस्ता सेवाको जागिर पनि यहाँका कतिपय बासिन्दाको आम्दानीको स्रोतका रूपमा रहेको छ । डोटी जिल्लाको मानव विकास सुचकाङ्क ०.४०७ र अपेक्षित औषत आयु ६६.७४ वर्ष रहेको छ । यो जिल्लाका मानिसको प्रतिव्यक्ति आय वार्षिक १२७७९ रहेको छ । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७२)

कृषि यहाँका मानिसको मुख्य पेशाका रूपमा रहे पनि परम्परागत कृषि प्रणालीमा सुधार हुन सकेको छैन । जसले गर्दा कृषि आत्मनिर्भर पेशा बन्न सेकेको छैन । जिल्लाभरि ३२२७६ हेक्टर क्षेत्र खेतीयोग्य जमिन रहेकोमा ९ हजार ४ सय ६८ हेक्टरमा मात्र सिँचाइ सुविधा पुगेको छ । यो जिल्लाका प्रमुख खाद्यान्न बालीहरूमा धान, गहुँ, मकै, कोदो, जौं, भटमास, गहत, आलु, अदुवा, फापर, तोरी आदि हुन् । (डोटी जिल्लाको पार्श्वचित्र, जिल्ला विकास समिति डोटी, २०७२) कृषिमा आधुनिक प्रविधिको ज्ञान, सीपको अभाव र बजारीकरण नहुनुले कृषि व्यवसायिक बन्न सकेको छैन ।

## २.१.७ शैक्षिक अवस्था

डोटी जिल्लाको साक्षरता दर ५५ दशमलव ६८ प्रतिशत रहेको छ । यसमा महिला साक्षरता दर ४३ दशमलव ३३ प्रतिशत छ । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७४) यहाँको शैक्षिक अवस्था सुधारोन्मुख रहेको देखिन्छ । ग्रामीण क्षेत्रमा पनि शिक्षण संस्थाहरू खुल्ने क्रम बढेको छ । जसले गर्दा विपन्न वर्गका बालबालिकाले विद्यालय जाने अवसर पाएका छन् । डोटी जिल्लाभरि ३५० वटा बालविकास केन्द्र, २ सय ४५ वटा २६३ वटा आधारभूत विद्यालय, १२० वटा मावि र त्रिभुवन विश्वविद्यालयको एक वटा आङ्गिक क्याम्पस रहेको छ । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७४)

यस जिल्लाका ग्रामीण क्षेत्रमा पनि शिक्षण संस्थाहरू खुल्ने क्रम बढेपछि साक्षरता दरमा विगतको भन्दा सुधार हुँदै गएको देखिन्छ । जिल्लामा शैक्षिक संस्थाको वृद्धिले शिक्षामा पहुँच बढेसँगै विद्यालय भर्ना हुने क्रम पनि बढेको छ । गरिबीका कारण भर्ना भएका धेरै विद्यार्थीले माथिल्लो तहसम्म पढाइलाई निरन्तरता भने दिन सकेको देखिदैन । ग्रामीण क्षेत्रमा प्राविधिक शिक्षालय स्थापना हुने क्रम विगतका वर्षको तुलनामा बढेकाले शैक्षिक गुणस्तरमा वृद्धि हुँदै गएको छ ।

## २.१.८ यातायातको अवस्था

यातायात विकासको महत्त्वपूर्ण आधार हो । राजमार्गसँग जोडिएकाले डोटी जिल्लाको सदरमुकाम सिलगढी र तत्कालीन क्षेत्रीय सदरमुकाम दीपायलमा कालोपत्रे सडक छ । दिपायलसँगै जोडिएको अर्को प्रमुख व्यापारिक केन्द्र राजपुरमा पनि कालोपत्रे सडक छ ।

कच्ची सडक विस्तार हुन थालेपछि ग्रामीण क्षेत्रहरू सडक सञ्जालसँग जोडिन थालेका छन् । यस जिल्लामा ग्रामीण क्षेत्रहरू कच्ची सडक स्तरीय भने छैनन् । यस कारण ग्रामीण क्षेत्रमा भरपर्दो यातायात सेवा छैन । तत्कालीन ५० वटा गाविसमध्ये १४ वटा गाविस सडक सञ्जालसँग जोडिएका छैनन् । डोटी जिल्लामा ११८.४६ किलोमिटर पक्की सडक छ, जुन अधिकाङ्श अछाम र डडेल्धुरा जोड्ने भीमदत्त राजमार्गअन्तर्गत पर्दछ । यसैगरी जिल्लामा ६ किलोमिटर ग्राभेल सडक, २८५ किलोमिटर कच्ची सडक र ११ वटा पक्की पुल छन् । (डोटी जिल्लाको पार्श्वचित्र, जिल्ला विकास समिति डोटी, २०७२) दिपायलमा रहेको डोटीको एउटामात्र विमानस्थल बन्द अवस्थामा छ ।

### २.१.९ सञ्चारको अवस्था

यस जिल्लाका ग्रामीण क्षेत्रमा पनि नेपाल टेलिकम र दुरसञ्चार प्राधिकरणका निजि कम्पनीका मोबाइल फोन सेवाका कारण सञ्चारको सुविधा विस्तार भएको छ । मोबाइल फोन सेवा प्रयोग गर्नेको सङ्ख्या बढेकोले सञ्चारको पहुँच विस्तार भएको हो । यसका साथै ग्रामीण क्षेत्रमा सिडिएमए फोन सेवा पनि उपलब्ध छ । ल्याण्डलाइन सेवा भने दिपायल-सिलगढी नगरपालिका क्षेत्रमा मात्र उपलब्ध छ । दुर्गम ग्रामीण क्षेत्रका स्थानीय तह, विद्यालयलगायत संघसंस्थामा इन्टरनेट जोडिन सकेको छैन । सबै स्थानीय तहहरूमा हुलाक सेवा भने उपलब्ध छ । डोटीमा क्षेत्रीय हुलाक निर्देशनालय १ वटा, इलाका हुलाक ११ वटा, अतिरिक्त हुलाक ४१ वटा र एफएम रेडियो २ वटा रहेका छन् । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७४)

### २.१.१० स्वास्थ्यको अवस्था

डोटीमा जिल्ला अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी २०, उपस्वास्थ्य चौकी २९, आयुर्वेदिक औषधालय ८, निजि नर्सिङ्ग होम १, प्रहरी अस्पताल १, सैनिक अस्पताल १, सुरक्षित प्रसूति केन्द्र ५० र गाउँघर क्लिनिक २३६ वटा रहेका छन् । (डोटी जिल्लाको सङ्क्षिप्त परिचय, जिल्ला समन्वय समिति डोटी, २०७४) ग्रामीण क्षेत्रमा स्वास्थ्य संस्थाहरू खुल्ने क्रम बढेपछि जनताले सामान्य उपचार सेवा गाउँघरमै पाउन थालेका छन् । ती स्वास्थ्य संस्थाहरूमा दक्ष चिकित्सक र उपकरणको भने अभाव छ । त्यसैले खासगरी ग्रामीण भेगमा सामान्य सेवाबाहेक स्वास्थ्योपचारको क्षेत्रमा उल्लेख्य सुधार आउन

सकेको छैन । स्वास्थ्य संस्थाहरूमा सामान्य उपचार सेवा पाए पनि गम्भीर रोगको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था छ। सदरमुकाममै स्तरीय सुविधा भएका र सबै किसिमको उपचार हुने अस्पताल छैनन् । जिल्लामा भरपर्दो उपचार सेवा नभएपछि यहाँका बासिन्दा उपचारका लागि छिमेकी जिल्ला कैलालीको धनगढी र नजिकका भारतीय बजार पुग्ने गरेका छन् ।

स्वास्थ्य सम्बन्धि चेतनाको अभाव, भौगोलिक विकटता र स्वास्थ्य संस्थामा पहुँच नहुनु, भएका स्वास्थ्य संस्थामा दक्ष चिकित्सक, उपकरण र औषधिको अभावका कारण यहाँका मानिसहरू स्वास्थ्य उपचारबाट वञ्चित रहेका छन् । ग्रामीण भेगमा स्वास्थ्य उपचारका लागि घरेलु जडिबुटीको प्रयोग गरिनुका साथै जनचेतनाको अभावले धामीझाँक्रीको भर पर्ने गरेको पनि पाइन्छ।

## २.२ डोटी जिल्लामा मनाइने चाडपर्वको सामान्य परिचय

तत्कालीन सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अर्थात् अहिलेको प्रदेश नम्बर सातको आफ्नै स्वतन्त्र सांस्कृतिक पहिचान छ। यहाँको पहाडी क्षेत्रलाई भूगोलका रूपमा जिल्लामा छुट्याए पनि यो क्षेत्रमा मनाइने साझा संस्कृति, चाडपर्वहरू भने समान छन्। बिसु, ओल्के, गौराजस्ता मौलिक चाडपर्वहरू साझा रूपमा मनाइन्छन् । यी चाडपर्वहरूमा आफ्नै सांस्कृतिक मौलिकता पाइन्छ । सुदूरपश्चिमका पहाडी जिल्लामा प्रचलित मौलिक चाडपर्वहरू नै डोटी जिल्लामा मनाइने मौलिक चाडपर्व हुन्।

नेपालको अन्य भेगको तुलनामा फरक खाले संस्कृति, भाषा, कला, साहित्यले समृद्ध यो क्षेत्रका आफ्नै मौलिक चाडपर्व, रितिरिवाज छन् । प्राचीनकालदेखि नै यहाँ विभिन्न चाडपर्वहरू मनाइदै आएको पाइन्छ। क्षेत्रगत रूपमा मौलिक तरिकाले मनाइने चाडपर्वले विभिन्न जातजाति, समुदायको लोकसंस्कृतिको उजागरसमेत गर्ने गरेका छन् । डोटी जिल्लामा पनि प्राचीनकालदेखि विभिन्न चाडपर्वहरू प्रचलनमा रहेका छन् । यहाँ डोटी जिल्लामा मनाइने मुख्य चाडपर्व र तिनको सङ्क्षिप्त वर्णन गरिएको छ।

### २.२.१ बिसु

डोटी जिल्लामा मनाइने प्रमुख मौलिक पर्व बिसु नयाँ वर्षको पहिलो दिन अर्थात् वैशाख १ गते मनाइन्छ । बिसुपर्व नयाँ वर्षको पहिलो दिनमा मनाइने र वर्षभरिका

चाडपर्वमध्ये शुभारम्भको पहिलो चाड पनि भएकाले यसको विशेष महत्त्व रहेको छ । बिसुपर्व मनाउनका लागि कामविशेषले बाहिर रहेकाहरू घर फर्कने गर्दछन् । धुमधामका साथ मनाइने यो पर्वमा विवाहिता चेली पनि माइतीघर जाने गर्दछन् । बिसु पर्व देवर-भाउजु, नन्द-भाउजु, साली-भिनाजु, फुपु-सालीहरूका बीचमा सिस्नो पानी छ्याप्दै मनाउने चलन रहेको छ ।

वैशाख महिना लागेसँगै रोगव्याधी, महामारी र अनिकालको समय शुरू हुने विश्वास रहेकाले त्यसको सुरक्षाका लागि पनि सिस्नो लगाउने प्रचलन रहेको छ । बिसुका दिन सिस्नो लगाउँदा वर्षभरि काम गर्ने क्रममा शरीरमा रहेका सबै प्रकारका बिष निस्कृय हुने र रोगव्याधीबाट बच्न सकिने जनविश्वास रहिआएको छ । यो पर्वमा मीठा-मीठा खानाका परिकार खाने चलन पनि रहेको छ । बिसौं डोटी र यो क्षेत्रका पहाडी जिल्लामा मात्र नभएर मध्यपश्चिमका केही जिल्लामा समेत मनाइने गरिन्छ । (शारदा जैसीबाट प्राप्त जानकारी)

### २.२.२ ओल्के

ओल्के यहाँको अर्को मौलिक पर्व हो । ओल्के शब्दले उपहार वा कोशेली भन्ने अर्थ बुझिन्छ । यो पर्व वर्षायाममा आइपर्ने विभिन्न सङ्कटबाट बचेर नवजीवन प्राप्त भएको खुशीयालीमा मनाउने गरिन्छ । ओल्के पर्वमा आफूभन्दा ठूलाबडा, मान्यजन, इष्टमित्रको सम्मानका लागि कर्कलाको बोटको पलाउन थालेको पात, आलु, चोतो (मुलाको एक प्रकार) फलफूल आदि उपहार स्वपरु दिने गरिन्छ । यो पर्वको विशेषता हातमा मेहन्दी लगाउनु, मीठो-मसिनो खानेकुरा खानु रहेको छ । ओल्के पर्वको दिन भदौ १ गते बिहानै उठेर नुहाइधुवाइ गरी विभिन्न परिकार बनाएर आफन्तलाई ओल्को अर्थात् उपहार दिने चलन रहेको छ । ओल्केपछि नै वर्षायामपछिका चाडपर्वहरू शुरु हुन्छन् । ओल्केमा मान्यजन, आफन्त, इष्टमित्रको सम्मानका लागि ओल्को दिइने भएकाले यस पर्वले आपसी मित्रताको गाठो बलियो बनाउने काम गरेको हुन्छ । (देवकी जोशीबाट प्राप्त जानकारी)

### २.२.३ गौरा

गौरा पर्व भदौ महिनामा मनाइने यहाँको लोकप्रिय मौलिक पर्व हो । एकताको प्रतीकका रूपमा मनाइने यो पर्वले आफ्नो छुट्टै धार्मिक एवं सांस्कृतिक महत्त्व बोकेको छ । गौरा पर्व भाद्र शुक्ल पक्षको षष्ठीदेखि अष्टमीसम्म मनाइन्छ । यस पर्वमा महिलाले आफ्नो

अटल सौभाग्य, समृद्धि, सन्तान प्राप्ति र परिवारको सुख शान्तिका लागि व्रत बसी देवी गौरी र भगवान शिवको पूजाआजा गर्ने गर्दछन् । अविवाहित युवतीले योग्य वर पाउन र विवाहित महिलाहरूले पतिको दीर्घायुको कामना गर्दै व्रत बस्ने गर्दछन् ।

गौरा पर्वको शुभारम्भ भाद्र शुक्ल पक्षको षष्ठीका दिन देवालय, मन्दिर तथा घर-घरमा तामा वा पित्तलका भाडाहरूमा बिरूडा भिजाएर हुन्छ । निराहार व्रत बसेका महिलाले सगुन गाउँदै गहुँ, केराउ, गहत, मास र गुरौंस मिसाएर तामाका भाडामा पञ्च अन्नलाई धोएर भिजाउने गर्दछन् । यिनै पाँच अन्नको मिश्रणलाई 'बिरुडा' भन्ने गरिन्छ । यस दिनलाई बिरुडा पञ्चमीको नामले पनि चिनिन्छ । सप्तमीका दिन महिलाहरूले धान, साउँ, तिल, आफामार्गलगायतका बुट्यानबाट गौरा अर्थात् गौरीको प्रतिमा बनाइ गौराघरमा भित्र्याउने गर्दछन् ।

गौरा विसर्जन नभएसम्म गौराघरमा पुरुष तथा महिला छुट्टाछुट्टै रूपमा गोलवद्ध भइ स्थानीय लोक भाकामा देउडा, चैत, धमारी आदि खेल खेलेर मनोरञ्जन गर्ने प्रचलन रहेको छ । समूहमा गाउदै खेलिने भएकाले गौरा पर्व आपसी मित्रता र सौहार्दता कायम गर्ने पर्व पनि हो । गौराको प्रमुख आकर्षण देउडा हो । गौरा पर्वका बेला सिङ्गो सुदूरपश्चिम देउडामय बन्ने गर्छ । गौरा पर्वमा महिला-पुरुषले छुट्टाछुट्टै खेल्ने देउडामा सुख-दुःख, पीर-व्यथामात्रै व्यक्त गरिदैनन्, माया-प्रेमको भाव र सामाजिक विकृति, विसङ्गति विरुद्ध तिखो व्यङ्ग्य पनि गरिन्छ । पौराणिक कथा, देवीदेवताका गाथा र धार्मिक प्रसङ्गको विषयवस्तु पनि देउडामा अभिव्यक्त भएको हुन्छ । पछिल्लो समयमा भने गौरा पर्वका बेला गाउदै खेलिने देउडा बाहेक अन्य गीतहरू गाउने प्रचलन कम हुँदै गएको देखिन्छ । (मायादेवी जोशीबाट प्राप्त जानकारी)

## २.२.४ तीज

हिन्दू नारीहरूको विशेष पर्वका रूपमा रहेको हरितालिका (तीज) भाद्र तृतीयदेखि पञ्चमीसम्म देशभर मनाउने गरिन्छ । तीजमा निराहार व्रत बसेर महिलाहरूले आफ्नो श्रीमान्को दीर्घायुको कामना र अविवाहिताले सर्वगुण सम्पन्न वर प्राप्तिका लागि व्रत बस्ने गर्दछन् । तीजमा भगवान् शिवको पूजाआराधना गरिनुका साथै महिलाहरूले नाचगान गरेर

मनोरञ्जनसमेत गर्ने गर्दछन् । तीज पर्व देशका विभिन्न भूभागमा जस्तै डोटी जिल्लामा पनि महिलाहरूले विशेष हर्सोल्लासका साथ मनाउने गर्दछन् ।

सत्ययुगमा हिमालय पुत्री पार्वतीले आफ्नो श्रीमान्का रूपमा शिवजीलाई प्राप्त गर्न गौरीघाटमा तपस्या बसिन् । पार्वतीले तपस्या गरेको एक सय वर्ष पूरा भइसक्दा पनि आफूले गरेको तपस्याको फल नपाउँदा एक दिन उनले शिव लिङ्गको स्थापना गरी पानी पनि नपिएर निराहार व्रत बस्न बसिन् । यसरी पार्वतीको कठोर व्रतको कारण शिवजी प्रकट भइ 'चिताएको कुरा पुगोस्' भनी बर दिएपछि शिव-पार्वतीको विवाह भएको हिन्दू धर्मका धार्मिक ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । यसै सम्झनामा नारीहरूले असल वरको प्राप्ति र श्रीमान्को दीर्घायुका लागि तीजमा शुद्ध भएर उपवास बस्ने गर्दछन् । तीज शुरु हुने अघिल्लो दिन महिलाहरू सफासुग्घर भइ मीठा-मीठा परिकार बनाइ दर खाने प्रचलन रहेको छ । तीजको दोस्रो दिन पानी पनि नखाइ उपवास बस्ने र मुछेको गिलो माटोले शिव-पार्वतीको मूर्ति बनाइ पूजा गर्ने चलन रहिआएको छ । यो पर्वमा महिलाहरू रातभरि जाग्राम बसेर भजनकिर्तन गर्नुका साथै नाचगान गरेर रमाइलोसमेत गर्दछन् । (जमुनादेवी भट्टबाट प्राप्त जानकारी)

### २.२.५ दसैं

दसैं हिन्दू धर्मावलम्बीहरूले मनाउने सबैभन्दा ठूलो पर्व हो । नेपालको राष्ट्रिय पर्वको रूपमा रहेको दसैं आश्विन शुक्लप्रतिपदादेखि आश्विन पूर्णिमासम्म १५ दिन उल्लासमय वातावरणमा मनाउने गरिन्छ । डोटी जिल्लामा पनि लोकप्रिय यो पर्व विशेष धुमधामका साथ मनाइन्छ । दसैंको नवरात्र, पूर्णिमा, चतुर्दशी आदि दिनमा डोटीका विभिन्न क्षेत्रमा धार्मिक मेलाहरू समेत लाग्ने गर्दछन् । दसैं असत्यमाथि सत्यको विजय भएको दिनको सम्झनामा मनाइने भएकाले यसको सामाजिक, सांस्कृतिक रूपमा निकै ठूलो महत्त्व रहेको छ । घटस्थापनामा जमरा राखी नवमीसम्म दुर्गा सप्तसती (चण्डी) पाठ गरी नवदुर्गा र शक्तिस्वरूपा महाकाली, महालक्ष्मी र महासरस्वतीको विशेष पूजाआजासहित प्रसादका रूपमा टीका र जमरा ग्रहण गरिन्छ ।

काम विशेषले घरदेखि टाढा स्वदेश तथा विदेशमा रहेकाहरू घर फर्कने भएकाले दसैं वर्ष दिनमा आफन्त, इष्टमित्रसँग भेटघाट गरेर सौहाद्रपूर्ण सम्बन्ध स्थापित गर्ने अवसर

पनि हो । ठूलावडा, मान्यजनबाट जमरा लगाइने हुँदा ठूलावडा र मान्यजनप्रति श्रद्धाभाव राख्नुपर्छ भन्ने भाव हुने भएकाले यसको सामाजिक महत्त्व ठूलो छ । दसैंको मुख्य दिन दानवी शक्तिमाथि देवताहरूले विजय गरेको खुशीयालीमा मान्यजनबाट भगवतीको प्रसाद स्वरूप टीका र जमरा लगाउने परम्परा रहेको छ । यसका साथै आफ्नो दक्षताअनुसार मीठो खाने, राम्रो लगाउने चलन रहिआएको छ । विजया दशमीको दिन आफन्तजनबाट टीका, जमरा लगाउन छुटेकाहरूले विजया दशमीको पाँच दिनपछि पूर्णिमाको दिनसम्म पनि टीका, जमरा लगाउने गर्दछन् । (चन्द्रादेवी भट्टबाट प्राप्त जानकारी)

## २.२.६ तिहार

तिहार हिन्दूहरूले मनाउने दसैंपछिको दोस्रो ठूलो पर्व हो । यो पर्व कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म पाँच दिन मनाइन्छ । तिहार भाइ-बहिनीबीचको आत्मिय, पवित्र सम्बन्धको प्रतीक पनि हो । हिन्दू धर्मावलम्बीले दीपावलीका रूपमा पनि यो पर्वलाई मनाउने गर्दछन् । तिहारको पहिलो दिन कागको पूजा गरिन्छ । दोश्रो दिन कुकुर पूजा, तेस्रो दिन लक्ष्मीको रूपमा गाईको पूजा, चौथो दिन गोवर्द्धनका रूपमा गोरूको पूजा गरिन्छ भने यमपञ्चकको पाँचौं दिदीबहिनीले आफ्ना दाजुभाइलाई टीका लगाइ दिने गर्दछन् । कागलाई यमदुतको रूपमा, कुकुरलाई घर संरक्षकको रूपमा, गाईलाई लक्ष्मीको रूपमा र गोरुलाई बाली लगाउने अन्नदाता प्राणीका रूपमा पूज्ने चलन रहेको छ । तिहारमा यमपञ्चकको पाँचौं दिन दिदीबहिनीले दाजुभाइको पूजा गरेर दीर्घायुका लागि निधारमा सप्तरङ्गी टीका तथा माला लगाइदिने चलन रहेको छ ।

यो पर्वमा विवाहिता महिला पनि आफ्ना दाजुभाइलाई टीका लगाउन माइती घर जाने गर्दछन् । त्यसैले तिहार दाजुभाइ तथा दिदीबहिनीबीच भेटघाट हुने एवम् सम्बन्ध प्रगाढ बनाउने शुभअवसर पनि हो । कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म यमराज पनि आफ्ना दैनिक काम स्थगित गरी बहिनी यमुनाकहाँ अतिथिका रूपमा बसेर भाइटीका ग्रहण गर्ने भएकाले यस पर्वलाई यमपञ्चक पनि भन्ने गरिएको जनविश्वास रहेको छ । दिदीबहिनीले आफ्ना दाजुभाइलाई टीका लगाएर उपहार दिन्छन् भने दाजुभाइले आफ्नो क्षमताअनुसार दिदीबहिनीलाई दक्षिणा दिने चलन रहेको छ । यस पर्वमा देउसी, भैलो खेलेर मनोरञ्जन पनि गर्ने गरिन्छ । (जमुनादेवी भट्टबाट प्राप्त जानकारी)

### २.२.७ पुसेपन्ध्र

पुसेपन्ध्र पुस महिनाको १५ गते मनाइने यहाँको मौलिक पर्व हो । पुसेपन्ध्रको रात वर्षभरिको सबैभन्दा लामो रात मानिन्छ । यस दिन गाउँका मानिस एक ठाउँमा जम्मा भइ रातभर जाग्राम बसेर विभिन्न किसिमका खानाका परिकारहरू खाने, लोकगाथाहरू भन्ने चलन रहेको छ । पुस महिनाको १५ गते मनाइने भएकाले यस पर्वको नाम पुसेपन्ध्र रहन गएको मानिन्छ । यस दिन तरुल, सखरखण्ड, फर्सी, पिँडालु उसिनेर खाने गरिन्छ । यी कन्दमुल खाँदा जाडो भाग्ने र शरीरमा तागत बढ्ने जनविश्वास रहेको छ । पुसेपन्ध्रको रात बुढापाका व्यक्तिबाट पौराणिक कथा, लोकगाथा, उखान टुक्का सुनेर बिताउने चलन रहेको छ । (चन्द्रादेवी भट्टबाट प्राप्त जानकारी)

### २.२.८ माघे सङ्क्रान्ति

माघे सङ्क्रान्ति देशका विभिन्न भूभागमा मनाउने गरिए पनि डोटीमा यो पर्व छुट्टै मौलिक तरिकाले मनाउने गरिन्छ । माघ १ गतेका दिन घ्यू, चाकु, तिलका परिकार, तरुल खाएर माघे सङ्क्रान्ति पर्व मनाउने प्रचलन यहाँ रहेको छ । यस पर्वमा चेलीबेटीलाई दक्षिणा पनि दिने गरिन्छ । माघे सङ्क्रान्तिको दिन बिहानै उठेर जौँ, तिलले नुहाइधुहाइ गरेर गाउँघरका मानिस एक ठाउँमा जम्मा भइ काठका ठूल्ठूला मुढा बालेर सामूहिक रूपमा आगो ताप्ने गर्दछन् । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण सुरु हुने भएकाले माघे सङ्क्रान्तिको दिनलाई मकर सङ्क्रान्ति पनि भनिन्छ । माघे सङ्क्रान्तिका दिनदेखि दिन लामो र रात छोटो हुँदै जान्छ । हिन्दू धार्मिक मान्यताअनुसार महाभारतमा भिष्मपितामहलाई इच्छा मृत्युको वरदान थियो । रणभूमिमा अर्जुनका धनुष वाणले शरीरमा सर्वत्र छेडेका भिष्म पितामहले माघे सङ्क्रान्तिकै दिन मृत्युको इच्छा जाहेर गरेर विदा भएको प्रसङ्ग महाभारतमा उल्लेख भएको पाइन्छ । (पार्वती जैसीबाट प्राप्त जानकारी)

### २.२.९ होली

रङहरूको पर्व होली हिन्दू धर्मावलम्बीहरूले मनाउने यहाँको अर्को महत्त्वपूर्ण पर्व हो । फागुन महिनाको पूर्णिमा पर्ने भएकाले यसलाई फागुपूर्णिमा पनि भन्ने गरिन्छ । होल रङ खेलेर मनाइन्छ । मानिसहरू समूहमा जम्मा भएर एकअर्कालाई रङ दल्दै रमाइलो गर्दछन् । डोटीमा होलीको दिन होरी खेल खेल्ने चलनसमेत रहेको छ । प्राचीन समयमा नास्तिक

हिरण्यकशिपु नामक राक्षसले भगवान् विष्णुका भक्त आफ्नै छोरा प्रह्लादलाई मार्न आफ्नी बहिनी होलिकालाई जिम्मा दिएका थिए । होलिका प्रहूलादलाई काखमा लिएर अग्निमा पस्दा आगोले धर्मको साथ दिएको र होलिका जलेर नष्ट भएको किम्वदन्ती रहेको छ । राक्षसी होलिका दहनकै खुशीयाली स्वरूप आपसमा रङ र अबिर छरेर होली पर्व मनाउने परम्परा चलेको धार्मिक मान्यता रहिआएको छ । (विष्णादेवी जैसीबाट प्राप्त जानकारी)

### २.२.१० निष्कर्ष

माथि उल्लिखितबाहेक अन्य चाडपर्वहरू पनि डोटी जिल्लामा मनाइने गरिन्छन् । कतिपय यहाँका आफ्नै मौलिक पर्वहरू छन् । माघ महिनामा मनाइने उत्तरायणी, गङ्गादशहरालगायत मौलिक पर्वहरू यो जिल्लामा मनाइन्छन् । यसका साथै महाशिवरात्री, चैतेदसैं श्रीपञ्चमी, नागपञ्चमीजस्ता पर्वहरू पनि डोटेली समाजमा मौलिक रुपमा मनाइन्छन् । यी चाडपर्वहरूले धार्मिक, सांस्कृतिक मान्यता एवम् सामाजिक सद्भाव, एकअर्काबीचको भातृत्व, सहचार्यको भावना बोकेका हुन्छन् । चाडपर्व दुःख-सुख, पीर-व्यथा केही समयका लागि भए पनि भुलेर रमाइलो गर्ने अवसर पनि हुन् । यी चाडपर्वहरूले हाम्रो संस्कार, मूल्य, मान्यता, धर्म, संस्कृति बोकेका हुन्छन् ।

## २.३ डोटी जिल्लामा प्रचलित संस्कारहरू

डोटी जिल्ला नेपाली लोकसाहित्यका दृष्टिले अत्यन्तै धनी मानिन्छ । यहाँ लोकसाहित्यसँग सम्बन्धित विभिन्न सामाजिक संस्कार, संस्कृतिहरू प्रचलनमा रहेका छन् । धर्मशास्त्रले दर्साएका मानिसको जीवनमा जन्मेदेखि मृत्युपर्यन्तका अपवित्र अवगुण, कमजोरी विधिविधानअनुसार शुद्ध, परिस्कृत गर्ने काम नै संस्कार हो । यहाँ डोटी जिल्लामा प्रचलित संस्कारहरूको सङ्क्षिप्त वर्णन गरिएको छ ।

### २.३.१ षष्ठी

षष्ठी बालक जन्मेको छैठौं दिनमा गरिने पूजा हो । यसलाई स्थानीय भाषामा छैंठी पनि भनिन्छ । बालक जन्मेको ६ दिनमा भाग्य लेखिने विश्वाससहित यसलाई भाग्य लेख्ने दिनका रूपमा पनि लिइन्छ । षष्ठी छोराका लागि मात्र गरिने सांस्कारिक कार्य हो । षष्ठी पूजा छोरा जन्मेको खुशीयालीमा गरिने भएकाले समाजका सम्पन्न व्यक्तिहरूले धुमधामका

साथ मनाउने गर्दछन् । यस दिन घरमा ब्राह्मणलाई बोलाइ विधिविधानपूर्वक पूजाआजा गरिन्छ । छैंठीमा रातभर जाग्राम बसेर ढोल, दमाहा बजाउने तथा महिलाहरूले बालकलाई समातेर भाग्यविधातासँग धनवान्, वुद्धिमान्, भाग्यवान् बनाइदिन कामना गर्दछन् । छोराको मात्र छैंठी पूजा गर्ने प्रचलन रहेको छ । यस दिन बालकको भाग्य कोरिने विश्वास रहेकाले शौभाग्यका लागि तेत्तीस कोटी देवतासँग प्राथना गर्दै बालकलाई भाग्यमानी हुनु भन्ने शुभआशिष फागमार्फत् नै दिने गरिन्छ । (शारदा जैसीबाट प्राप्त जानकारी)

## २.३.२ न्वारन

न्वारन बच्चा जन्मिएको दशौं दिनमा गरिने सांस्कारिक कर्म हो । न्वारनका दिन बच्चाको नामाकरण गरिन्छ । नामाकरणअघि ब्राह्मणद्वारा गणेश, कलश आदिको पूजाआजा गरिन्छ । तत्पश्चात दिवङ्गत भएका आफ्ना पितृहरूलाई आमन्त्रण गर्दै बच्चालाई शुभआर्शीवाद दिन कामना गरिन्छ । कार्यसफलताको माङ्गलिक कार्य तथा पूजाआजापछि ब्राह्मणद्वारा आँप र पिपलका पात बेरेर बनाइएको पिपिरीले बच्चाको कानमा ज्योतिषीअनुसार जुरेको नामको उच्चारण गरिन्छ । ब्राह्मणले बच्चाको कानमा नाम सुनाएपछि बुवा-आमा तथा अन्य आफन्तले पनि त्यही प्रक्रिया अपनाएर बच्चालाई उसको कानमा नाम उच्चारण गर्ने गर्दछन् । न्वारनको दिनमा बच्चाको अगाडि कलम, पैसा, चक्कु, मीठा-मीठा खानेकुरा राखिन्छ र तीमध्ये बच्चाले कुन वस्तु समात्यो भन्ने कुराले विशेष अर्थ राख्दछ । कलम समातेमा विद्वान् बन्छ, पैसा समातेमा धनी बन्छ, चक्कु समातेमा खराब काम गर्छ तथा खानेकुरा समातेमा लोभी बन्छ भन्ने जनविश्वास रहिआएको छ । पूजाआजा र नामाकरणपछि गाउँघरका इस्टमित्र बोलाएर भोज खुवाउने गरिन्छ । तत्पश्चात लोकसाहित्यका विभिन्न विधा, लोकगीत, देउडा आदि गाउँदै, खेल्दै रमाइलो गर्ने चलन डोटेली समाजमा रहेको छ । (सरुलीदेवी भट्टबाट प्राप्त जानकारी)

## २.३.३ अन्नप्रासन

अन्नप्रासन बच्चा जन्मेको छैठौं महिनामा गरिने माङ्गलिक कार्य हो । अन्नप्रासनलाई डोटेली भाषामा भात्त्वखाइ भनिन्छ । हुर्कदै गएको बच्चाको शारीरिक वृद्धि विकासमा आमाको दुधले मात्र नपुग्ने भएकाले अन्न खुवाउनको थालनी गर्न यो कार्य गरिन्छ । यस दिनमा ब्राह्मण बोलाएर विभिन्न देवीदेवताको पूजाआजा गरिन्छ । त्यसपश्चात सुरुमा संभव भए सुनको पैसा तथा दुबोले बच्चालाई भात खुवाइन्छ । सबै

आफन्तजनले बच्चालाई टीका लगाएर आर्शीवाद दिँदै भात चखाइ दिने गर्छन् । यस दिन बच्चालाई भात खुवाउने बेला मुखमा जिउँदो माछा छुने प्रचलन पनि रहेको छ । त्यसो गरेमा बच्चाको दाँत छिटो आउँछ भन्ने जनविश्वास रहेको छ । (लिलादेवी जैसीबाट प्राप्त जानकारी)

## २.३.४ चूडाकर्म

चूडाकर्म डोटेली समाजमा गरिने अर्को महत्त्वपूर्ण संस्कार हो । चूडाकर्म भन्नाले बालकको कपाल पहिलो पटक काट्नका लागि गरिने माङ्गलिक कार्य भन्ने बुझिन्छ । यो कार्य बालकको उमेर ३-४ वर्ष पुगेपछि गरिन्छ । ज्योतिषीलाई शुभ दिन हेराएर सांस्कारिक नियमपूर्वक कपाल काट्ने गरिन्छ । चूडाकर्मका बेला पनि ब्राह्मणलाई बोलाएर देवीदेवताको पूजाआजा गरी पितृहरूलाई आमन्त्रण गरिन्छ । बालकलाई आमाको काखमा राखेर कपाल काट्ने चलन डोटेली समाजमा रहेको छ । काटिएका कपाल भुँइमा झर्न नपाउन भनेर थालमा चोखो बस्त्र राखेर काटेको कपाल थाप्ने गरिन्छ । काटिएका कपाल भारतको हरिद्वार, गङ्गा, नदी आदि पवित्र स्थानमा लगेर बिसर्जन गर्ने चलन रहेको छ । यो संस्कार छोराका लागि मात्र गरिन्छ । चूडाकर्मको दिन घरमा आएका पाहुनाहरूलाई भोजन गराइ चेलीबेटी, गुरूहरूलाई दानदक्षिणासमेत दिने गरिन्छ । (लिलादेवी जैसीबाट प्राप्त जानकारी)

## २.३.५ व्रतबन्ध

व्रतबन्ध एउटा महत्त्वपूर्ण सामाजिक संस्कार हो । यसलाई स्थानीय समाजमा जनै हाल्नु वा व्रतमन पनि भनिन्छ । व्रतबन्ध नगर्दासम्म विवाह गर्न नपाईने संस्कार यहाँको समाजमा रहेको छ । व्रतबन्ध नगरेको व्यक्तिले विवाह, काजक्रिया र अन्य सामाजिक संस्कार गर्न नपाइने भएकाले व्रतबन्ध नगरी नहुने सामाजिक संस्कार हो । आमा-बुवाको काजक्रियाको दायित्व छोराको हुने र कलिलै उमेरमा विहे गर्ने चलन भएकाले छोराको व्रतबन्ध किशोरावस्थामा गर्ने गरिन्छ । जनै धारण गरेका व्यक्तिले सामाजिक संस्कारअनुसार "भान्सा खाने" गर्दछन् । लिपपोत गरी चोखो बनाएको भन्सामा अरुले नछोइ खाना पकाइ खानुलाई भान्सा खानु भनिन्छ । जनै धारण गरेका पुरुष र विवाहिता महिलाले भान्सा खाने चलन रहेको छ । यस्तो चलन हिजोआज भने हराउँदै जान थालेको छ । जनै हालेको कम्तीमा एक दिन भान्सा खानुपर्ने चलन भने अद्यापि विद्यमान छ । व्रतबन्ध ब्राह्मण, क्षेत्री

र वैश्य समुदायका पुरुषहरूका लागि मात्र गरिने हिन्दू सामाजिक संस्कार हो । शुभ लगन जुराइ दुई दिन लगाएर गरिने यो सामाजिक संस्कारको पहिलो दिन व्रतबन्ध गर्ने व्यक्ति व्रत बस्ने र त्यस राति घरमा पूजापाठ गर्ने, कथा लगाउने गरिन्छ । दोस्रो दिन जनै हाल्ने चलन छ । पूजाआजा गर्नका लागि अघिल्लो दिन मनाइएको मण्डपमै दोस्रो दिन व्रतबन्धको कार्य गर्ने गरिन्छ । (शारदा जैसीबाट प्राप्त जानकारी)

### २.३.६ विवाह

विवाह मानव जीवनसँग जोडिएको अत्यन्तै महत्त्वपूर्ण संस्कार हो । अरू समाजमा जस्तै डोटेली समाजमा पनि विधिविधानपूर्वक विवाह कर्म धुमधामसँग गर्ने प्रचलन रहेको छ । विवाह भनेको वयस्क युवा र वयस्क युवतीलाई शारीरिक बन्धनमा बाँध्ने र मानव सृष्टिको जगेर्ना गर्ने संस्कार हो । विवाहका लागि पहिले केटा पक्षबाट केटी माग्न उसको घरमा जाने चलन छ । केटी पक्ष राजी भएपछि केटा-केटीको चिना, गुण, अवगुण हेरेर जुराउने गरिन्छ । चिना जुरेपछि ज्योतिषीबाट शुभ दिन हेराएर विवाह गर्ने गरिन्छ । विवाह डोटेली समाजमा दुई दिन लगाएर गर्ने चलन रहेको छ । हिजोआज भने एकै दिनमा पनि विवाह गर्ने गरिएको पाइन्छ । दुलाहाको घरबाट विवाह प्रथान गर्नु, दुलहीको विदाइ र दुलही लिएर जन्ती दुलाहाको घरमा पुग्दासम्म विभिन्न कार्यहरू सम्पन्न गरिन्छन् । यी कार्यहरूले आ-आफ्नो छुट्टै महत्त्व राख्दछन् । दुलाहाको घरबाट विवाह प्रस्थान गर्नु, विवाह दुलहीको घरमा पुग्नु, बेहुली सिँगार्नु, धुलीअर्क गर्नु, माइती पक्षले दुलहीको खुट्टा धुनु, ब्यासडो बाँध्नु, सिन्दूर हाल्नु, कन्यादान गर्नु, गौदान गर्नु आदि वैवाहिक कार्यमा फागहरू गाइने गरिन्छ । (जमुनादेवी भट्टबाट प्राप्त जानकारी)

## २.४ निष्कर्ष

यसरी मानिसको जीवनमा न्वारन, व्रतबन्ध, विवाहजस्ता विभिन्न संस्कारहरू गरिन्छन् । डोटेली समाजमा नेपालका अन्य भूभागभन्दा फरक र मौलिक तरिकाले संस्कार, कर्महरू गरिन्छन् । यी संस्कारहरूले धार्मिक, सांस्कृतिक र परम्परागत मान्यता बोकेका हुन्छन् । सामाजिक संस्कार, संस्कृति पनि यी सांस्कारिक कार्यहरूमा रहेको हुन्छ । षष्टी, न्वारन, अन्नप्रासन, चुडाकर्म, व्रतबन्ध विवाहजस्ता कार्य गरिनु डोटेली समाजमा अनिवार्य मानिन्छ । यी सांस्कारिक कार्यमा यहाँको जनजीवन अभिव्यक्त भएको हुन्छ । यी सामाजिक संस्कारहरू भाषा, लोकसाहित्यका परिचायक पनि हुन् ।

# तेस्रो परिच्छेद

# डोटेली लोकगीतको परिचय र वर्गीकरण


## ३.१ डोटेली लोकगीतको परिचय

लोकगीत नेपाली लोकसंस्कृतिको प्रमुख अङ्ग हो । लोकसाहित्यका विधाहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण विधा लोकगीत लोकजीवनसँग सम्बन्धित हुन्छ । लोकसाहित्यअन्तर्गत पर्ने डोटेली लोकगीत यहाँको सर्वाधिक लोकप्रिय विधा हो । डोटेली लोकसाहित्यको सबैभन्दा उर्वर विधा डोटेली लोकगीत यहाँका चाडपर्व, मेलापात, जात्रा, पूजाआजाको समयमा गाइने गरिन्छन् । देउडा, फाग, सगुनजस्ता लोकप्रिय डोटेली लोकगीतले डोटेली लोकसाहित्य र संस्कारलाई राष्ट्रिय स्तरमै चिनाउन सफल भएका छन् । यी लोकगीतमा आँशु-हाँसो, सुख-दुःखका भावनाहरू मुखरित भएका हुन्छन् । डोटेली प्राचीन लोकगीतलाई पनि नेपाली लोकसाहित्यको एक अङ्गका रूपमा चिनिन्छ । डोटेली समाजमा देउडा सबैभन्दा लोकप्रिय डोटेली लोकगीतको रूपमा रहेको छ । प्रेम, उल्लाह, उमङ्ग, विरह, वेदनाका क्षणमा एकल रूपमा पनि देउडा गाउने गरिन्छ । यस्तै मेला, पर्वहरूमा सामूहिक रूपमा पनि देउडा खेल्दै गाइन्छ । प्रत्येक जातजाति भाषाभाषीहरूका आ-आफ्नै चालचलन, रितिरिवाज, धर्म र संस्कृतिहरू प्रचलनमा रहेका छन् ।

परम्परित रूपमा मनाइदै आएका यी संस्कार श्रृतिपरम्परामार्फत् एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै जीवित रहेका छन् । यिनै संस्कार, संस्कृतिको संरक्षणमा डोटेली लोकगीतको महत्त्वपूर्ण योगदान रहेको छ । जिल्लाको संस्कृति, धर्म, इतिहासजस्ता परम्परालाई डोटेली लोकगीतले जीवित राख्दै आएका छन् । यी गीतहरू मनोरञ्जन, दुःख-सुख साटासाट गर्ने माध्यम पनि बनेका छन् । डोटेली लोकगीतमा आफ्नो संस्कृतिप्रतिको आस्था, सद्भाव पनि पाइन्छ । लोकगीतले मानव कर्म गर्नमा हौसला प्रदान गर्न समेत प्रेरित गरेको पाइन्छ । फागगीत, भोलाउलो, हुड्केली, घरगीत, ढुस्को, डेउडा, चैतगीत आदि डोटेली लोकगीतअन्तर्गत पर्दछन् । यी गीतहरू केही परम्परित छन् भने केही परिवेश सिर्जित गीत छन् ।

## ३.२ डोटेली लोकगीतको वर्गीकरण

डोटी जिल्लामा प्रचलित लोकगीतलाई विद्वान्हरूले फरक-फरक रूपमा वर्गीकरण गरेका छन् । आधारभूत रूपमा भने वर्गीकरणमा विद्वान्हरूबीच मतैक्यता पाइन्छ । पन्त, (२०३६ : ७) ले डोटेली लोकगीतलाई निम्नानुसार वर्गीकरण गरेका छन् :




ओझा, (२०६८ : ३३) ले डोटेली लोकगीतलाई यसरी वर्गीकरण गरेका छन् :

डोटेली लोकगीत

परम्परित गीत

- फागगीत
- ढुस्को
- धमारी गीत
- चैत
- भुवोगीत
- चाँचरी
- भोलाउलो गीत
- हुड्के गीत
- पुतला गीत
- घरगीत (विविध गीत) आदि

परिवेश सिर्जित गीत

- बालगीत
- कर्मगीत
- डेउडा गीत आदि ।

### ३.२.१ परम्परित गीत

परम्परित गीतको क्षेत्र वृहद् छ र यिनको विशेष महत्त्व रहेको छ । परम्परित गीतहरू परापूर्वकालदेखि एक पुस्ताबाट अर्को पुस्तासम्म श्रुतिपरम्पराका माध्यमले हस्तान्तरण हुँदै आएका छन् । यी गीतहरू कुनै परिष्कार-परिमार्जन नभइ श्रुतिपरम्पराबाट हस्तान्तर हुँदै आएका र मौखिक परम्परामा जीवित रहदै आएका छन् । परम्परित गीतको भाषिक संरचना र लयमा कुनै परिवर्तन हुँदैन । परम्परित गीतका रचनाकार अज्ञात हुन्छन् । यी गीतहरू प्राचीन समयमा पुर्खाहरूले आफ्नो संस्कारलाई जीवित राख्न गाइएका हुन् । परम्परित गीत निश्चित पर्व, धार्मिक संस्कार एवम् जात्राका अवसरमा मात्र गाइने गरिन्छन् । यस्ता गीतहरूमा अभिलेखकालीन नेपाली भाषाका शब्दहरू पाइन्छन् । यी गीतमा मौखिक रूपमा आफ्नो संस्कारलाई जीवन्त राख्न लगाइएको हुन्छ । त्यसैले यस्ता गीतमा कुनै वीर योद्धा वा देवीदेवताको सुक्ष्म आराधना समावेश गरिएको पाइन्छ ।

परम्परित गीतमा ऐतिहासिक पक्षको चर्चा गरिएको हुन्छ । यी गीतहरूबाट पुराना सामाजिक संस्कार, प्रचलनबारे जानकारी पाउन सकिन्छ । परम्परित गीतहरू शिष्ट हुन्छन् । यिनमा सामाजिक भावना समेटिएको हुन्छ । यस्ता गीतमा सांस्कृतिक पक्षको समुद्घाटन गरिएको हुन्छ भने यिनले परम्परित मूल्य, मान्यतालाई जीवन्तता दिन भूमिका निर्वाह गरेका हुन्छन् । परम्परित गीतमा फाग, धमारी, चैत, हुड्केली, भुवो, भोलाउलो, घरगीत आदि पर्दछन् । घरगीतलगायतका परम्परित डोटेली लोकगीतको चर्चा यसरी गरिएको छ :

#### (१) फागगीत (सगुन)

फागगीत देवीदेवताको स्तुति र मानव संस्काहरूमा गाइने महत्त्वपूर्ण परम्परित गीत हुन् । फागगीत विभिन्न माङ्गलिक कार्य, संस्कारहरूमा गाइन्छन् । यी गीतको विषयवस्तु विषेशगरी देवस्तुतिपरक हुन्छ । संस्कारहरूमा गाइने र देवस्तुतिपरक हुने भएकाले यी गीतले आफ्नो छुट्टै विशेष पहिचान बोकेका छन् । यी गीतहरू मागल, सगुन र फाग नामले चिनिन्छन् । डोटेली लोकगीतको अध्ययन गरेका विद्वान्हरूले फाग गीतलाई आफ्नो ढङ्गले परिभाषित गरेका छन् । पन्त (२०३२ : ७) ले फाग नारीहरूका मंगल गीत हुन् । स्थानीय बोलीमा फाग भनेको माहुरी बस्ने १/१ हात लम्बा, चौडा प्वाल पनि हो । योभित्र माहुरीले सधैं गुनगुनको ध्वनि गरिरहन्छन् । नारीहरू पनि फाग गाउँदा यस्तै गुनगुन ध्वनि र लयको प्रयोग गर्दछन् । तर यो फाग शब्दको प्रचलन कुमाउ र राजस्थानी लोकसाहित्यमा

पनि भएको छ । फागगीतको नामाकरण माहुरीको फागमा भयो वा माहुरीको घरको नामाकरण गीतको ध्वनिअनुसार भयो यो पनि विवादास्पद नै छ भनेका छन् ।

फागगीत महिलाहरू समूहमा गाउँदछन् र फाग गाउने महिलालाई फगारी भन्ने गरिन्छ । हरेक माङ्गलिक, सांस्कारित कार्यको शुभारम्भमा फाग गाउनु अनिवार्य मानिन्छ । लामो लयमा गाइने भएकाले फाग सुन्दा कर्णप्रिय लागे पनि यसका शब्द हत्पत्ति बुझिँदैनन् । फागको महत्त्वपूर्ण विशेषता भनेको लयमा अरूलाई आकर्षण गर्नसक्नु हो । कन्यादान गर्ने बेला गाइने फाग :

अजदान अर बुवा गजदान अर
अर बुवा कन्नेइको दान
तमरो होलो उत्तीम कुल
अजदान गर बुवा गजदान अर
अर बुवा कन्नेइको दान
सुन दान अर बुवा चानी दान अर
अर बुवा कन्नेइको दान
लुहा दान अर बुवा पितल दान अर
अर बुवा कन्नेइको दान
तमरो होलो उत्तीम कुल
अनदान अर बुवा धनदान अर
अर बुवा कन्नेइको दान
अनदान अर बुवा धनदान अर
अर बुवा अडौठीको दान
तमरो होलो उत्तीम कुल
अर बुवा अडौठीको दान
तमरो होलो उत्तीम कुल

स्रोत व्यक्ति : धौली जोशी, केआईसिंह गाउँपालिका-६, फलेडी

## (२) चैतगीत

लोकगाथामा आधारित विषयवस्तु रहने चैत लोकसाहित्यको पुरानो विधा हो । चैतमा देवीदेवता तथा र इतिहास प्रसिद्ध पुरुषको चरित्र र वीरताको गाथा वर्णन गरिएको हुन्छ । यस गीतमा पौराणिक तथा ऐतिहासिक व्यक्तित्वको वीरताको गाथालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ । बिनाडी, (२०७४ : २९) ले 'चैतगीत प्राचीनकालदेखि नै देवीदेवताका पूजाआजाका अवसरमा र मुलतः स्थानीय धार्मिक पर्व गौराका अवसरमा पुरुष समुदाय र आंशिक रुपमा महिला समूहद्वारासमेत वाचन गरिने चैत लोककाव्य हुन्' भनेका छन् ।

चैतलाई खासगरी गौरा पर्वका बेला गाउँदै खेल्ने गरिन्छ । चैतगीतमा कुनै ऐतिहासिक वीर पुरुषले जन्मदेखि मृत्युसम्म गरेका कामहरूको शिलशिलावद्ध तरिकाले व्याख्या गरिएको हुन्छ । त्यसैले चैतगीत लघु कवितादेखि लिएर मझौला कविताको आयाममा विस्तार भएका हुन्छन् । चैतमा पुरुषहरू गोलाकार दुई समूहमा भएर खेल्ने गर्दछन् । खेलको बीचमा एउटा चैत भन्ने गीतारी हुन्छ । चैत खेल्ने क्रममा दमाइले दमाहा बजाउने गर्दछन् । त्यसैले चैत खेल्दा वातावरण सङ्गीतमय बनेको हुन्छ ।

केदार चैतको अङ्श

ए ऽ हंश सुक्यो समुन्नर, समुन्नर सुक्यो

ए ऽ हंश सुक्यो समुन्नर, समुन्नर सुक्यो पानी

ए ऽ औतारी केदारनाथ बिसुनुइखी वानी

ए ऽ औतारी केदारबाबा समनर

ए ऽ औतारी केदारबाबा समनर जाऊँ

ए ऽ समरु केदारबाबा क्याउ दिन्ना

ए ऽ समरु केदारबाबा क्याउ दिन्ना बर

ए ऽ निर्धनी दिन्न बाबा धनइको

ए ऽ निर्धनी दिन्न बाबा धनइको बर । (बिनाडी, २०७४ : ६२)

## (३) धमारी गीत

विशेष चाडपर्वका अवसरमा गाइने धमारी गीत देवस्तुतिपरक हुन्छन् । यो गीत खासगरी गौरा पर्वमा गाउने चलन रहिआएको छ । धमारी गीत पुरुषहरूले सामूहिक रूपमा घुमाउरो घेरामा गोलवद्ध भइ गाउने गर्दछन् । जस्तै :

श्रीरामचन्द्रजीकी धमारी
विपत्ति पडउजन कोइ रघुपति , विपत्ति पडउजन कोइ ।
ए-सम्पत्तिका सबै संङाति रघुपति, विपत्ति कोइन सङाति ॥
ए-पैल्ली विपत्ति पडी दशरथ राजासङ ।
हाँजी भानिजैका हत्या मिलो रघुपति विपत्तिको ॥
विपत्ति पडउजन ........................आदि । (जोशी, २०५९ : ११६)

## (४) भोलाउलो गीत

यी गीतहरू पनि विशेषगरी देवस्तुतिपरक हुन्छन् । भोलाउलो गीतको लय भने अरू गीत भन्दा भिन्न रहेको पाइन्छ । भोलाउलो गीतमा देवीदेवताको जागरणका लागि स्तुति गान गरिन्छ । पन्त, (२०३२ : ७) ले 'भोलाउलो विसुद्ध स्थानीय बोली हो जसको अर्थ हो ब्राह्ममुहूर्त वा उषाकाल हुन थालेको' भनेका छन् । यी गीत महिला र पुरुष सबैले खेल्ने गर्दछन् । जस्तै :

श्री कृष्णको भोलाउलोको अंश :-

जागो होउजाउ श्रीकृष्णौ जागो होउ मुरली
क्याउ जान्या रुकविन रात बिहान वियायी
गोठ गौ हम्मान लागि तब जान्या श्री कृष्णै रात बिहान
जागो होइजाउ श्रीकृष्णै जागोहोउ मुरली
क्याउ जान्या रुकविणी भोल वियायी...

स्रोत व्यक्ति : रामचन्द्र जोशी, केआईसिंह गाउँपालिका-६, फलेडी

### (५) भुवोगीत

भुवोगीत परम्परादेखि नै प्रचलनमा रहेको छ र डोटेली लोकसाहित्यका क्षेत्रमा यो गीतले महत्त्वपूर्ण स्थान राख्दछ । भुवोगीत प्रायजसो पुसमा खेल्ने र गाउने गरिन्छ । यसलाई स्थानीय भाषामा 'भो' पनि भनिन्छ । यस गीतमा परापूर्वकालमा एउटा ठूलो दैत्य राक्षस आएर गाउँमा दुःख दिने गरेको, गणेश भूमिराज आदि स्थानीय देवीदेवताको सहयोगमा स्थानीयहरूले त्यस राक्षसलाई मारेको किम्वदन्ती रहेको छ । गाउँमा दुःख दिने राक्षस मारेका यिनै देवीदेवताहरूको बहादुरी तथा पराक्रमको कार्यलाई भुवोगीतमा व्यक्त गरिएको पाइन्छ । यो गीत पुरुषहरूले मात्र गाउँदछन् । गीतसँगै गायकहरूले हातमा ढाल, तरवाल, खुँडा र खुकुरी घुमाउँदै पञ्चेबाजाका तालमा नृत्यसमेत गर्दछन् । जस्तै :-

भोगीतको नमुना

(१) यो भो का जान लाग्यो-भोस्सोभोस्सो
कैका घर भोस्सो भोस्सो
मख्यका घर भोस्सो भोस्सो
ठूलो खसी दिन्ना भोस्सो भोस्सो आदि
यस्तै प्रकारको भुवको नमुना

(२) ए पैली भुवा उदाइ रे-भोस्सो भोस्सो
वाहइ वरेली भुवो भोस्सो भोस्सो
काशी र नयाग भोस्सो भोस्सो
वाहाइ वरेली भुवो भोस्सो भोस्सो
टनकपुर आयो भोस्सो भोस्सो ...................आदि । (लामिछाने, २०६५ : ५९) ।

### (६) हुड्केली (भारत)

हुड्केली डोटेली लोकगीतहरूमध्ये प्रख्यात गीत हो । भाइसाब (२०५६ : ९३) ले 'भारत शब्द महाभारतको सङ्क्षिप्तकृत रुप हो र भारतमा पनि महाभारतको जस्तै चरित्र चित्रण गरिन्छ' भनेर उल्लेख गरेका छन् । यसमा गीतसँगै नृत्य पनि गरिन्छ । विवाह र अन्य उत्सवका बेला प्राय दमाइ जातिका व्यक्तिहरूले हुड्केली गाउने र खेल्ने गर्दछन् । ढोल, दमाहा बजाएर हुड्केली नाच्ने गरिन्छ । यो गीत गोलो घेरा बनाएर गाउने गरिन्छ ।

खेलको बीचमा गीतारू हुन्छ भने अन्य व्यक्तिले तालमा ताल र सुरमा सुर मिलाएर गाउने गर्दछन् । यो गीत गाएर नाच्ने क्रममा सेतो फरियामा चोलो जोडिएको पोशाक लगाइन्छ । प्राचीन वीरगाथा महाभारत गाथासमेत हुड्केली गीतमा अभिव्यक्त गरिएको हुन्छ । यो गीत विभिन्न देवीदेवताको स्तुतिबाट शुरु गरिन्छ । जस्तै :-

भारत (हुड्केलीको) नमुना
रानीमौला को भारत
उधउधकारकी बधुबधुकार
बधुबधुकारी धमधमाकार
प्रथम द्यौराजाकी सातरानी मौला
सातरानीमौलामै की रानीमौला जेठी
छ रानी प्रथमा द्यौकी पुतली होइगइन
देवताको नाउले मौलाज्यूले ढुङ्गामुडा पूज्यो
तिरथैका नाउले खोलीरोडी नायो
भोका जती मौलाज्यूले बीरुडी खुवायो
तिस्या जती मौलाज्यूले दुध पिलायो .....आदि । (बिनाडी, २०७४ : ३८) ।

### (७) घरगीत

घरगीत विभिन्न चाडपर्वमा घरआँगन वा मन्दिर परिसरमा गाइने परम्परित गीत हुन् । परम्परित गीत भएकाले घरगीतका रचनाकाल तथा रचयिता अज्ञात हुन्छ । यी गीतहरूमा नारी विषयवस्तु बढी समेटिएका हुन्छन् । त्यसैले घरगीतलाई डोटेली नारीहरूको संस्कारका ढुकढुकी मानिन्छन् । यी गीतहरू प्राय महिनाले नै गाउने गर्दछन् । हातमा हात बाँधेर गोलो आकारमा दुई वटा समूह बनाएर घुमीघुमी घरगीत गाइने र खेलिने गरिन्छ । समाजका सम्मानित व्यक्तिका अगाडि निर्धक्क गाइने यी गीतहरू शिष्ट र सभ्य मानिन्छन् । प्रेम प्रसङ्ग, साली-भिनाजुका ठट्यौली पनि घरगीतमा पाइन्छ । घरगीतमा घरका विभिन्न समस्या वा माइतका सम्झनाहरू र संस्कारहरू पनि समावेश भएका हुन्छन् । जस्तै :-

घरगीतको नमुना
उच्ची ढुङ्गी ओखड नफोड, उच्ची ढुङ्गी ओखड नफोड
(१) बावा मेरा चरकी नबोल, बावा मेरा चरकी नबोल

चरकी बोले मन फाटन्छ, मरो चरकी बोले मन फाटन्छ मेरो
बावा हाम नसीजाउला भोल, बावा हम नसीजाउला भोल । उच्ची ढुङ्गी.........

(२) इजु मेरी चरकी नबोल, इजु मेरी चरकी नबोल
चरकी बोले मन फाटन्छ मेरो, चरकी बोले मन फाटन्छ मेरो
इजु हमु नसीजाउला भोल इजु हाम नसीजाउला भोल । उच्ची ढुङ्गी.......

स्रोत व्यक्ति : सरुलीदेवी भट्ट, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## ३.२.२ परिवेश सिर्जित गीत

परिवेश सिर्जित गीत परिवेशअनुसार सिर्जना गरेर गाइने गीतहरू हुन् । यी गीतमा परम्परागत गीतमा झै उही गीतहरू मात्र दोहोरिँदैनन् । यस्ता गीतहरू गाउने परम्परा पहिलेदेखि रहेको पाइन्छ । परिवेश सिर्जित गीत गीतारूले परिवेश, ठाउँ, समयअनुसार तत्काल गीत जोडेर गाइन्छन् । त्यसैले परिवेशअनुसार विषयवस्तु पनि फरक हुन जान्छ । परिवेश सिर्जित गीतअन्तर्गत देउडा गीत, बालगीत, कर्मगीत आदि पर्दछन् ।

### (१) डेउडा गीत

डेउडा यस क्षेत्रको अत्यन्तै लोकप्रिय डोटेली लोकगीत हो । देउडाको महत्त्व र लोकप्रियताले डोटेली लोकगीतलाई राष्ट्रिय स्तरमै पहिचान र उचाइ दिन सफल भएको छ । यो गीत विभिन्न चाडपर्व, जात्रा, मेलामा समूहमा गाउँदै खेलिन्छ भने वनपाखामा एकल रूपमा पनि गाइन्छ । देउडा समूह बनाएर पैदल मिलाउँदै खेल्ने गरिन्छ । यो गीत एकल रूपमा पनि गाइन्छ । देउडा वनगीत वा वनडेउडा पनि हो भनेर लोकसाहित्यविद्हरूले भनेका छन् । यो गीत वनजङ्गलमा घाँस काट्दा, गाई-बाखा चराउँदा, एक्लो ठाउँमा विरह वा वेदना हुँदा गाउने गरिन्छ । पुरुष समूह, महिला समूह र महिला-पुरुष समूहबीच सामूहिक रूपमा पनि खेलिने देउडा माया-प्रेम, दुःख-सुख, राजनीतिक विषयवस्तु आदिमा आधारित हुन्छन् । जस्तैः-

पात् धेकैँ पालुङीजसो बान्नीका रायाको
सम्झन्छौकी बिसरीग्या चिउणी माम खायाको
वर्षा बाँझै हिउन बाँझै पाटनको सेरो
धित मऱ्यो न धर्म रयो साइका लाग्दा मेरो

स्रोत व्यक्ति : रामबहादुर बोहरा, बोगटान गाउँपालिका-५, धिर्कामाडौं

### (२) कर्मगीत

कर्मगीत काम गर्दा मनोरञ्जनका साथै काममा उत्साह प्रदान गर्नका लागि कुनै खास परिवेशमा मात्र गाइने गीत हुन् । यी गीत एकोहोरो रूपमा काममा लागिरहँदा उराठ र दिक्क लाग्ने भएकाले कामसँगै मनोरञ्जनका लागि गाइन्छन् । यस्ता गीतहरूले एकछिन भए पनि कामको थकान मेटेको महसुस गरिन्छ । कर्मगीत कामै पिच्छे फरक-फरक रचना गरी गाइन्छ । जस्तै : -

नयाँ घरका ठूल्ठूला काठहरू ल्याउँदा वा खोलामा पुल हाल्दा गाइने गीत

ए लाग लाग भाइयौ

ए तान तान ज्वानौ हम्म

जोरले तान हम्म

हस्ते ज्वानौ हम्म

ए मोटा पाखुडा हम्म

ए मोटा जागडा हम्म

ए लाग लाग हम्म

ए समतै सल्लो हम्म

ए म नै गल्लो हम्म

ए समतै सल्लो हम्म

ए हामी नै गल्ला हम्म आदि ...

स्रोत व्यक्ति : टेकराज अवस्थी, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### (३) बालगीत

बालगीत स-साना बालबालिकालाई खेलाउँदै गरेको बेला र त्योभन्दा ठूला बालबालिकाहरू खेल्ने क्रममा गाइने गीत हुन् । यी गीत स-साना बालबालिकालाई फकाउने क्रममा, सुताउँदा अभिभावकले गाउने गर्छन् । बालगीतहरू समयअनुसार फरक हुने गर्दछन् । जस्तै :-

बालक फकाउँदा गाइने बालगीत

घुघुती बाबा

तेरा मामा काँग्या

बुढी हाट

तुखीलाई के ल्याउन्या

गुढचिउणा

स्रोत व्यक्ति : कृष्णबहादुर बोहरा, बोगटान गाउँपालिका-५, धिर्कामाडौं

## ३.६ निष्कर्ष

लोकगीतलाई लोकअभिव्यक्तिको सबैभन्दा लोकप्रिय र उत्कृष्ट विधा मानिन्छ । लोकसाहित्यका दृष्टिले समृद्ध डोटी जिल्लामा लोकसाहित्यसँग सम्बन्धित विभिन्न सामाजिक संस्कार, संस्कृतिहरू प्रचलनमा रहेका छन् । जात्रा, पर्व, उत्सव आदि विभिन्न अवसरहरूमा डोटेली लोकगीतका माध्यमबाट यहाँका मानिसले आफ्ना मनका अनुभूतिहरू पोख्ने गर्दछन् । यस्ता गीतमा समाजका संस्कार, रितिरिवाज, भेषभुषा तथा जनजीवनको प्रतिविम्ब पाइन्छ । यी गीतहरू मेला, चाडपर्व आदि विभिन्न अवसरहरूमा गाइन्छन् । डोटेली लोकगीतअन्तर्गत पर्ने र शुभकार्यको शुरुवात तथा संस्कार सम्पन्न गर्ने बेला गाइने संस्कार गीतको पनि छुट्टै महत्त्व रहेको छ । काव्यात्मक र मधुर लयमा आधारित हुने फाग, चैत, भुवो, चैत, धमारी, घरगीतहरूमा डोटेली मौलिकता पाइन्छ । डोटेली लोकगीतहरूमा यहाँको मौलिकता तथा नारी-पुरुषको जीवनगत अनुभूति अभिव्यक्त हुने हुनाले यी गीतहरू महत्त्वपूर्ण छन् ।

# चौथो परिच्छेद

# डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूको अध्ययन

## ४.१ विषयपरिचय

यस परिच्छेदमा मानिसको जीवनसँग सम्बन्धि सांस्कारिक क्रियाकलाप गर्दा डुम्राकोट क्षेत्रमा गाइने फागहरूको सैद्धान्तिक अध्ययन, विश्लेषण गरिएको छ । यस अध्यायमा उल्लेख भएका सांस्कारिक फागगीतहरूलाई लोकगीतका तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ । विभिन्न विद्वान्हरूले लोकगीतको संरचनामा कथ्य, भाषा, चरन वा पद, स्थायी र अन्तरा, रहनी र कथन, लय र भाका तथा नृत्य र बाध्य तत्त्व पाइने उल्लेख गरेका छन् । केही विद्धान्ले लोकगीतमा विषयवस्तु, भाषा, भाव वा सन्देश, लय वा भाका, स्थायी र अन्तरा, रहनी र थेगो, नृत्य र बाजा हुने उल्लेख गरेका छन् । विभिन्न विद्धान्हरूका मतलाई अध्ययन गर्दा डोटेली लोकगीतअन्तर्गत पर्ने सांस्कारिक फागहरूलाई लोकगीतका तत्त्व विषयवस्तु, भाषाशैली, सन्देश वा भाव, लय वा भाका, स्थायी वा अन्तराका आधारमा विश्लेषण गर्न सकिन्छ ।

## ४.२ सांस्कारिक फागहरूको अध्ययन

फागगीत देवीदेवताको स्तुतिका साथै मानव जीवनका विभिन्न सांस्कारिक एवम् माङ्गलिक अवसरहरूमा गाइन्छन् । फाग परम्परित गीत हुन् र यी गीत देवस्तुतिपरक हुन्छन् । डोटी जिल्लामा फाग गीतलाई मागल, सगुन पनि भनिन्छ । हरेक माङ्गलिक कार्यको शुभारम्भमा फाग गीत गाउने चलन डोटेली समाजमा रहेको छ । देवीदेवताका विशेष पूजाआजा तथा मानिस जन्मदेखिका संस्कारमा माङ्गलिक कार्यको सफलताको कामनासहित नारीहरूले फागगीत गाउने गर्दछन् । यस परिच्छेदमा मानिस जन्मेपछि शुरु हुने विभिन्न सांस्कारिक कार्यमा गाइने फागलाई विषयवस्तु, भाषाशैली, सन्देश वा भाव, लय वा भाका र अन्तराका आधारमा अध्ययन गरिएको छ ।

## ४.३ सगुन

### ४.३.१ विषयवस्तु

सगुन जुनसुकै पनि माङ्गलिक कार्यको शुरुमा गाउने गरिन्छ । सगुन गाएरमात्र माङ्गलिक कार्यको प्रारम्भ गर्ने प्रचलन रहेको छ । प्रस्तुत सगुनमा शुभलगन प्राप्तिका लागि सुरुमा देवीदेवतालाई पुकारिएको विषयवस्तु रहेको छ । कुन देव अर्थात् देवता सगुन देलान् र कुन देवता लगन वा साइत देलान् भन्ने प्रसङ्गमा सरस्वती सगुन दिन्छन् र बृहस्पति साइत दिन्छन् भनिएको छ । यस फागमा सरस्वती र बृहस्पतिले दिएको लगन र साइत उत्तम भएको कुरा उल्लेख गरिएको छ । यसैगरी श्रृखण्डको रुखमाथि बसेको काली कोईलीसँग पनि शुभ लगन र साइत माग्दा कोईलीले आफ्नो चुच्चोलाई सुनले बेरेमा लगन दिने भनेको प्रसङ्ग पनि प्रस्तुत फागमा छ । अन्त्यमा भगवान्को सन्देश वाहकका रूपमा कोईलीले लगन दिएको तथा लगन र शुभ साइत पाएकोमा प्रशन्नता व्यक्त गरिएको छ । शुभसाइतमा गरिएको कार्यको शुभफल प्राप्त हुने भाव यसमा रहेको छ ।

### ४.३.२ भाषाशैली

प्रस्तुत फागमा डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा बोलिने भाषाको प्रयोग भएको पाइन्छ । यो फाग सरल र सुवोध्य रहेको छ । यो फागकै लयमा गाइन्छ ।

| **डोटेली भाषाका शब्द** | **नेपाली अर्थ** |
|---|---|
| को देउ | कुन देवता |
| लगन | शुभसाइत |
| दिना | दिन्छन |
| निका | राम्रो |
| परसन्न | प्रशन्न |
| मझौली | बीचमा |
| बासन्नी | बास्नु |
| चुचुणी | चुच्चो |
| पोख | प्वाँख |
| कसा | कस्ता |
| आजैखी | आजका दिन |
| पायाँ | पाएँ |

## ४.४ गणेशको पूजनको फाग

### ४.४.१ विषयवस्तु

कुनै पनि शुभकार्य गर्दा सगुन बोलेपछि भगवान् गणेशको पूजा गर्ने गरिन्छ । यो फाग विभिन्न शुभकार्य शुरु गर्दा भगवान् गणेशको पूजा गर्ने बेला गाइन्छ । यस फागको शुरुमा गणेशको कुन ठाउँमा जन्म भएको र कहाँ पूजा भएको भन्ने सन्दर्भ उल्लेख गरिएको छ । यहाँ काशी कुम्भमा गणेश उब्जिएको र जग्गे (मण्डपमा) पूजा भएको प्रसङ्ग आएको छ । यस फागमा गणेश पूजनका क्रममा ब्राह्मणद्वारा आफ्ना यजमानलाई आँप, पिपलका पात र गङ्गाजीको जलले कलश भर्नु, पहेँलो पिठायो तथा सालका पातमा ल्याएको अक्षताले कलशको पूजा गर्नु भन्ने सन्दर्भ रहेको छ । यसैगरी यस फागमा भगवान् गणेशले आफू मथुरा नगरमा उब्जिएको र मण्डपबाट पूजा सुरु भएको हो भनेको प्रसङ्ग विषयवस्तुका रूपमा रहेको छ । यस फागमा हरेक माङ्गलिक कार्य सफलतापूर्वक सम्पन्न गर्न र शुभफल प्राप्तिका लागि शुरुमा गणेश भगवान्को पूजा गर्नुपर्छ भन्ने सन्देशका रूपमा रहेको छ ।

### ४.४.२ भाषाशैली

यस फागमा डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा बोलिने भाषाको प्रयोग भएको छ । यो फागकै लयमा गाइएको छ । यसमा उबज्या निबज्या र उबज्यौं निबज्यौं शब्द अन्तराको रूपमा प्रयोग भएका छन् ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| काँ | कुन ठाउँ |
| उबज्या | जन्मिएको |
| पुजना | पुजिने |
| उदी | तलतिर |
| उभी | माथितिर |
| जजमानौ | यजमान |
| भराउ | भर्नु |
| गया | जानु |
| जग्गे | मण्डप |
| तिनुइले | तिनले |

## ४.५ कलश पूजाको फाग

### ४.५.१ विषयवस्तु

कलशको पूजा पनि माङ्गलिक कार्यको शुभारम्भमै गरिन्छ । शुभ साइतमा पिपलका पात, आँपका पात गोबरले कलशमा टाँसेर भरिएको कलशलाई भगवान्‌को प्रतीकका रूपमा लिइन्छ । यस फागमा सुन, चाँदीले मोडेको कलश घरभित्र सूर्यको किरणझैँ चम्किएको र त्यही कलशको पूजा भइरहेको उल्लेख छ । यस फागमा घरभित्र शुभकार्यका लागि गणेश, कलश, मातृकाको पूजा भइरहँदा घरबाहिर पञ्चेवाजा बजेको सन्दर्भ पनि आएको छ ।

### ४.५.२ भाषाशैली

यस फागमा डोटेली भाषाको प्रयोग भएको छ । यसमा स्थानीय स्तरमा प्रचलित ठेट शब्दहरूको प्रयोग भएको हुनाले डोटेली भाषाको जानकारी नभएका मानिसलाई भने बुझ्न गाह्रो रहेको छ ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| सुरीजैखी | सूर्यको |
| मोड्या | मोड्नु |
| बाइर | बाहिर |
| बोलन्नाकी | बज्लान |
| पाण | घरको माथिल्लो तला |
| कसी | कस्तो |
| धौला | सेता |
| मुइरे | मैले |

## ४.६ वेदी पूजनको फाग

### ४.६.१ विषयवस्तु

कुनै पनि शुभकार्य गर्नुअघि भगवान्‌लाई खुशी बनाउन चामलको पिठो र विभिन्न किसिमका रङहरू मिलाएर निर्माण गरिने कलात्मक सङ्केत वेदी हो । वेदी बनाउँदा नवग्रह तथा भगवान्‌को पूजा हुने भएकाले त्यसो गरेमा भगवान् खुशी हुन्छन् भन्ने जनविश्वास

रहेको छ । प्रस्तुत फागमा वेदी पूजनका बेला देवीमातासँग शुभफलको भोग मागिएको विषयवस्तु पनि उल्लेख छ । यस फागमा वेदी बनाउँदा शरीर नहल्लाउनु, आँखा नझिम्क्याउनु, परेवाको जस्तो नजर लगाए बनाउनु भन्ने सन्दर्भ रहेको छ । यसमा ब्राह्मणलाई पूर्व दिशाको आशनमा राखेर चार ब्रह्मा, तेत्तीस कोटी देवताको पूजाआजा गरिएको विषयवस्तुका रूपमा आएको छ ।

### ४.६.२ भाषाशैली

यस फागमा डोटी डुम्राकोटको ग्रामीण क्षेत्रमा प्रचलित भाषाको प्रयोग भएको छ ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| वण | वरको रुख |
| झाणमुनि | झाडमुनि |
| तिनुइले | त्यसले |
| तिनुमाझ | त्यसमध्ये |
| धार | कपडाको छेउको भाग |
| आस | आउनुहोस् |
| लेय | ल्याउनु |
| डल्काउनु | हल्लाउनु |
| माथो | शिर |
| वेदु | वेद |
| झिम्काय | निदाया |

## ४.७ पितर निउताको फाग

### ४.७.१ विषयवस्तु

शुभकार्य गर्दा दिवङ्गत भएका पितृको पूजन गर्नु पनि महत्त्वपूर्ण मानिन्छ । यस फागमा दिवङ्गत भएका पितृहरूको स्मरण गरेर कार्यसफलताका लागि आर्शिवाद मागिएको हुन्छ । शुभकार्य शुरु गर्दा मैले गरेको कार्य सफल होस् भनि दिवङ्गत भएका पितृसँगको आग्रह यी फागहरूको विषयवस्तुको रूपमा रहेको हुन्छ । प्रस्तुत फागको शुरुमा घरको माथिल्लो तलामा सुनको दियोमा बत्ती बलिरहेको र बत्ती बलेको देखेर सबै पितृ ब्यूँझेलान् भन्ने प्रसङ्ग रहेको छ । यस फागमा सुगालाई पितर निम्ता दिन जान भनिएको र सुगाले

पितृको नाम, बस्ने गाउँ, जाने बाटो थाहा नभएको भनेको प्रसङ्ग आएको छ । यस्तै पितृ बस्ने ठाउँ स्वर्ग लोक भएको र सुनको भऱ्याङबाट गएर निम्तो दिएर आउन भनिएको कुरा फागको विषयवस्तुका रूपमा आएका छन् । प्रस्तुत फागमा पृथ्वीलोकमा आफ्ना परिवारजनले आफूलाई सम्झेको, बत्ती बलेको र शङ्खघण्ट बजेको देखेर पितृहरू खुशी भएको अभिव्यक्ति उल्लेख छ । यस फागमा कुनै पनि शुभकार्य गर्दा दिवङ्गत भएका पितृलाई खुशी बनाएमा शुभकार्य सफल हुन्छ, पितृहरूको सम्मान गर्नुपर्छ भन्ने सन्देश पाइन्छ ।

### ४.७.२ भाषाशैली

यो फाग प्रश्नोत्तरात्मक भाषाशैलीमा संरचित रहेको छ । शुभकार्यकर्ताले पितृलाई निम्तो दिएर आउन सुगालाई आग्रह गरेको र सुगाले पितृ बस्ने गाउँ, ठेगाना सोधेको विषयवस्तु प्रश्नोत्तरात्मक शैलीमा अभिव्यक्त भएको छ । यस फागमा डोटी डुम्राकोट क्षेत्रमा बोलिने भाषिकाको साथै हिन्दी भाषाको पनि प्रभाव रहेको पाइन्छ । यस फागमा हिन्दी भाषाका शब्दहरू पनि प्रयोग भएका छन् ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| उची | अग्लो |
| पाणैखी | घरको माथिल्लो तला |
| नाचलो | नाच्ला |
| बिउझ्या | ब्यूँझिनु |
| निउतो | निमन्त्रणा |
| जान्या | थाहा पाएँ |
| तमराइ | तपाईको |
| भन्थ्या | भनेको थिएँ |
| रूपइखी | रूपको |
| नाउ | नाम |
| उसैघरी | उही घर |
| दोया | दुहेको |

**हिन्दी भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| भउतै | धेरै |
| पौची | पुग्यो |

## ४.८ आरती गर्ने बेला गाइने फाग

### ४.८.१ विषयवस्तु

आरतीका फागमा धार्मिक विषयवस्तुको प्रयोग भएको हुन्छ । यो फाग देवी, राम, गरुड, अष्टकोटी दाता, सत्यदेवी माता, नवरत गङ्गा, दशरथ, महादेव, राम, लक्ष्मण, सीता आदिको स्तुतिमा समर्पित भएको पाइन्छ । यस फागमा रामजीको सेवाका लागि आरती बनाइएको, आरती सुन्नेको बैकुण्ठ बास हुने र आरती भन्नेको उत्तम कुल हुने विषयवस्तु रहेको छ । हरेक माङ्गलिक कार्यको पूजनपछि आरती गर्ने चलन रहेको छ । आरतीका फागमा पापको बन्धनबाट मुक्त गराइदिन भगवान्सँग प्राथना गरिएको प्रसङ्गसमेत उल्लेख छ । आरती जगाउने बेला शङ्खघण्ट बजाइने गरिन्छ । यस फागमा देवीदेवताको आराधना गर्नाले उत्तम कुल हुने र बैकुण्ठ बास हुन्छ भन्ने भाव पाइन्छ ।

### ४.८.२ भाषाशैली

स्थानीय भाषिकाको प्रयोग गरी गाइने यस फागमा संस्कृत भाषाको पनि प्रभाव रहेको पाइन्छ । पञ्चम, एघरम्म, बरम्म, चौधम्मजस्ता संस्कृत र संस्कृत भाषाबाट अपभ्रंश भएर आएका शब्दहरू यस फागमा प्रयोग भएका छन् ।

| **डोटेली भाषाका शब्द** | **नेपाली अर्थ** |
|---|---|
| गुवाला | गोठाला |
| तेतीय | तेस्रो |
| अरन | गर्नु |
| सरपै | सबै |
| तमु | तपाई |
| होइजाला | होला |

## ४.९ षष्ठी पूजाका फाग

### ४.९.१ मण्डप बनाउने बेला गाइने फाग

#### ४.९.१.१ विषयवस्तु

षष्ठी पूजा डोटीको डुम्राकोट क्षेत्रमा प्रचलित जन्मेदेखि विवाहसम्मका संस्कारमध्ये सबैभन्दा पहिले गरिने सांस्कारिक कर्म हो । यसलाई स्थानीय भाषामा छैँठी पनि भन्ने

गरिन्छ । यस क्षेत्रमा बालकको मात्र षष्ठी पूजा गर्ने प्रचलन रहेको छ । यस फागको शुरुमा पुरुषलाई षष्ठी पूजाका लागि मण्डप बनाउन घर आँगनको शुद्ध माटो ल्याउन भनिएको विषयवस्तु रहेको छ ।

### ४.९.१.२ भाषाशैली

प्रस्तुत फागमा डोटीको डुम्राकोट क्षेत्रमा प्रचलित डुम्राकोटेली भाषिकाको प्रयोग भएको छ । यस फागमा अन्तराको प्रयोग नभए तापनि मेधनैको माटी कोरी मन्दिर वा मण्डप बनाउने भन्ने वाक्य दोहोरिएकाले यो फाग श्रृतिमधुर बनेको छ । यसको भाषाशैली सरल, सहज र सुवोध्य छ ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| ल्यान | लिएर आउ |
| अङौठी | औँठी |
| इजु | आमा |
| लेउन्छु | ल्याउँछु |
| पछेलाइमी | अञ्जुलीमा |
| बानेइ | बाँध्नु |
| केउ | किन |
| लिसिनीमुनि | भऱ्याङमुनि |
| कोरी | खन्नु |
| अरु | गर्नु |
| चाउणी | फैलनु |

## ४.९.२ बालकलाई मण्डपमा ल्याउने बेला गाइने फाग

### ४.९.२.१ विषयवस्तु

यो फाग छैंठी पूजा गर्न बालकलाई मण्डपमा लैजाने क्रममा गाइने गरिन्छ । यस फागमा पूजाका लागि मण्डमा बस्दा बालकको दायाँतिर आमा र बायाँतिर बुवा बसेको, बालकले लुगा लगाएको प्रसङ्ग पाइन्छ । यसमा बालकको लगनको दिन आएकाले शुभलगनमा लुगा, हरियो दुबो पहिरिन भनिएको तथा बालकलाई भाग्यमानी हुनु भन्ने कामना गरिएको हुन्छ । षष्ठी पूजाका फागमा बालक जन्म दिने बेला आमाले भोगेको कष्ट,

पीडा पनि विषयवस्तुका रूपमा आएको हुन्छ । फागका माध्यमबाट षष्ठीको दिन बालकले आमालाई किन निराश हुनुहुन्छ भनेर सोधेको र आमाले आफ्नो छोराको न्वारन, अन्नप्रासन, विवाहजस्ता कार्य भएपछि आफू खुशी हुने कुराको अभिव्यक्ति गरिएको छ । यस फागमा आमाले बालक जन्माउँदा भोग्नु परेको पीडा बालकको भविष्य हेरेर भुल्ने प्रयास गरेको प्रसङ्ग पनि आएको छ । यस फागमा बालकको सौभाग्यको कामना गर्नु भावको रूपमा रहेको छ ।

### ४.९.२.२ भाषाशैली

प्रस्तुत फागमा डोटीको डुम्राकोट क्षेत्रमा प्रचलित डुम्राकोटेली भाषिकाको प्रयोग भएको छ । आमा र छोराबीचको सम्वाद प्रश्नोत्तर शैलीमा व्यक्त भएको छ ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| बालाइखी | छोराको |
| दाइनी | दायाँ |
| बाउतिर | बायाँ |
| पितु | पिता |
| माझैना | बीचमा |
| पैर | लगाउ |
| आङै | शरीर |
| सुतना | कपडा |
| शिरमीखी | शिरको |
| हरियोणु | हरिया |
| भयइ | भयै |
| मनुरी | उदास |
| आलो | आउला |
| होली | होला |

## ४.१० न्वारनमा गाइने फाग

### ४.१०.१ मेखलो पहिऱ्याउने बेला गाइने फाग

#### ४.१०.१.१ विषयवस्तु

न्वारन माानिस जन्मेपछिका गरिने सुरुका कर्ममध्येको महत्त्वपूर्ण कर्म हो । यो कार्य जन्मेको दश दिनमा शुभ साइत हेरेर गरिन्छ । न्वारनको दिन ब्राह्मणले नवजात शिशुको नाम राख्ने गर्दछन् । प्रस्तुत फागमा न्वारनका दिन पूजापाठ गर्नुअघि बालकलाई लुगा लगाउँदा गाइएको र बालकको शुभ दिन, शुभ लगन आएको विषयवस्तु रहेको छ । न्वारनको लगन रहेकाले आङको लुगा, रुद्राक्ष, शिरको टोपी पहिरिन भनिएको छ ।

#### ४.१०.१.२ भाषाशैली

प्रस्तुत फागको भाषाशैली सरल र सहज छ । यो फागमा डोटी डुम्राकोटको ग्रामीण क्षेत्रमा बोलिने भाषाको प्रयोग भएको छ । पैर बाला पैर र लगनैखी बार भन्ने शब्द अन्तराका रूपमा आएका छन् ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| सुनन | सुनको |
| तमी | तपाई |
| इजु | आमा |
| बालाइखी | छोराको |
| व्रतीमण्ण | व्रतबन्ध |
| बरि | विवाह गरेर |
| ल्यालो | लिएर आउला |
| बार | समय |
| लगनैखी | लगनको |

### ४.१०.२ नाम सुनाउने बेला गाइने फाग

#### ४.१०.२.१ विषयवस्तु

न्वारनका दिनको सबैभन्दा महत्त्वपूर्ण कार्य बच्चाको नाम सुनाउनु हो । यस दिन सबैभन्दा पहिले गरिने पूजापाठको कार्य सकिएपछि ब्राह्मणले नाम सुनाउने गर्दछन् । यो

फागमा ज्योतिषी हेरेर जुरेको नाम ब्राह्मणले बच्चाको कानमा सुनाउने बेला गाइन्छ । यो फागमा पिपल र आँपका पातको पिपिरी बनाएर ब्राह्मणले बच्चाको कानमा नाम भन्ने र त्यसपछि बुवा, आमालगायत आफन्तजनले यही प्रकृयाबाट नाम सुनाउने गरेको सांस्कारिक विषयवस्तु रहेको छ ।

### ४.१०.२.२ भाषाशैली

यस फागमा डुम्राकोट क्षेत्रको जनजीवनमा प्रचलनमा रहेका शब्दहरू प्रयोग भएकोले सरल, सहज भाषाका साथै प्रश्नोत्तरात्मक शैलीको प्रयोग भएको छ । नाम सुनाउने बेलाको विषयवस्तु प्रश्नोत्तर शैलीमा अभिव्यक्त गरिएको छ ।

**डोटेली भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| केहाँका | केको |
| पातखी | पातले |
| कनुइले | कसले |
| नाउ | नाम |

## ४.१०.३ टीका लगाउने बेला गाइने फाग

### ४.१०.३.१ विषयवस्तु

यस फागमा बच्चाको न्वारन भइसकेपश्चात टीका लगाउने बेलाको विषयवस्तु समावेश रहेको छ । यसमा टीका लगाउने बेला बच्चाले आफ्ना बुवासँग सुनको पैसा मागेको र त्यो पैसा दिएर आमा, बुवा, काका, काकी, मामा, माइजुलाई ढोग गरेर आर्शीवाद माग्छु भनेको प्रसङ्ग आएको छ । डोटीको डुम्राकोट क्षेत्रमा न्वारन गर्ने सांस्कारिक पद्दति पनि यस फागमा झल्किएको पाइन्छ ।

### ४.१०.३.२ भाषाशैली

प्रस्तुत फागमा डोटेली भाषाको प्रयोग छ । यस फागमा बालकको भनाइ एकलापिय शैलीमा अभिव्यक्त भएको छ । यस फागमा अद्दो, लेय, मुइरेजस्ता ग्रामीण क्षेत्रमा प्रचलनमा रहेका शब्दहरू प्रयोग भएका छन् । यस फागमा रूपयाँ र ढोग शब्द अन्तराका रूपमा प्रयोग भएका छन् ।

**डोटेली भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| लेय | ल्याउ |
| सुनन | सुनको |
| रूपयाँ | रूपैयाँ |
| अद्दो | गर्छु |

## ४.११ अन्नप्रासन गर्ने बेला गाइने फाग

### ४.११.१ विषयवस्तु

यो फाग आमाको दुधमा निर्भर रहने बच्चालाई पहिलो पटक अन्न खुवाउन शुरुवात गर्ने बेला गाइन्छ । बच्चा जन्मेको ६ महिना पुगेपछि अन्नप्रासन गर्ने संस्कार डोटेली समाजमा रहेको छ । यस फागमा बालकलाई भात, खीर, दही-केरा, लड्डु, पेडाजस्ता मीठा-मीठा खाने कुरा खाउ भनेर भनिएको विषयवस्तु उल्लेख छ । अन्नप्रासनका बेला गाइने फागमा अन्न चखाउने शुभ बार र लगन आएकाले खानेकुरा खाउ भन्ने प्रसङ्ग रहेको छ । यस फागले बच्चा हुर्कदै गएपछि आमाको दुधसँगै अन्य खानेकुरा आवश्यक पर्छ भन्ने सन्देश पनि दिन खोजेको छ । यसका साथै यस फागमा छोराको व्रतबन्ध भएपछि र विहे भएपछि आफू खुशी हुन्छु भन्ने आमाको भाव पनि व्यक्त भएको छ । बच्चा जन्मेदेखि विवाहअघिसम्म गरिने हरेक सांस्कारिक कार्यका फागमा आमाले आफ्नो बच्चाका त्यसपछिका कार्यहरू सम्पन्न भएमा आफू खुशी हुने भनेर भनेको मातृहृदयको भाव व्यक्त भएको पाइन्छ ।

### ४.११.२ भाषाशैली

यस फागमा डोटेली भाषाको प्रयोग भएको छ । खान बाला र तेरी आइछ लगनैखी बार भन्ने वाक्यांश अन्तराका रूपमा आएका छन् । प्रस्तुत फागमा प्रश्नोत्तरात्मक शैली प्रयोग भएको छ ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| लगनैखी | लगनको |
| मनक्या | मनकी |
| मनुरी | उदास |
| केलाजसो | केराजस्तो |
| माउणी | मौलाउनु |
| चाउणी | फैलनु |
| तुरे | तिमी |
| आइछ | आएको छ |
| तमी | तपाई |
| इजु | आमा |
| केला | केरा |

## ४.१२  चूडाकर्ममा गाइने फाग

### ४.१२.१  विषयवस्तु

प्रस्तुत फाग सामाजिक तथा धार्मिक विषयवस्तुमा आधारित रहेको छ । यो फाग बालकको कपाल पहिलो पटक काट्ने बेला गाइन्छ । यस फागमा बालकले पहिलो पटक काट्न लागिएका आफ्ना कपाल भुँइमा झर्न नदिनका लागि थालमा थाप्न आफ्ना आमा-बुवालाई आग्रह गरेको विषयवस्तु उल्लेख छ । सुन, चाँदी, पित्तल र लुहा (फलाम) को छुरीमध्ये सबैभन्दा जेठो मानिएको लुहाको छुरीले कपाल काट्न, काटिएका कपाल सुनको थालमा थाप्न र ती कपाल हरिद्धार लगेर पवित्र नदी गंगाजीमा बगाउनु भन्ने बालकको एकालापिय अभिव्यक्ति फागमा गरिएको पाइन्छ । यस फागमा कपाल काट्ने क्रममा शिरमा घाउ नलगाउन र घाउ लगाएमा कपाल काट्ने मान्छेलाई दण्ड तिराउने भनिएकाले कपाल काट्दा सावधानी अपनाउन भनिएको प्रसङ्ग रहेको छ ।

### ४.१२.२ भाषाशैली

प्रस्तुत फागमा बालकले आफ्ना बुवालाई विभिन्न विधिपूर्वक मेरा कपाल काट्नु भन्ने आग्रह डोटेली भाषाका माध्यमबाट गरिएको छ । यसमा छोड इजु भन्ने शब्द अन्तराका रूपमा प्रयोग भएको छ ।

**डोटेली भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| तति | त्यति |
| लेय | ल्याउनु |
| तनुइले | तिनले |
| निउताउ | काटौं |
| माभ्कैकी | मध्ये |
| छोड्नु | थाप्नु |
| जोला | जोडा |
| डण्न | दण्ड |
| जनलाया | नलगाउनु |

## ४.१३ व्रतबन्धमा गाइने फाग

### ४.१३.१ कपाल खौरने बेला गाइने फाग

#### ४.१३.१.१ विषयवस्तु

डोटेली समाजमा व्रतबन्धका बेला कपाल खौरनु अनिवार्य मानिन्छ । चूडाकर्म र व्रतबन्धको संस्कारमा कपाल काट्दा गाइने फागको विषयवस्तुमा समानता पाइन्छ । चूडाकर्मका बेला कैंचीले काटेर कपाल केही छोटो मात्र पारिन्छ भने व्रतबन्धका बेला पुरै कपाल खौरने परम्परा डोटेली समाजमा रहेको छ । यस फागमा पनि बालकले काटिएका आफ्ना कपाल भुँइमा खस्न नदिन सुनको थाल र कोरो कपडामा थाप्न आफ्नी आमालाई आग्रह गरिएको विषयवस्तु रहेको छ । बुवाले पालेका र आमाले कोरेका कपाल खौरेर भुँइमा नफाल्न भनिएको प्रसङ्ग यहाँ रहेको छ । यस फागमा डोटेली समाजमा कपाल काट्दा गर्नुपर्ने सांस्कारिक कार्यको सन्देश पनि रहेको पाइन्छ ।

#### ४.१३.१.२ भाषाशैली

प्रस्तुत फागगीतमा डोटी डुम्राकोट क्षेत्रमा बोलिने भाषाको प्रयोग भएको छ । यस फागमा बालकको अभिव्यक्ति एकालापिय शैलीमा व्यक्त गरिएको छ । फागमा छोड इजु र इनु केश भुँइया जनफाल्या वाक्यांश अन्तराका रूपमा प्रयोग भएका छन् ।

**डोटेली भाषाका शब्द     नेपाली अर्थ**

| | |
|---|---|
| कोरन | चोखो कपडा |
| भुइङ्या | भुँइमा |
| जनफाल्या | नफाल्नु |
| नाउत | नुहाउनु |
| लेय | ल्याउनु |
| जनलाया | नलगाउनु |
| छोड | थाप्नु |

## ४.१३.२ जनै धारण गर्ने बेला गाइने फाग

### ४.१३.२.१ विषयवस्तु

जनै धारण गर्नुअघि सगुन गाउने गरिन्छ । यस फागको शुरुमा नै भगवान्लाई सम्झिदै लगन मागिएको छ । लगन माग्ने क्रममा सरस्वतीले सगुन दिने र वृहस्पतिले लगन दिने कुरा उल्लेख भएको पाइन्छ । यस फागमा सगुन दिने बेला कोइलीलाई शुभ साइतको प्रतीक मान्दै लगन मागिएको र कोइलीले आफ्नो चुच्चो सुनले बेर्नेलाई लगन दिने भनेको कुरा विषयवस्तुका रूपमा रहेको छ ।

### ४.१३.२.२ भाषाशैली

यो फाग डोटी डुम्राकोट क्षेत्रमा प्रचलनमा रहेको हुँदा यसको भाषा पनि डोटेली नै रहेको छ । यस फागमा भरियो लगन भन्ने शब्द अन्तराका रूपमा प्रयोग भएको छ ।

**डोटेली भाषाका शब्द     नेपाली अर्थ**

| | |
|---|---|
| चुचुणी | चुच्चो |
| दिन्या | दिने |
| निका मन | राम्रो मनले |
| पङ्ख | प्वाँख |
| भेडाउ | बेर्नु |

## ४.१३.३ गायत्री मन्त्र सुनाउने बेला गाइने फाग

### ४.१३.३.१ विषयवस्तु

यस फागमा धार्मिक तथा सांस्कारिक विषयवस्तु व्यक्त भएको छ । यसमा गुरूजीले आफ्ना शिष्यलाई जनैधारण गर्ने क्रममा आँप, पिपल र सालका पात बेरेर बनाइएको

पिपिरीबाट कानमा गायत्री मन्त्र सुनाएको विषयवस्तुका रुपमा आएको छ । यस फागमा गुरुजीपछि बुवा, हजुरबुवाले गायत्री मन्त्र सुनाएको प्रसङ्ग उल्लेख गरिएको छ । प्रस्तुत फागमा गुरु, बुवा, बाजे आदि मान्यजनप्रति आदर, सम्मान बोकेको भाव पाइन्छ ।

### ४.१३.३.२ भाषाशैली

यो फाग डोटी डुम्राकोट क्षेत्रमा प्रचलनमा रहेको छ । त्यसैले यसमा डुम्राकोटेली भाषिकाको प्रयोग भएको छ । यस फागमा बनायो, सुनायो भन्ने शब्द अन्तराका रूपमा आएका छन् ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| पातखी | पातको |
| कनुइले | कसले |
| मन्तर | मन्त्र |
| पिपिरी | पातको बाजा |

### ४.१३.४ भिक्षु बन्ने बेला गाइने फाग

### ४.१३.४.१ विषवस्तु

यस फागमा व्रतबन्ध गर्ने व्यक्ति जनै हालेपछि भिक्षु बन्ने बेलाको विषयवस्तु रहेको छ । फागमार्फत् आमाले आफूले दुःख गरी हुर्काएको छोरा भिक्षु बन्न लाग्दा उदासिपन व्यक्त गरेकी हुन्छिन् । यहाँ भिक्षु रूप धारण गरेको आफ्नो छोरालाई भिक्षु बन्न कसले उत्प्रेरित गऱ्यो भनेर आमाले सोधेको र भिक्षु बनेको छोराले ब्राह्मण, गुरुले उत्प्रेरित गरेको भनेको प्रसङ्ग छ । यस फागमा भिक्षु रुप धारण गरी घरबार त्यागेर जान लागेको छोरालाई आमाले आफूले जन्माएर दुध खुवाएको, पालनपोषण गरी हुर्काएवाफत्को मूल्य तिरेर जान भनेको विषयवस्तु पनि रहेको छ । यसको जवाफमा छोराले हरिजी, काशीजस्ता तीर्थस्थल घुमाएर आमाको दुधको मोल तिरुँला, मलाई भिक्षु बनेर महादेवको रुपधारी भिक्षुका साथमा जान दिनोस् भन्ने आशय व्यक्त गरेका छन् । यसमा हुर्किएका आफ्ना छोराछोरी विभिन्न बाध्यता र कामविशेषले घरबाट टाढा जानु पर्दाको अवस्थामा आमाको मनमा उत्पन्न हुने भावात्मक अभिव्यक्ति पाइन्छ । यस फागले आमाको मातृहृदय र छोराको बाध्यता आमसमाजको एउटै हुन्छ भन्ने सन्देश दिन खोजेको छ ।

### ४.१३.४.२ भाषाशैली

प्रस्तुत फागको भाषाशैली सरल, सहज र सुवोध्य छ । सरल भाषाशैली प्रयोग भएकाले सुन्ने नेपाली भाषीले पनि यो फाग बुझ्न सक्छन् । भिक्षु बनेको छोरा र आमाबीचको दोहोरो सम्वाद प्रश्नोत्तर शैलीमा अभिव्यक्त भएको छ । यस फागमा अऱ्याँ, पायाँ शब्द अन्तराका रूपमा रहेका छन् ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| पाल्ला | पालन गर्न |
| पायाँ | पाएँ |
| जनपाल्या | नपाल्नु |
| दिइजा | दिएर जाउ |
| रन्या | बस्ने |
| मुरे | मलाई |

## ४.१३.५ भिक्षा मागेर घरबाट निस्कने बेला गाइने फाग

### ४.१३.५.१ विषवस्तु

सामाजिक तथा सांस्कारिक विषयवस्तुमा आधारित यो फाग बालक भिक्षुको रूप धारण गरी घर त्यागेर हिँड्ने बेलाको प्रसङ्गमा आधारित रहेको छ । आफूले पालेको, पढाएको, हुर्काएको छोरा जोगी हुन लागेको देखेर आमाको मन खिन्न हुन्छ । यसै क्रममा आमाले आफूले दुध खुवाएको, पालेको हुर्काएको मूल्य दिएर जान भन्छिन् । बुढा आमा-बुवा कसले पाल्ला भन्ने चिन्ता पनि आमाले व्यक्त गरेकी छन् । जवाफमा भिक्षु बनेर घरबार त्याग्न लागेको छोराले काशी, बनारसजस्ता तीर्थस्थल घुमाएर दुधको, पालेको मूल्य तिरुँला, आमा-बुवालाई कान्छो भाइले पाल्छ भनेर भनेको छ । यस फागमा यिनै विषयवस्तु रहेको छ ।

### ४.१३.५.२ भाषाशैली

प्रस्तुत फागम आमा र छोराबीचको संवाद प्रश्नोत्तर शैलीमा अभिव्यक्त छ । डोटेली भाषामा रहेको यस फागमा अन्य भाषाको पनि प्रभाव देखिन्छ । यस फागमा प्रयोग भएका केही शब्द हिन्दी भाषाका रहेका छन् । रोजगार लागि पुरुषहरू भारत जाने यहाँको

विगतदेखिकै परम्परा रहेको र भारतबाट फर्केर आएपछि कतिपयले हिन्दी भाषाका शब्दहरू समेत मिसाएर बोल्ने हुँदा त्यसको प्रभाव गाउँघरको बोलिचालीमा पनि पर्ने भएकाले हिन्दी भाषाको प्रभाव परेको मान्न सकिन्छ । यस फागमा लागी, मोल, जानै, बेलामा आदि शब्दहरू अन्तराका रूपमा प्रयुक्त छन् ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| बाला | छोरा |
| पालेइको | हुर्काएको |
| दिइजा | दिएर जाउ |
| दुदैको | दुधको |
| जानै | जानु |
| बसलो | बस्ला |

**हिन्दी भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| भउतै | धेरै |
| सौपी | सुम्पेर |
| बडा | ठूला |

## ४.१३.६ भिक्षु बनेर निस्केको छोरालाई आमाले फर्काउने बेला गाइने फाग

### ४.१३.६.१ विषयवस्तु

यस फागमा व्रतबन्धका क्रममा भिक्षुको रूप धारण गरी घरवार त्यागेर निस्किएको छोरालाई आमाले घर फर्किन आग्रह गरिएको विषयवस्तु छ । घरमै शिक्षादिक्षाको व्यवस्था गर्ने भनेर आमाले छोरालाई फकाउने कोशिष गर्दछिन् । काशीका पण्डितजस्ता विद्वान् बुवा, दाइ, काका हुँदाहुँदै किन काशी जान्छौ, घर फर्क भन्दा छोरा घर फर्कन तयार हुन्छ । यस फागमा भिक्षु बनेर छोरा घरबाट निस्कन खोज्नु र सम्झाएपछि आमाको मायाले घर आएको विषयवस्तु उल्लेख भएको छ । दुःख, कष्ट गरी हुर्काएको छोरा भिक्षु बनि घरबाट निस्केको प्रसङ्गमा विभिन्न बाध्यताले आफ्ना सन्तान घर छाडेर टाढा जाँदा एउटी आमाको हृदयमा उत्पन्न हुने भाव व्यक्त गर्न खोज्नु नै यस फागको मुल सन्देशका रूपमा रहेको छ ।

### ४.१३.६.२ भाषशैली

प्रस्तुत फागमा डोटी डुम्राकोटमा प्रचलित भाषाको प्रयोग भएको छ । यस फागको विषयवस्तु आमाको एकालापिय शैली व्यक्त भएको छ ।

**डोटेली भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| तुरे | तेरो |
| आइजा | आउनु |
| जसा | जस्ता |
| काउ | काका |
| लेइन | लिएर आइन |

## ४.१४ विवाहमा गाइने फाग

## ४.१४.१ दुलाहाले लुगा लगाउने बेला गाइने फाग

### ४.१४.१.१ विषयवस्तु

विवाह युवावस्थामा पुगिसकेपछि गरिने जीवनको एउटा अत्यन्त महत्त्वपूर्ण कर्म हो । युवा र युवतीबीच विवाह सम्पन्न गर्ने क्रममा विभिन्न कार्यकलाप गरिन्छन् । ती कार्यकलापमध्ये दुलाहाको घरबाट विवाह दुलहीको घरका लागि प्रस्थान गर्नुपूर्व दुलाहाले लुगा लगाउनु विवाहको पहिलो महत्त्वपूर्ण कार्य मानिन्छ । दुलाहाले लुगा लगाउने बेला गाइने यस फागमा दुलाहालाई विभिन्न शोभायमान वस्त्रहरू, रुद्रमाला, शिरफुल, शिरमाथि छत्र लगाउन भनिएको छ । दुलाहाले लगाउने हरेक लुगालाई फागमा जोडेर गाउने गरिएको पाइन्छ । यस फागमा लुगा लगाउने बेला तिम्रो शुभबार तथा विवाहको लगन आएको छ, त्यसैले लुगा लगाउ भन्ने प्रसङ्ग विषयवस्तुका रूपमा रहेको छ । यस फागले डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक कर्म विवाहमा दुलाहालाई केकस्ता वस्त्र कसरी लगाइन्छ भन्ने कुरा जान्ने सन्देश दिएको छ ।

### ४.१४.१.२ भाषाशैली

प्रस्तुत फागमा डोटी डुम्राकोटको ग्रामीण क्षेत्रमा बोलिने भाषाको प्रयोग भएको छ । यस फागमा दुलाहालाई राम्रा-राम्रा गरगहना तथा बस्त्र लगाउने प्रसङ्गमा पैर बाला र तेरी आइछ लगनैखी बार भन्ने वाक्यांश अन्तराका रूपमा प्रयोग भएका छन् ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| सुतना | कपडा |
| आइछ | आएको छ |
| गाथैको | शिरको |
| बाको | पगरी |
| तेरी | तिम्रो |

## ४.१४.२ जन्ती प्रस्थानअघि दुलाहालाई टीका लगाउने बेला गाइने फाग

### ४.१४.२.१ विषयवस्तु

यो फाग विवाह दुलाहाको घरबाट निस्कनुअघि आफन्तजनले दुलाहालाई टीका लगाउँदा गाइन्छ । दुलाहाले आफ्ना आभूषण लगाइसकेपछि दुलही लिन जानुअघि आफन्तजनसँग आर्शीवाद माग्न चाहन्छ । बुवा-आमा, दिदी, काका-काकी, दाजु-भाउजुलगायत आफन्तजनले टीका लगाएर दुलाहालाई आर्शीवाद प्रदान गर्दछन् । टीका लगाउने क्रममा दुलाहाले मलाई आर्शिवाद दिनु म दुलही लिन जान्छु भनि भनेको विषयवस्तु यो फागमा व्यक्त भएको छ। यस फागमा दुलाहाले आफ्ना मान्यजनसँग टीका लगाउँदा कसरी ढोग गर्ने र आर्शीवाद लिने भन्ने संस्कार सिकाउनु सन्देशका रूपमा रहेको छ। हरेक शुभकार्यमा आफ्ना मान्यजनको आर्शीवाद लिनुपर्छ भन्ने भाव पनि यस फागमा पाइन्छ।

### ४.१४.२.२ भाषाशैली

प्रस्तुत फागमा डोटी जिल्लाअन्तर्गत डुम्राकोट क्षेत्रमा बोलिने भाषाको प्रयोग भएको छ। यस फागको शैली एकालापमा आधारित छ। यस फागमा ढोग र रूपयाँ अन्तराका रूपमा आएका छन्।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| अद्दो | गर्छु |
| बजेइ | हजुरआमा |
| मैरे | मैले |
| लेय | ल्याउनु |
| सुनिया | सुनको |

### ४.१४.३ दुलाहाको घरबाट जन्ती प्रस्थान गर्ने बेला गाइने फाग

#### ४.१४.३.१ विषयवस्तु

यस फागको दुलाहाको घरबाट जन्ती प्रस्थान गर्ने बेला आमाले छोराप्रति गरेको अपेक्षा र विवाहका क्रममा चनाखो रहनु भनेर सम्झाएको कुरा विषयवस्तुका रूपमा रहेको छ । यसमा विवाहपश्चात छोरा घरजम गरी बस्ने र आफू एक्लो हुने भय आमाको मनमा देखिएको विषयवस्तु छ । त्यसैले आमाले आफ्नो छोरालाई आफूले पालेको, दुध दिएको, पढाएको तथा कर्म गर्न सिकाएको मोल तिरेर जाउ भन्छिन् । प्रतिउत्तरमा छोराले आमा-बुवालाई पुण्यका लागि प्रयागराज, हरिजी, काशी, वनारसजस्ता तीर्थस्थल घुमाउला, घरको काम गर्ने भान्सारी, भाडा धुने बुहारी, पानी ल्याउने पन्यारी, कपडा धुने बुहारी ल्याइ आमाको दुध र पालनपोषणको मोल तिरौँला भनेर सम्झाएको कुरा विषयवस्तुका रूपमा रहेको छ । डोटेली समाजमा विवाहको दिन दुलहीका साथीसङ्गी, साली नाता पर्ने युवतीले दुलाहाका जुत्ता लुकाउने, ख्यालठट्टा गर्ने प्रचलन छ । त्यसैले विवाह हिँड्ने बेला आमाले छोरालाई चनाखो भएर रहनु भनि सिकाएको र दुलाहाले आफूसँग जाने बुवा, साथीभाइ चनाखो होलान् भनेको विषयवस्तु पनि यस फागमा रहेको छ । प्रस्तुत फागमा छोराले आमा-बुवाको सेवा गर्ने बुहारी ल्याएर, आमा-बुवालाई धार्मिक तीर्थस्थल घुमाएर पालेको, हुर्काएको ऋण तिर्नेछु भन्नुले विवाहपछि आमा-बुवाको जिम्मेवारीप्रति उदासिन हुने छोराछोरीहरूका लागि आमा-बुवाको पालनपोषण, हेरचाह, स्याहारको दायित्व सन्तानको हो भन्ने सन्देश दिन खोजेको छ ।

#### ४.१४.३.२ भाषाशैली

प्रस्तुत फागमा डोटीको डुम्राकोट क्षेत्रमा प्रचलित भाषाको प्रयोग भएको छ । यो फाग आमा र छोराबीचको संवाद प्रश्नोत्तर शैलीमा संरचित छ । प्रस्तुत फागमा तब अरुलो पापको कट्टी भन्ने वाक्यांश अन्तराको रूपमा आएको छ ।

**डोटेली भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| इजु | आमा |
| तुइले | तपाईले |
| दुलयणा | दुलाहा |
| वइ | त्यहीँ |
| पालेइको | पालनपोषण गरेको |
| पणायको | पढाएको |
| रोस्यारी | गृहीणी |
| पन्यारी | पानी ल्याउने |
| चतुरा | चलाख |

### ४.१४.४ जन्ती दुलहीको घरमा पुग्ने बेला गाइने फाग

#### ४.१४.४.१ विषयवस्तु

यस फागमा विवाह दुलहीको घरमा पुग्ने बेलामा साथीसङ्गीले दुलहीलाई लुकाउन खोजेको विषयवस्तु रहेको छ । यसमा दुलहीलाई उसका साथीसङ्गीले जन्ती लिएर तिमीलाई चोर्ने मान्छे आएका छन्, तिमी लुक भनेपछि आमा-बुवाले विवाहको वचन दिइसकेकाले म कसरी लुकुँ भन्ने दुलहीले भनेको प्रसङ्ग आएको छ । साथै जन्ती कति टाढाबाट आएको हो, आउदा बाटोमा कति दुःखकष्ट पाएको हो, कहाँ रात परेको हो, कहाँ बस्ने हुन्, कति जना जन्ती आएका छन्, कस्ता लुगाकपडा लगाएका छन् भनि प्रतिप्रश्न गरिएको विषयवस्तु रहेको छ । ग्रामीण परिवेशको झझल्को दिने यस फागमा जन्ती दुलहीको घरमा पुगिसकेपछि दुलाहा र जन्तीलाई केकसरी स्वागत गरिन्छ र दुलहीको मनमा कस्ता कुरा खेल्छन् भन्ने विषयवस्तु अभिव्यक्त भएको पाइन्छ ।

#### ४.१४.४.२ भाषाशैली

यसको भाषाशैली सरल र सुवोध्य छ । साधारण मानिसले पनि यसलाई सहजै बुझ्न सक्ने खालको छ । डुम्राकोट क्षेत्रमा प्रचलित भाषा यसमा प्रयुक्त छ । यस फागमा पणीगैछ, टेणी, बऱ्यातजस्ता स्थानीय स्तरमा प्रचलनमा रहेका शब्दहरू प्रयोग भएका छन् ।

**डोटेली भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| पणीगैछ | परेछ |
| मुण्टो | टाउको |
| तोखी | तेरी |
| कसीअरी | कसरी |
| टेणी | बाँङ्गी |
| बऱ्यात | विवाह |
| कसतुरी | कस्तुरी |
| हटिआया | हिँडेर आए |
| बरेतीखी | जन्तीका लागि |
| कइ | कसलाई |

## ४.१४.५ खुट्टा धुने बेला गाइने फाग

### ४.१४.५.१ विषयवस्तु

सामाजिक तथा धार्मिक विषयवस्तु प्रयोग भएको प्रस्तुत फागमा डोटेली संस्कारभित्रको चलनलाई देखाउन खोजिएको छ । डुम्राकोटको ग्रामीण परिवेशमा विवाहको संस्कार दुई दिन लगाएर गरिन्छ । यसअन्तर्गत दुलहीको खुट्टा धुने काम राति गरिन्छ । यस फागमा सुतेका आफ्ना आमा-बुवा, दाजु-भाइ, काका-काकी, मामा-माइजुलगायत आफन्तलाई ब्यूँझाएर दुलहीले मेरो खुट्टा धुन भनि आह्वान गरेको विषयवस्तु पाइन्छ । छोरीको खुट्टा धोएर कन्यादान गरेमा पुण्य प्राप्त हुने, बैकुण्ठ बास हुने र कुल सप्रिन्छ भन्ने कुरा व्यक्त गरिएको छ । यस फागबाट विवाह संस्कारका क्रममा गरिने कर्मबारे जानकारी पाउन सकिन्छ ।

### ४.१४.५.२ भाषाशैली

यस फागमा डोटी डुम्राकोटको ग्रामीण क्षेत्रमा बोलिने भाषाको प्रयोग गरिएको छ । कुल, बास, होइजाउजस्ता शब्दहरू अन्तरका रूपमा प्रयोग भएका छन् ।

**डोटेली भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| जाग | उठ |
| दिनाछौ त | दिनुहुन्छ भने |
| भाइय | भाइ |
| होइजाउ | होस् |
| उत्तीम | उत्तम |
| होला | हुनेछ |

## ४.१४.६ वरमुद्रा पहिऱ्याउने बेला गाइने फाग

### ४.१४.६.१ विषयवस्तु

यस फागमा दुलहीलाई दुलाहाले औंठी लगाउने बेला आएको र शुभबार पनि आजै परेकोले वरमुद्रा पहिऱ्याउन भनिएको विषयवस्तु रहेको छ ।

### ४.१४.६.२ भाषाशैली

प्रस्तुत फागमा डोटेली भाषाको प्रयोग भएको छ । यो फागकै लयमा गाइन्छ ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| पैर | लगाउ |
| बाला | छोरा |
| हिरउदो | गहना |
| आइछ | आएको छ |

## ४.१४.७ वर पक्षबाट प्राप्त लुगा दुलहीलाई लगाउने बेला गाइने फाग

### ४.१४.७.१ विषयवस्तु

यस फागमा दुलहीलाई दुलाहा पक्षले दिएका वस्त्रहरूमा के-के आयो भनि आमाले सोध्दा दुलहीले हिरा, मोति, जोडा ओखर, सिन्दूरे साडी आदि वस्त्र आएको भनेर भनेको विषयवस्तु रहेको छ । यहाँ विवाहका बेला डोटेली युवतीहरूको वस्त्रमाथिको उत्सुकता केकस्तो हुन्छ भन्ने विषय पनि अभिव्यक्त भएको पाइन्छ ।

### ४.१४.७.२ भाषाशैली

प्रस्तुत फागमा डोटेली भाषा प्रयुक्त भएको छ । यस फागमा अन्तराको प्रयोग भएको पाइन्छ । आयो, भरण, फलइ शब्द अन्तराका रूपमा आएका छन् ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| दाणीम | अनार |
| इजु | आमा |
| सिन्नुरे | सिन्दूरे |
| साणी | सारी |

### ४.१४.८ वर पक्षबाट प्राप्त गहना दुलहीलाई पहिऱ्याउने बेला गाइने फाग

#### ४.१४.८.१ विषयवस्तु

प्रस्तुत फाग दुलहीलाई दुलाहाले दिएको गहनाहरू लगाउने बेलाको प्रसङ्गमा आधारित रहेको छ । यस फागमार्फत् शुभ दिन, शुभ लगन परेको हुनाले कानको लोल, नाकको बेसरी, घाँटीको जौणिया र औँलाको हिरउदो आदि गरगहना लगाउ भनेर दुलहीलाई भनिएको विषयवस्तु रहेको छ । यो फागमा विवाहका दिन दुलाहा पक्षले दुलहीलाई आफ्नो गक्षअनुसार गरगहना दिने गर्छन् भन्ने डोटी डुम्राकोट क्षेत्रमा प्रचलित संस्कार पनि पाइन्छ ।

#### ४.१४.८.२ भाषाशैली

यस फागमा डोटेली भाषाको प्रयोग भएको छ । यो फागको भाषाशैली सरल र सुवोध्य छ ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| पैर | लगाउ |
| दुलयणो | दुलाहा |
| लोल | कानमा लगाउने गहना |
| नाकन | नाकको |
| बेसरी | नाकमा लगाउने गहना |
| दुलयणी | दुलही |
| कानमीकी | कानको |
| घाटीकी | घाटीको |

### ४.१४.९ ब्यासाडो बान्ने बेला गाइने फाग

#### ४.१४.९.१ विषयवस्तु

प्रस्तुत फाग सामाजिक विषयवस्तुसँग गाँसिएर मानिसको विवाह संस्कारको एउटा पक्षलाई शिलशिलावद्ध क्रममा प्रस्तुत गरिएको छ । यो फाग सेतो रङको एउटै कपडाले दुलाहा र दुलहीको कम्मरमा बाँध्ने बेलामा गाइन्छ । यस फागमा दुलहीलाई कसलाई साक्षी राख्यौ र कोसँग आँचल गास्यौ भन्दा दुलहीले अग्नी, पञ्च, जोडा ब्राह्मण, जोडा सुपारी र पाँच भाइलाई साक्षी राखी आफ्ना स्वामीज्यूसँग आँचल गाँसे भनेर भनेको विषयवस्तुका रूपमा रहेको छ । दुलहीले आगो, सुपारी, भाइ, ब्राह्मण आदिलाई साक्षी राखेको छु भनेर भनेको प्रसङ्गबाट देवीदेवताप्रतिको आस्था, ब्राह्मण तथा आफ्ना दाजुभाइप्रति विश्वास गर्ने डोटेली जनमानसको यथार्थ प्रकट भएको छ ।

### ४.१४.९.२ भाषाशैली

यस फागमा डोटी डुम्राकोटको ग्रामीण भेगमा बोलिने ग्रामीण भाषाको प्रयोग भएको छ । यस फागमा पनि प्रश्नोत्तर शैली प्रयुक्त रहेको छ । फागमा कइसँग आँचल गाछी भन्ने वाक्य अन्तराका रूपमा आएको छ ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| कइसँग | कोसँग |
| तुइले | तिमीले |
| मुइले | मैले |
| दुलयणी | दुलही |
| गाछी | गास्नु |

## ४.१४.१० वैसन्नरका फाग

### ४.१४.१०.१ विषयवस्तु

यस फागमा वैसन्नरको पूजाआजा गर्दै माङ्गलिक कार्यको फल प्राप्तिको आग्रह गरिएको छ । यहाँ अग्नि देवताको अनुपस्थितिले हुर्केका छोराछोरीको विवाहको कार्य रोकिएको तथा दुहेको दुध काचै रहेको प्रसङ्ग छ । त्यसैले चार वेदमध्ये सबैभन्दा जेठा ऋषि वेदलाई वैसन्नर अर्थात् अग्नि देवताको खोजी गर्न आग्रह गरिएको विषयवस्तु रहेको छ । यो फाग विवाहका लागि दुलाहा-दुलहीलाई घर बाहिर बनाइएको मण्डपमा लैजाने बेला गाउने गरिन्छ । यस फागमा ऋषि वेद अग्निको खोजी गर्ने क्रममा हातमा वेतको लट्ठी, कोखमुनी पुस्तक, शिरको टोपी, लुगा पहिरिएर चारै दिशा पूर्व, पश्चिम, उत्तर, दक्षिण निस्किएको तथा पिपलको चौतारो, दुबाको चौर भएको ठाउँमा वैसन्नर भेटिएलान् भन्ने विषयवस्तु उल्लेख भएको छ ।

### ४.१४.१०.२ भाषाशैली

प्रस्तुत फागमा डुम्राकोटेली भाषिका प्रयुक्त भएको छ । यसमा स्थानीय भाषासँगै हिन्दी भाषाको समेत प्रभाव रहेको पाइन्छ । हिन्दी भाषाका केही शब्दहरू प्रयोग भएका छन् । वैसन्नरको खोजीको विषयवस्तुको वार्तालाप प्रश्नोत्तर शैलीमा रहेको छ ।

**डोटेली भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| सुफल | राम्रो फल |
| दोया | दुहेको |
| अबेउ | अविवाहित |
| रैग्यो | रह्यो |
| चल्या | हिडे |
| पैऱ्यो | पहिरिए |
| घुम्याँ | घुमैँ |
| नइपाया | पाएन |
| वइ | त्यहीँ |
| भोग | फल |

**हिन्दी भाषाका शब्द    नेपाली अर्थ**

| | |
|---|---|
| चल | हिड |
| चल्या | हिड्या |
| ढुड्नु | खोज्नु |

## ४.१४.११ दुलाहा-दुलही मण्डपमा घुम्ने बेला गाइने फाग

### ४.१४.११.१ विषयवस्तु

वैवाहिक कार्यको क्रममा एउटै कपडाले कम्मरमा ब्यासाडो बाँधेका दुलाहा-दुलही पाँच पटक अग्नि मण्डपमा घुम्ने गर्छन् । विवाहका दिन गरिने सबैभन्दा महत्त्वपूर्ण कार्यमध्ये यो एक हो । यस फागमा दुलाहा-दुलही यज्ञ मण्डपमा पाँच पटक घुम्दा दुलही कसको साथ जान लागेको भन्ने भनाइलाई विषयवस्तु बनाइएको छ । पहिलो पटक घुम्दा दुलही पुतलीको साथमा गएको, दोस्रो र तेस्रो पटक घुम्दा सङ्गिनीको साथमा गएको, चौथो पटक घुम्दा फुपुको साथमा गएको तथा अन्तिममा पाँचौँ पटक घुम्दा आफ्ना स्वामीको साथ गएको भन्ने अभिव्यक्ति विषयवस्तुका रूपमा रहेको छ ।

### ४.१४.११.२ भाषाशैली

यो फाग डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा नै गाइने भएकाले यसको भाषा पनि डोटेली नै रहेको छ । यस फागमा विना, उजालो शब्दहरू अन्तराका रूपमा रहेका छन् ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| भुँमरी | फन्को |
| पैलाखी | पहिलो |
| दोसरी | दोस्रो |
| तेसरी | तस्रो |
| चौथी | चौथो |
| पचाउ | पाँचौ |
| गइछ | जानु |

## ४.१४.१२ सिन्दूर हाल्ने बेला गाइने फाग

### ४.१४.१२.१ विषयवस्तु

विवाहको दिन दुलाहाले दुलहीको सिउँदोमा सिन्दूर हाल्ने कार्य विवाहका क्रममा गरिने सबैभन्दा महत्त्वपूर्ण सांस्कारिक कार्य हो । नारी जातिका लागि सिन्दूर शौभाग्यको प्रतीक मानिन्छ । यस फागमा दुलाहाले दुलहीलाई सिन्दूर हाल्दा दुलहीले आफ्ना आमा-बुवा, भाइ तथा मान्यजनहरूलाई सम्झी आजबाट हजुरहरूले दिएका लुगा तथा अन्य सामग्रीहरू टुटीजाने र फाटीजाने हुन्, बाँकी रहने केवल स्वामीले हालेको सिन्दूर नै हो भनेकी छन् । अर्थात्, विवाहिता चेलीका लागि सबैभन्दा महत्वपूर्ण कुरा आफ्ना श्रीमान् नै हुन् भन्ने विषयवस्तु रहेको छ । विवाहिता महिलाका लागि आफ्ना श्रीमान्ले हालेको सिउदोको सिन्दूर अर्थात् आफ्नो श्रीमान् नै सबैभन्दा ठूलो सम्पत्ति हो भन्ने डोटेली समाजको मान्यतालाई यस फागले सन्देशका रुपमा दिन खोजेको छ ।

### ४.१४.१२.२ भाषाशैली

प्रस्तुत फागमा डोटेली भाषाको प्रयोग भएको छ । यसमा दुलहीले आफ्ना मनोकाङ्क्षा एकालापिय शैलीमा प्रस्तुत गरेकी छन् । यस फागमा जान्ना, सिन्नुरजस्ता शब्द अन्तराका रूपमा प्रयोग भएका छन् ।

**डोटेली भाषाका शब्द नेपाली अर्थ**

| | |
|---|---|
| दिया | दिएको |
| टुटी | टुट्नु |
| फाटी | फाट्नु |
| सिन्नुर | सिन्दूर |

### ४.१४.१३ हवन गर्ने बेला गाइने फाग

#### ४.१४.१३.१ विषयवस्तु

यस फागमा विवाहको दिन शुभफल प्राप्तिका लागि विवाह मण्डपमा हवन गर्दा मेधा दिने क्रममा कुल देवता लाटामष्टा, कृष्णजी, पशु देवता, गणेश देवतालाई खुशी पार्नका लागि गाईको घ्यू, जौँ, तिल, आँपका दाउरालाई हवन गरिएको छ भन्ने विषयवस्तु रहेको छ ।

#### ४.१४.१३.२ भाषाशैली

प्रस्तुत फागको भाषाशैली सरल, सहज र बोधगम्य छ । यसमा डोटीको डुम्राकोट क्षेत्रमा प्रचलित भाषाका शब्दहरू प्रयुक्त भएका छन् । मेधा, भया, होमजस्ता शब्द अन्तराका रूपमा आएका छन् ।

| **डोटेली भाषाका शब्द** | **नेपाली अर्थ** |
|---|---|
| परसन्न | खुशी |
| तमी | तपाई |
| कहाँका | कुन ठाउँका |
| कृषनजी | भगवान् कृष्ण |
| चिरेयो | चिर्नु |
| केहाँका | केका |
| वण | वरको रुख |
| गौदाणी | गाईको दान |

### ४.१४.१४ कन्यादान गर्ने बेला गाइने फाग

#### ४.१४.१४.१ विषयवस्तु

डोटेली समाजमा कन्यादान गर्नु सबैभन्दा ठूलो दान र पूण्यको काम मानिन्छ । यस फागमा दुलहीले आफ्ना बुवासँग अजदान, गजदान, सुन तथा चाँदी, लुहा तथा पित्तल दान, अन्न तथा धन र औँठी आदि वस्तु दान गर्नु हजुरको कुल सप्रिने छ, हजुरको शुभ नै शुभ हुने छ भनि भनेको कुरा विषयवस्तुका रूपमा रहेको छ ।

#### ४.१४.१४.२ भाषाशैली

डोटीको डुम्राकोट क्षेत्रमा प्रचलित भाषा यस फागमा प्रयोग गरिएको छ । यसको भाषाशैली सरल र सहज रहेको छ । प्रस्तुत फागमा दान, अर, कुलजस्ता शब्द अन्तराका रूपमा रहेका छन् ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| गजदान | हात्तिदान |
| कन्नेइको दान | कन्यादान |
| उत्तीम | उत्तम |
| अर | गर्नु |
| अङौठी | औँठी |
| तमरो | तपाईको |
| होलो | होला |

## ४.१४.१५ गौदान गर्ने बेला गाइने फाग

### ४.१४.१५.१ विषयवस्तु

डोटेली समाजमा छोरीको कन्यादनसँगै विवाहको दिन गाईको पनि दान गरेर दुलाहा पक्षलाई दिने प्रचलन रहेको छ । यस फागमा गौदान गर्ने बेलामा छोरीले आफ्ना बुवालाई कैलु गाईको दानसँगै अजदान, गजदान, सुन, चाँदी, भूमि, लुहा, पित्तल आदि वस्तुहरू दान गर, यसो गर्दा तपाईहरूका पितृ स्वर्ग जालान, पितृको बैकुष्ठ बास होला भनेको कुरा विषयवस्तुका रूपमा रहेको छ ।

### ४.१४.१५.२ भाषाशैली

प्रस्तुत फागमा डोटेली भाषाको प्रयोग भएको छ । यस फागमा गज, लुहा आदि आगन्तुक शब्दहरू पनि प्रयोग भएका छन् । यसमा दुलहीको अभिव्यक्ति एकालापिय शैलीमा संरचित छ । प्रस्तुत फागमा दान, अर, कैलु आदि शब्दहरू अन्तराका रूपमा रहेका छन् ।

**डोटेली भाषाका शब्द   नेपाली अर्थ**

| | |
|---|---|
| जिमन | जमिन |
| स्वर्गे | स्वर्ग |
| जान्ना | जालान |

## ४.१४.१६ जन्ती विदाइ गर्ने बेला गाइने फाग

### ४.१४.१६.१ विषयवस्तु

छोरीको विदाइ गर्दा गाइने यस फागमा दुलहीले आफ्नो प्यारो माइतीघर छाडेर जानुपर्दाका पीडाहरू अभिव्यक्त गरिएको हुन्छ । यस फागमा माइतीघर छाडेर जान अफ्ठेरो मानेकी दुलहीले विलम्ब गरेको तथा बाहिर आँगनमा बसेर दुलहीको प्रतिक्षा गरिरहेका

दुलाहाले दुलहीलाई बोलाएको विषयवस्तु रहेको छ । दुलाहाले बाहिर आफू डोलीसहित रोकिराखेको र मेरो घर जाउ भनेर दुलहीलाई भनेको अभिव्यक्ति यो फागमा गरिएको हुन्छ । आमाको कोखेली, बुवाको आँगनी, साथीसङ्गी छाडेर कसरी जाउ भन्ने दुलहीको निकै कारुणीक, मार्मिक र हृदस्पर्शी अभिव्यक्ति प्रस्तुत फागको विषयवस्तुका रूपमा रहेको छ । यस फागमा विदा मागिरहेकी छोरी र विदा दिइरहेकी आमाबीच विछोड हुने बेलाका सवाल-जवाफको मार्मिक अभिव्यक्ति पाइन्छ । विदाइ हुने बेला दुलहीले व्यक्त गर्ने कारुणीक अभिव्यक्तिले छोरीचेलीका लागि आफ्नो माइती घर सबैभन्दा प्यारो हुन्छ भन्ने भाव यस फागमा रहेको छ । छुट्टिने बेला पीडा भए पनि छोरीले एक दिन माइतीघर छाडेर जानैपर्ने हाम्रो संस्कार पनि यस फागको सन्देशका रूपमा प्रतिविम्बित भएको छ ।

### ४.१४.१६.२ भाषाशैली

यस फागमा डोटीको डुम्राकोट क्षेत्रमा प्रचलित भाषाको प्रयोग भएको छ । यसमा माणु, लडेली, कसेरी, जाइपरजस्ता डोटेली जनजीब्रोमा प्रचलित शब्दहरू प्रयोग भएका छन् । यो फाग विछोडका बेला आमा र छोरीबीचको प्रश्नोत्तरात्मक भाषाशैलीमा संरचित छ । विछोडको पीडाका मर्मान्तक चित्कारले भरिपूर्ण प्रस्तुत मागलमा काव्यात्मक अभिव्यक्ति पाइन्छ । प्रस्तुत फागमा कसीअरी, हट दुलइ, मेरी माणु आदि शब्दहरू अन्तराका रूपमा प्रयोग भएका छन् ।

| **डोटेली भाषाका शब्द** | **नेपाली अर्थ** |
|---|---|
| हट | हिँड |
| माणु | घर |
| दुहइ | दुलही |
| पणी | पर्ला |
| इजु | आमा |
| कसीअरी | कसरी |
| जाइपर | गएर |
| आङेनी | आँगन |
| हिटी | हिँडेर |
| केउकेउ | केके |

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरूको सङ्कलन, अध्ययन गरिएको प्रस्तुत शोधपत्र ५ वटा परिच्छेदमा संरचित छ । अध्ययनक्षेत्रमा गएर क्षेत्रकार्य सम्पन्न गरी सांस्कारिक फागहरू सङ्कलन गरिएको हो । प्रस्तुत शोधपत्र प्राप्त सामग्रीको विश्लेषण गर्नुका साथै शोधविधिका नियममा आवद्ध रहेर शोधकार्य सम्पन्न गरी तयार पारिएको हो ।

शोधको पहिलो परिच्छेदमा शोधपरिचय, शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, विश्लेषण विधि र शोधपत्रको सम्भाव्य रूपरेखा सम्बन्धी विषयवस्तु समेटिएका छन् । यो परिच्छेदमा कुन विषयवस्तुबारे शोध गरिएको हो, किन गरिएको हो, शोधको सामग्री कसरी सङ्कलन गरियो भन्ने जानकारी पाउन सकिन्छ । यस परिच्छेदले शोधको संभाव्य रूपरेखा कस्तो हुनेछ भन्ने जानकारी दिएको छ ।

दोस्रो परिच्छेदमा डोटी जिल्लाको समग्र अवस्थाको सामान्य जानकारी दिने काम गरिएको छ । यो परिच्छेदमा डोटीको सामाजिक, ऐतिहासिक, पौराणिक अवस्था, भौगोलिक अवस्थिति, नामाकरण, संस्कार, मान्यता, धार्मिक तथा सांस्कृतिक पक्षको जानकारी दिइएको छ । आर्थिक, शिक्षा, स्वास्थ्य, सञ्चारको अवस्थाको समेत संक्षेपमा परिचय दिइएको यस परिच्छेदबाट डोटी जिल्लाबारे आधारभूत जानकारी बुझ्न मद्दत पुग्ने छ । यसका साथै यो परिच्छेदबाट डोटी जिल्लाको लोकसंस्कृति, सामाजिक परम्परा, रहन-सहनबारेमा पनि जानकारी हासिल गर्न सकिने छ । डोटी जिल्लामा मनाइने गौरा, बिसौं, ओल्के, पुसेपन्ध्रजस्ता मौलिक पर्व र अन्य चाडपर्वको बारेमा पनि यो परिच्छेदमा जानकारी दिने काम भएको छ ।

डोटेली लोकगीतको परिचय र वर्गीकरण शीर्षकको प्रस्तुत शोधको तेस्रो परिच्छेदमा डोटेली लोकगीतबारे जानकारी पाउन सकिन्छ । डोटेली लोकगीतहरूको वर्गीकरण पनि तेस्रो परिच्छेदमा गरिएको छ ।

प्रस्तुत शोधको चौथो परिच्छेदमा सङ्कलित फागहरूको अध्ययन, विश्लेषण गर्ने कार्य गरिएको छ । यस परिच्छेदमा सांस्कारिक फागहरूलाई लोकगीतका तत्त्वका आधारमा विश्लेषण गरिएको छ । फागहरूको विश्लेषण गर्दा विषयवस्तु, भाषा, सन्देश, अन्तरा, लय, भाकालाई आधार मानिएको छ । सांस्कारिक फागहरूको विश्लेषणबाट सांस्कारिक गीतहरूको महत्त्व र मौलिक पक्ष बुझ्न सकिने छ ।

शोधपत्रको अन्तिम पाँचौं परिच्छेदमा सारांश र निस्कर्ष सङ्रचित छ । यस परिच्छेदमा शोधपत्रमा समावेश गरिएका विषयवस्तुको सारसंक्षेप र निस्षर्क प्रस्तुत गरिएको छ । यो परिच्छेदबाट प्रस्तुत शोधपत्रमा समावेश गरिएका विषयवस्तु तथा तिनको सार जान्न सकिन्छ ।

शोधको परिशिष्टमा डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरू समावेश गरिएका छन् । परिशिष्टमा माङ्गलिक कार्यको शुरूमा गाइने सगुन, गणेश, कलश पुजन, वेदीपूजनका फागहरू उल्लेख गरिएका छन् । यसबाट मानव जीवनमा सम्पन्न गरिने संस्कारहरू षष्टी, न्वारन, अन्नप्रासन, चुडाकर्म र व्रतबन्धमा गाइने फागहरूको जानकारी पाउन सकिन्छ । वैवाहिक कार्यअन्तर्गत दुलाहाको घरबाट विवाह प्रस्थान गर्दा, विवाह दुलहीको घरमा पुग्दा, माइती पक्षले दुलहीको खुट्टा धुँदा, दुलाहा-दुलही मण्डपमा घुम्दा, सिन्दूर हाल्दा, दुलहीको विदाइजस्ता कार्यमा गाइने फागहरू पनि समावेश गरिएका छन् । डोटी डुम्राकोट क्षेत्रमा केकस्ता सांस्कारिक फागहरू प्रचलित छन् भन्ने जानकारी यस परिशिष्टबाट पाउन सकिन्छ ।

## ५.२ निष्कर्ष

नेपाली साहित्यको लोकप्रिय विधा लोकसाहित्य 'लोक' अर्थात् आममानिसले गरेको रचना हो । लोकसाहित्यको इतिहास मानव सभ्यताको इतिहासजत्तिकै पुरानो रहेको पाइन्छ । साधारण जनतासँग सम्बन्धित साहित्यलाई लोकसाहित्यका रूपमा चिनिन्छ । लोकजीवनमा सञ्चित र जीवित सांस्कृतिक, साङ्गितिक र संवेदनशील चेतनाका रूपमा पनि लोकसाहित्यलाई बुझ्न सकिन्छ । लोकसाहित्यअन्तर्गत लोकगीत, लोकगाथा, लोककविता, लोककाव्य, लोककथा, उखान टुक्का, गाउँखाने कथा आदि पर्दछन् । सांस्कारिक गीतहरू पनि लोकगीतअन्तर्गत नै पर्दछन् । लोकगीतलाई लोकसंस्कृतिको प्रमुख अङ्गका रूपमा पनि

लिइन्छ । जातजाती, समुदायले मान्ने संस्कार, संस्कृतिमा स्थानविशेषका आधारमा केही भिन्नता पाइन्छ ।

डोटी क्षेत्र कला, साहित्य र संस्कृतिले धनी छ । नेपाली लोकसाहित्य विधामा डोटेली लोकसाहित्यको महत्त्वपूर्ण स्थान छ । नेपाली लोकसाहित्य विधालाई समृद्ध बनाउन डोटेली लोकसाहित्यको पनि विशेष योगदान रहेको छ । अन्य क्षेत्रमाजस्तै डोटी डुम्राकोट क्षेत्रमा पनि विभिन्न धार्मिक तथा सांस्कारिक लोकगीतहरू परम्परादेखिनै प्रचलनमा रहेका छन् । विवाह, व्रतबन्ध, न्वारन, छैंठी, भात्चखाइजस्ता सामाजिक संस्कारहरू मौलिक तरिकाले सम्पन्न गरिन्छ । यी संस्कारहरूले हाम्रो इतिहास, परम्परा, संस्कृति, मूल्य, मान्यता बोकेका हुन्छन् । विवाह, व्रतबन्ध, न्वारन, छैंठीजस्ता संस्कारहरू सम्पन्न गर्ने क्रममा नारीहरूद्वारा गाइने गीत संस्कार गीत हुन् । समूहमा गाइने यस्ता गीतहरू एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै गएको पाइन्छ । सांस्कारिक गीतहरू धार्मिक र ऐतिहासिक विषयवस्तुमा मात्र आधारित हुँदैनन्, व्यक्तिगत अनुभूतिका विषयहरू पनि यी गीतहरूमा अभिव्यक्त भएको पाइन्छ ।

सगुन, फाग, गणेश, कलशको पूजाका क्रममा गाइने संस्कार गीतले हरेक माङ्गलिक कार्यको थालनीको चरणलाई बुझाउँदछ । विवाह, व्रतबन्धजस्ता माङ्गलिक अवसरहरूमा गाइने गीतमा व्यक्तिका व्यक्तिगत अनुभूतिलाई समेत विषयवस्तु बनाइएको पाइन्छ । व्रतबन्धका क्रममा भिक्षु रूप धारण गरेर घरबाट निस्कन लागेको अभिनयका क्रममा आमाको मनमा उब्जिएका भावहरू संस्कार गीतमा पाइन्छ । विवाहका क्रममा जन्ती अन्माउँदा माइतीघर छाडेर जार्नु पर्दा चेलीको मनका पीडाका भावहरू पनि संस्कार गीतहरूमार्फत् व्यक्त गरिएका हुन्छन् । मौलिकता, लोकप्रियता, परिवेशको चित्रण, व्यक्तिगत माध्यमबाट सामूहिक अनुभूतिको अभिव्यक्ति, संस्कार, संस्कृति बोकेको हुनाले डोटेली लोकसंस्कृतिको छुट्टै पहिचान बनाउन सांस्कारिक फागहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

डोटेली लोकगीतअन्तर्गतका संस्कार गीतहरू संस्कारजन्य विषयवस्तुमा आधारित छन् । नारी सर्जक भएका सिर्जना नारीद्वारा नै गाइन्छन् । यस्ता संस्कार गीतहरूमा धर्म र जीवन जोडिएको हुन्छ । मानव जीवनमा गरिने संस्कारसँग जोडिएका यी गीतहरू भाषा र लोकसाहित्यका परिचायक हुन् । डोटेली लोकगीतमा स्थानीय रहन-सहन भेषभुषा प्रतिविम्बित भएको हुन्छ । यी संस्कार गीतहरू नेपालको अन्य भेगभन्दा फरक, मौलिक र

सुदूरपश्चिमको परिचायकका रूपमा रहेका छन् । यस क्षेत्रको इतिहास, भूगोल, इतिहास प्रसिद्ध व्यक्तिको जीवन, असल कर्मको वर्णन डोटेली लोकगीतहरूमा गरिएको हुन्छ । पुराण सम्वद्ध विषयवस्तुलाई पनि स्थानीय भाषामार्फत् जनजीवनमा फैलाउने काम संस्कार गीतहरूले गरेका छन् । त्यसैले डोटी क्षेत्रमा प्रचलित संस्कार गीतहरू यहाँको मौलिक परिचायक भएकाले यिनको संरक्षण गर्न आवश्यक छ ।

# परिशिष्ट

## डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरू

### १.विषयपरिचय

प्रस्तुत सांस्कारिक फागहरू अध्ययन क्षेत्रको स्थलगत भ्रमणमा गएर सङ्कलन गरिएका हुन् । यी सांस्कारिक फागहरू सङ्कलनका क्रममा डोटीको केआईसिंह गाउँपालिकाअन्तर्गत पर्ने डुम्राकोट तथा नजिकका अन्य गाउँको स्थलगत भ्रमणका साथै कतिपय सांस्कारिक कार्यहरूमा अध्येताले प्रत्यक्ष सहभागिता जनाएको हो । सामग्री सङ्कलनका क्रममा डुम्राकोटका साथै फलेडी, धिर्कामाडौंलगायत आसपासका अन्य क्षेत्रमा गइ त्यहाँका बुढापाका, युवा र गीतारूहरूसँग सोधपुछ गरिएको हो । यस क्रममा संभव भएसम्म अडियो, भिडियो र तस्वीरहरू पनि सङ्कलन गरिएका छन् । डोटी डुम्राकोट क्षेत्रमा प्रचलित सांस्कारिक फागहरू यस प्रकार रहेका छन् :

### २. सगुन

को देउ सगुन दिना को रे देउ लगन दिना
निका भला सगुन बोल
सरस्वती सगुन दिना वृहस्पति लगन दिना
निका भला सगुन बोल
सरस्वती, वृहस्पति दिए लगन
तु रे लगन परसन्न भयइ
वारीउनी गङ्गाइखी पारीउनी जमुना
माझौनी श्रीखण्ड डाली
श्रीखण्ड डालीमाथि काली कोईला बासन्नी
दिए कोईला भरियो लगन
जो मेरी चुचुणी सुनै भडै ल्यालो
उसै दिउलो भरियो लगन
सुन भेडाउ चुचुणीकी रूपमा भेडाउ पोख
दियइ कोईला भरियो लगन
कसी होली कोईला तेरी चुच
कसी होली कोईला तेरी पुछ
कसा हुन्न तेरा पोख
पेली होली चुचैखी हरिइ होली पुछ
धौला हुन्न मेरा पोख
लगनजति दिया मै रे बारैखी बार
लगनजति दिया मै रे आजैखी बार
लगन जति पाया मैरी आजैखी बार

स्रोत व्यक्ति : पार्वती जैसी, वर्ष : ३८, केआईसिंह गाउँपालिका-६, फलेडी

## ३. गणेश पूजनको फाग

का तमु गणेशखी उजब्या निबज्या

का तमु पूजना भया

गयन गजाधर उबज्यौँ निबज्यौँ

जग्गेघरी पूजना भयौँ

का तमी कलसैखी उबज्या निबज्या

का तमी पूजना भया

काशीका कुम्भैमी उबज्यौँ निबज्यौँ

जग्गेघरी पूजना भयौँ

का तमी मातृका उबज्या निबज्या

का तमी पूजना भया

मथुरा नगरी हामी उबज्यौँ निबज्यौँ

जग्गेघरी पूजना भयौँ

स्रोत व्यक्ति : सरुलीदेवी भट्ट, वर्ष : ६६, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### ४. कलस पूजाको फाग

का तमु कलसैखी उबज्या निबज्या
का तमु पूजना भया
कासीका कुम्भैमी उबज्यौं निबज्यौं
जग्गेघरी पूजना भयौं
उदी कलस सुन मोड्या उबी कलस रूपा मोड्या
माझ कसल सुरिजैखी जोत
उदी कलस सुन मोड्या उबी कलस रूपा मोड्या
माझ कलस मोतियाइखी हार
बाइरजति बोलन्नाइखी पञ्चन बाजा
माझ पाण गणेशैखी पूजा
बाइरजति बोलन्नइखी पञ्चन बाजा
माझ पाण कलसैखी पूजा
बाइरजति बोलन्नाइखी पञ्चन बाजा
माझ पाण मातृकाइखी पूजा
लेय मेरा जजमानौ पियलो पिठायो
तिनुइले कलस पूजाउ
लेय मेरा जजमानौ सालीका अक्षता
तिनुइले कलस पूजाउ
लेय मेरा जजमानौ आम न पिपल
तिनुइले कलस छपाउ
लेय मेरा जजमानौ गंजाजीको जल
तिनुइले कलस भराउ
लेय मेरा जजमानौ कोरोन कपडा
तिनुइले कलस बधाउ

स्रोत व्यक्ति : चन्द्रा जोशी, वर्ष : ३६, केआईसिंह गाउँपालिका-६, फलेडी

## ५. वेदी पूजनको फाग

वण न पिपलमुनि कौशिलाकी झालमुनी
ब्राह्मणले जगिना जगायो
आस तमु ब्राह्मणौँ बस तमी पूर्वामुखी
पुरबर्मा चारै चौसट्ठी वेदी
हियोजन अच्काया बाउलीजन लच्काया
पुरबर्मा चारै चौसट्ठी वेदी
हियोजति छै मेरो मैनिखम्म वेदभरि
बाउलीजति सूरीकी धार
नेत्र जन झिम्क्यामा माथोजन डल्काया
पुरबर्मा चौसट्ठी वेदी
नेत्रजति छन् मेरा परेवा नजर
माथोजति मैनिखम्म वेदभरि
कालिनी कलोलिनी मातापिता
दिए माता सुफलैको भोग
ऋषिवेदु, श्यामवेदु अतरवेदु झुझुरवेदु
तिनु माझ कोरे वेदु जेठा
चारै वेदु माझ ऋषिवेदु जेठा
श्यामवेदु अतरवेदु झुझुरवेदु
तिनुइ माझ अतरवेदु जेठा
श्यामवेदु अतरवेदु झुझुरवेदु
तिनुइ माझ अतरवेदु जेठा
चारै वेदु माझ श्यामवेदु कान्छा

स्रोत व्यक्ति : चन्द्रादेवी भट्ट, वर्ष : ५५, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### ६. पितर निउता दिने बेला गाइने फाग

उचीउची पाणैखी गैरोली मुजेली
कृष्णबालो छमछम नाचलो
सुन दिया बत्ती बलिरन्ना
बातीजोत सर्क पौची बातीजोत सर्क पौची
सर्क पितर सबै बिउझ्या
सुवा त सुवाइखी वनखण्णी सुवा
जान सुवा पितु निउतो दिइया
कसो बाटा जाउ मैखी स्वरग्या लोक
कसो बाटा आउ मन्दा लोक
सुनन लिसिनीबाटा स्वरग्या लोक जाय
रूपइखी पनइ बाटा मन्दा लोक आय
जा न सुवा पितर निउतो पठा
नै त मुइरे नाउ जान्या नै त मुइरे गाउँ धेक्या
कसोगरी निउता पठाउँ
स्वर्ग लोक गाउँ हो .... नाउ हो
उसैघरी निउतो पठाइया
तमराइ त उम्कना...(थर) मन्ता लोक जगिना जगायो
मत भन्थ्या मत भन्थ्या मन्त्या लोक वणाइबाजी
मेरो मन त भउतै खुलास
मुत भन्थ्या मत भन्थ्या मन्त्या लोक बत्ती बली
मेरो मन त भउतै खुलास
दुध दोया घिउ मोल्या पुत दिया....(नाम)
....(नाम) पुत दिया दुध धोया
उसैघरी जगिना जगायो
मत भन्थ्या मत भन्थ्या मन्त्या लोक वणाइबाजी
मेरो मन त भउतै खुलास
मत भन्थ्या मत भन्थ्या मन्त्या लोक घण्टबाजी
मेरो मन त भउतै खुलास
मत भन्थ्या मत भन्थ्या मन्त्या लोक शङ्खबाजी
मेरो मन त भउतै खुलास

स्रोत व्यक्ति : शारदा जैसी, वर्ष : ५२, केआईसिंह गाउँपालिका-६, फलेडी

## ७. आरती गर्ने बेला गाइने फाग

परथम्म आरती कुपको माला
काली नाग लुछीलैग्या कृषनजीकी गुवाला
दोतीया आरती देवी मञ्जन
कुसैकी कुञ्जन भक्ति सुतावै
तेतीया आरती तीन भवन मोहइ
गरुड सिंहासन रामज्युकी सोहइ
चौथम्म आरती चमजुक धुजा
अर न हरिगण रामज्यूकी पूजा
पञ्चम आरती पञ्चवली खावै
राधारुखविना मंगलु गावै
षष्टम आरती षसरट पावै
राधारुखविना चमरु डुलावै
सप्तम आरती सपुरकी बाती
बजाउ देवी शंखघण्ट चढाउ देवी पाती
अस्टम आरती अस्टकोटी दाता
सरपै दुःख हरिदिन्नी सत्यदेवी माता
नयम आरती नवरत गङ्गा
छुटाइ दिए प्रभु पापैको फन्दा
दशम आरती दशरथ पिता
सँगै भैय्या लक्षीमन सँगै रानी सीता
एघरम्म आरती सुनखी दतन रूपखी भारी
सत्यकी सीता रामजीकी प्यारी
बरम्म आरती गंगाजीका तीर महादेवका जटा
तमु राजा रामचन्द्र दशरथका बेटा
उदीगङ्गा भागरथी उभीगङ्गा नेवा
आरती बनाया मैले रामजीको सेवा
चौधम्म आरती सुन्नेको होइजालो बैकुण्ठ बास
भन्नेको होइजालो उत्तीम कुल

स्रोत व्यक्ति : सरस्वती अवस्थी, वर्ष : ४२, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## ८.षष्ठी पूजाका फाग

### ८.१ मण्डप बनाउने बेला गाइने फाग

जान बाला जान बाला उदैपुर जान
ल्यान बाला मेधनैको माटी
लेय मेरी इजुज्यूकी सुनकुटी रूपाझारी
मु रे लेउन्छु मेधनैको माटी
अडौठीले कोरेइ बाला पछेलाइमी छाल बान्यै
ल्यान बाला मेधनैको माटी
मेधनैको माटी ल्याउन केउकेउ चाइयो इजु
मेधनैको माटी कोरी केउकेउ चाइयो
मेधनैको माटी कोरी ठनिल जमाउ
मेधनैको माटी कोरी मन्दिर बनाउ
ल्यान बाला मेधनैको माटी
मेधनैको माटी कोरी केउकेउ अरु
मेधनैको माटी कोरी ठनिल जमाउ
मिजुरो लैजाइ ल्यान बाला मेधनैको माटी
मेधनैको माटी कोरी मन्दिर जमाउ
ज्यान बाला मेधनैको माटी

स्रोत व्यक्ति : देवकी जोशी, वर्ष : ६४, केआईसिंह गाउँपालिका-६, फलेडी

### ८.२ बच्चालाई मण्डपमा ल्याउने बेला गाइने फाग

दाइनीतिर मातृका बाउतिर पितृ
माझैना भरिया कलस
पैर बाला पैर बाला आडैको अडिया
तेरो आयो लगनैको बार
पैर बाला पैर बाला जाडैको सुतना
तेरो आयो लगनैको बार
पैर बाला पैर बाला रुद्रासकी माला

तेरो आयो लगनैको बार

पैर बाला पैर बाला शिरैमीखी शोभा

तेरी आइछ लगनैखी बार

पैर बाला पैर बाला हरियोणु दुबो

तेरी आइछ लगनैखी बार

दुबाजसो चाउणी रयइ केलाजसो मौली रयइ

तुरे बाला भाग्यमानी भयइ

सुनन लिसिनीबाटा दुधधारा ननिबग्या

तमी इजु मनक्या मनुरी

जब मेरो बालोकी जल उम्की आलो

तब हुँलो मनकी उजाली

सुनन लिसिनीबाट दुधधारा ननिबग्या

तमी इजु मनक्या मनुरी

जब मेला बालाइखी न्वारन होइपजाली

तब हुँलो मनकी उजाली

जब मेरा बालाइखी अन्नप्राशन होइपजालो

तब हुँलो मनकी उजाली

जब मेरा बालाइखी व्रतीमण्ण होइपजालो

तब हुँलो मनखी उजाली

जब मेरो बालोइखी दुलइ बरी ल्याइजालो

तब हुँलो मनखी खुलास

स्रोत व्यक्ति : देवकी जोशी, वर्ष : ६४, केआईसिंह गाउँपालिका-६, फलेडी

## ९. न्वारनमा गाइने फाग

### ९.१ मेखलो पहिऱ्याउने बेला गाइने फाग

पैर बाला पैर बाला जाङका सुतना

तेरो आयो लगनैको बार

पैर बाला पैर बाला गाथको बाको

तेरी आइछ लगनैखी बार

पैर बाला पैर बाला रुद्रास माला

तेरी आइछ लगनैखी बार

पैर बाला पैर बाला शीरैखी शोभा

तेरी आइछ लगनैखी बार

स्रोत व्यक्ति : जमुनादेवी भट्ट, वर्ष : ५७, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### ९.२ नाम सुनाउने बेला गाइने फाग

केहाँका पातखी पिपिरी बनायो

कनुइले नाउ सुनायो

पिपलैका पातखी पिपिरी बनायो

ब्राह्मणले नाउ सुनायो

केहाँका पातखी पिपिरी बनायो

कनुइले नाउ सुनायो

पिपलैका पातखी पिपिरी बनायो

बुवाजीले नाउ सुनायो

केहाँका पातखी पिपिरी बनायो

कनुइले नाउ सुनायो

पिपलैका पातखी पिपिरी बनायो

बाजेजीले नाउ सुनायो

स्रोत व्यक्ति : जमुनादेवी भट्ट, वर्ष : ५७, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### ९.३ टीका लगाउने बेला गाइने फाग

लेय मेरा बुवाज्यूकी सुनन रूपया
मइरे अद्दो आमाइकी ढोग
लेय मेरा बुवाज्यूकी सुनन रूपया
मइरे अद्दो मामाइकी ढोग
लेय मेरा बुवाज्यूकी सुनन रूपया
मइरे अद्दो काकाइकी ढोग
लेय मेरा बुवाज्यूकी सुनन रूपया
मइरे अद्दो काकीकी ढोग
लेय मेरा बुवाज्यूकी सुनन रूपया
मइरे अद्दो फुपुकी ढोक
जिरेइ बाला बाँचीरयै भाग्यमानी भयइ
तुरे बाला फूलजसो फूलेइ
तुरे बाला केलाजसो माउलेइ

स्रोत व्यक्ति :कमला जोशी, वर्ष : ३९, केआईसिंह गाउँपालिका-६, फलेडी

## १०. अन्नप्रासनका बेला गाइने फाग

खान बाला दुलयणो लडुचिउणो खान
तेरी आइछ लगनैखी बार
खान खान बाला मेरा लड्डु, पेडा खान
तेरी आइछ लगनैखी बार
खान खान बाला मेरा अन्नपरासन
तेरी आइछ लगनैखी बार
खान बाला खान बाला खीर न खण्डित
तेरी आइछ लगनैखी बार
खान बाला खान बाला दहीकेला खान
तेरी आइछ लगनैखी बार
सुनन लिसिनीबाटा दुधधारा ननिबग्या
तमी इजु मनक्या मनुरी
जब मेरा बालाइखी व्रतमन्न होली
तब हुँलो मनखी उजाली
सुनन लिसिनीबाट दुधधारा ननिबग्या
तमी इजु मनक्या मनुरी
जब मेरो बालो दुलइ बरी ल्यालो
तब हुँलो मनखी खुलास
केलाजसो माउणी रयै दुबाजसो चाउणी रयै
तुरे बाला भाग्यमानी भयै

स्रोत व्यक्ति : सरस्वती अवस्थी, वर्ष : ४२, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## ११. चूडाकर्ममा गाइने फाग

लेय मेरा बुवाज्यूखी खोपइनीखी थाल
छोड इजु कोरो न कपडा
बुवाज्यूका पाल्या केश, इजुज्यूका कोरे केश
इनु केश भुइया जनफाल्या
लेय मेरा बुवाज्यूखी सुनछुरी रूपाछुरी
छोड इजु स्वपन्नैखी थाल
लेय मेरा बुवाज्यूखी लुहाछुरी पितलछुरी
छोड इजु स्वपन्नैखी थाल
लुहाछुरी पितलछुरी सुनछुरी
तती छुरी माझैखी को रे छुरी जेठी
तनुइले मेरा केश लडीलाउ
चारै छुरी माझैखी लुहाछुरी जेठी
तनुइले केश निउताउ
लेय मेरी इजुज्यूखी स्वपन्नैखी थाल
छोड इजु कोरो न कपडा
लेय मेरी इजुज्यूखी जोलो न सुपारी
छोड इजु स्पन्नैखी थाल
बुवाज्यूले पाले केश इजुज्यूले कोरे केश
इनु केस भुइया जनफाल्या
नाउ त नाउखी हरिद्वार नाउ
मेरा शीर घाउ जनलाया
घाउ जति लाया भन्या बाउलीडण्न तिराउ
नाउ त नाउखी काशी प्रयाग नाउ
मेरा शीर घाउ जनलाया
शीर घाउ लायो भन्या बाउली डण्नतिराउ

स्रोत व्यक्ति : विष्णादेवी जैसी, वर्ष : ४३, केआईसिंह गाउँपालिका-६, फलेडी

## १२.व्रतबन्धमा गाइने फागहरू

### १२.१ कपाल खौरने बेला गाइने फाग

लेय मेरा बुवाज्यूखी खोपइनीखी थाल
छोड इजु कोरो न कपडा
बुवाज्यूका पाल्या केश, इजुज्यूका कोरे केश
इनु केश भुइया जनफाल्या
लेय मेरा बुवाज्यूखी सुनछुरी रूपाछुरी
छोड इजु स्वपन्नैखी थाल
लेय मेरा बुवाज्यूखी लुहाछुरी पितलछुरी
छोड इजु स्वपन्नैखी थाल
लुहाछुरी पितलछुरी सुनछुरी
तती छुरी माझैखी को रे छुरी जेठी
तनुइले मेरा केश लडीलाउ
चारै छुरी माझैखी लुहाछुरी जेठी
तनुइले केश निउताउ
लेय मेरी इजुज्यूखी स्वपन्नैखी थाल
छोड इजु कोरो न कपडा
लेय मेरी इजुज्यूखी जोलो न सुपारी
छोड इजु स्वपन्नैखी थाल
बुवाज्यूका पाले केश इजुज्यूका कोरे केश
इनु केस भुइया जनफाल्या
नाउ त नाउखी हरिद्वार नाउ
मेरा शीर घाउ जनलाया
घाउ जति लाया भन्या बाउलीडण्न तिराउ
नाउ त नाउखी काशी प्रयाग नाउ
मेरा शीर घाउ जनलाया
शीर घाउ लायो भन्या बाउलीडण्न तिराउ

स्रोत व्यक्ति : निर्मला ओझा, वर्ष : ५६, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## १२.२ जनैको धारण गर्ने बेला गाइने फाग

कोरे देउ सगुन दिन्या को रे देउ लगन दिन्या

सरस्वती सगुन दिन्या वृहस्पति लगन दिन्या

निकाभला सगुन बोल

बोलेइ कोईला बोलेइ कोईला भरियो लगन

दियइ कोईला भरियो लगन

जो मेरी चुचुणी सुन भणइदेलो

उसै दिउँलो भरियो लगन

जो मेरा पोखजति भणइदेलो

उसै दिउँलो भरियो लगन

सुन भेडाउ चुचुणीखी रूपा भेडाउ पोख

दिय कोइला भरियो लगन

स्रोत व्यक्ति : मायादेवी जैसी, वर्ष : ६०, केआईसिंह गाउँपालिका-६, फलेडी

## १२.३ गायत्री मन्त्र सुनाउने बेला गाइने फाग

केहाँका पातखी पिपिरी बनायो

कनुइले मन्तर सुनायो

पिपलैका पातखी पिपिरी बनायो

गुरुजीले मन्तर सुनायो

पिपलैका पातखी पिपिरी बनायो

बुवाजीले मन्तर सुनायो

पिपलैका पातखी पिपिरी बनायो

बाजेजीले मन्तर सुनायो

स्रोत व्यक्ति :मायादेवी जैसी, वर्ष : ६०, केआईसिंह गाउँपालिका-६, फलेडी

## १२.४ भिक्षु बन्ने बेला गाइने फाग

आनलीका भेणा अऱ्या कानलीका केणा अऱ्या

तो रे गोपी पाल्ला बडाइ दुख पाया

कुनुइले औलेयो बाला कुनुइले बौलेयो

कुनुइले जोग जोगेयो
गुरुइले औलेयो इजु गुरुइले बौलेयो
गुरुजीले जोग जोगेयो
पालेताल्यो बालो मेरो जोगी हुन लाग्यो
कनुइले औलेयो बाला कनुइले बौलेयो
नगरखी दिदी बैनी चेला जनपाल्या
मेरो पाल्यो गोपीचन्न जोगी हुन लाग्यो
गुरुइले बौलेयो इजु गुरुइले औलेयो
गुरुजीले जोग जोगेयो
गुरुइले देशुणी लायो

स्रोत व्यक्ति : निर्मला ओझा, वर्ष : ५६, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## १२.५ भिक्षा मागेर घरबाट निस्कने बेला गाइने फाग

भिक्षा देउ माइ भिक्षा देउ
मेरा साथ भउतै जोगीको जमात छ
तुरे बाला गोपीचन्न जोगी हुन लागी
मेरो दिइजा पालेइको मोल
तुरे बाला गोपीचन्न जोगी हुन लागी
मेरो दिइजा पढाएको मोल
तुरे बाला गोपीचन्न जोगी हुन लागी
मेरो दिइजा दुधैको मोल
जब बुवा हरिजी घुमाउ
तब दिउलो पढाएको मोल
जब बुवा कासी घुमाउ
तब दिउलो पालेइको मोल
जब इजु गया घुमाउ
तब दिउलो दुधैको मोल
तुरे बाला गोपीचन्न जोगी हुन लागी
मेरो दिइजा दुधैको मोल

तेरो रन्या कोठाकाणु कैरे सौपी जानै

तुरे बाला जोगीखी जमात जानै

मेरा रन्या कोठकाणा कान्सो भाइ बसलो

मु रे जान्छु महादेव साथ

मेरा रन्या कोठकाणा कान्सो भाइ बसलो

मु रे जान्छु जोगीखी जमात

बुढा तेरा आमा-बुवा कैरे सौपी जानै

तुरे बाला जोगीखी जमात जान

बुढा मेरा आमा-बुवा कान्सो भाइ पाललो

मुरे जानु महादेवका साथ

स्रोत व्यक्ति : शारदा जैसी, वर्ष : ५२, केआईसिंह गाउँपालिका-६, फलेडी

### १२.६ भिक्षु बनेर निस्केको छोरालाई आमाले फर्काउने बेला गाइने फाग

फर्क बाला फर्क तु रे घर फर्कि आइजा

काशीका पण्डितजसा घर तेरा बाउ छन्

काशीका पण्डितजसा घर तेरा दाइ छन्

फर्क बाला फर्क

कासीका पण्डितजसा घर तेरा काउ छन्

तुरे बाला घर फर्कि आइजा

बुवाज्यू मुरुखैले देशुणी धपायो

इजुज्यू दयालुले फकाइप लेइन

बुवाज्यू मुरुखैले काशी पढ्न लायो

इजुज्यू दयालुले फकाइप लेइन

स्रोत व्यक्ति : निर्मला ओझा, वर्ष : ५२, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## १३. विवाहमा गाइने फाग

### १३.१ दुलाहाले लुगा लगाउने बेला गाइने फाग

सगुन दिन्या सरस्वती
लगन दिन्या वृहस्पती
पैर बाला पैर बाला जाङैका सुतुना
तेरो आइछ लगनैखी बार
पैर बाला पैर बाला गाथइको बाको
तेरी आइछ लगनैखी बार
पैरबाला पैर बाला टाटु रुद्रमाला
तेरी आइछ लगनैखी बार
पैर बाला पैर बाला शिरैमीखी शोभा
तेरी आइछ लगनैखी बार
पैर बाला पैर बाला शिरमाथि छत्र
तेरी आइछ लगनैखी बार

स्रोत व्यक्ति : गीता भट्ट, वर्ष : ३४, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### १३.२ जन्ती प्रस्थानअघि दुलाहालाई टीका लगाउने बेला गाइने फाग

लेय मेरा बुवाज्यूखी सुनरूपी रूपारूपी
मैरे अद्दो बुवाज्यूखी ढोग
लेय मेरा बुवाज्यूखी सुनन रूपयाँ
मैरे अद्दो पुसीमाइखी ढोग
लेय मेरा बुवाज्यूखी सुनिया रूपयाँ
मैरे अद्दो बजेइखी ढोग
लेय मेरा बुवाज्यूखी सुनिया रूपयाँ
मैरे अद्दो इजुइखी ढोग
लेय मेरा बुवाज्यूखी सुनिया रूपयाँ
मैरे अद्दो काकाइखी ढोग

लेय मेरा बुवाज्यूखी सुनिया रूपयाँ
मैरे अद्दो काखीकी ढोग
लेय मेरा बुवाज्यूखी सुनिया रूपयाँ
मैरे अद्दो दाजुखी ढोग

स्रोत व्यक्ति : गीता भट्ट, वर्ष : ३४, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### १३.३ दुलाहाको घरबाट जन्ती प्रस्थान गर्ने बेला गाइने फाग

काँ तुइले दुलयणा दुलै बरी दुलै बरी
काँ तुइले बेउन जानै
मथुरा नगरी इजु दुलै बऱ्याँ दुलै बऱ्याँ
वइ जानु दुलइ बेउन
तुरे जानै दुलयणा दुलयणी बेउन
मेरो दिइजा पालेइको मोल
तुरे जानै दुलयणा दुलयणी बेउन
मेरो दिइजा पणायैको मोल
जब बुवा हरिजी घुमाउ
तब दिउलो पणायैको मोल
जब बुवा काशी प्रयागराज घुमाउ
तब दिउलो पालेइको मोल
तुरे जानै दुलयणा दुलयणी बेउन
मेरो दिइजा दुदैको मोल
जब इजु गया घुमाउ कासी घुमाउ
तब दिउलो दुदैको मोल
जब इजु बनारस घुमाउ
तब दिउलो दुदैको मोल
जब इजु चारैधाम घुमाउ
तब दिउलो दुदैको मोल
तुरे जानै दुलयणा दुलइ बेउन

मेरो दिइजा दुदैको मोल
जब इजु पन्यारी थन्यारी लेउलो
तब दिउलो दुदैको मोल
जब इजु माथो धुनाउलो
तब दिउलो दुदैको मोल
जब इजु तमरी रोस्यारी लेउलो
तब अरलो पापैको कट्टी
तुरे बाला दुलयणो थाकणीको
तेरा हुन्ना जेठु साला तु भयइ चतुरो
मु त हुँ की इजुज्यूको थाकणीको बालो
बुवा हुन्ना चतुरा सयना
साथका साथीभाइ हुन्ना चतुरा सयना

स्रोत व्यक्ति : जमुनादेवी भट्ट, वर्ष : ५७, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## १३.४ जन्ती दुलहीको घर पुग्ने बेला गाइने फाग

लुकलुक दुलयणी गाबन मुजेली
तोखी आया दिउँसैका चोर
कसीअरी लुकु मैखी गाबन मुजेली
बुवा मेरा बत्तीस दाँत बोल्या
कसीअरी लुकु मैखी गाबन मुजेली
इजु मेरी बत्तीस दाँत बोलिन
कता आइछ कता आइछ इश्शर बऱ्यात
कता आइछ कता आइछ कसतुरी बास
नेणी आइछ टेणी आइछ इश्शर बऱ्यात
दुरै आइछ कस्तुरी बास
का तमु बऱ्यातीखी हिटिआया डुली आया
का तमी पणीगैछ रात
लेक न डम्मर हटि आयौं डुली आयौं
बाशुधारा पणीगैछ रात

आस तमु बरेतीखी बस तमु बरेतीखी
बस तमु कुसुम सुवाणी
कुसुमैको मुण्टो जनभाच्या
साठी जना बऱ्यातीको को रे लोग्या जेठो
कइ दिउ यो धुलीको अरग
जो रे लोग्या आलोइकी जाङ सुतुना पैरी
उसइ दिए धुलीको अरग
जाङ न सुतुना पैरी लोगै आयो लोगै आयो
कइ दिउ धुलीको अरग
जो रे लोग्या आलोइकी गाथबाको पैरी
उसइ दिए धुलीको अरग
गाथ बाको पैरी लोगै आयो लोगै आयो
कइ दिउ धुलीको अरग
जो रे लोग्या आलोइकी टाटु रुद्रमाला पैरी
उसइ दिए धुलीको अरग
जोरे लोग्या आलोइकी शीर शोभा पैरी
उसइ दिए धुलीको अरग
दिए बुवा धुलीको अरग

स्रोत व्यक्ति : सरुलीदेवी भट्ट, वर्ष : ६६, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## १३.५ खुट्टा धुने बेला गाइने फाग

खाट सुत्या बुवा मेरा
जागो होइजाउ जागो होइजाउ
तमरी कन्या कन्यादन दिना छौ त
पाउ उचाली शिर लिए
तमरो होलो उत्तीम कुल
तमरो होलो बैकुण्ठ बास
खाट सुत्या इजु मेरी
जागो होइजाउ जागो होइजाउ

तमरी कन्या कन्यादान दिना छौ त
पाउ उचाली शिर लिए
तमरो होलो उत्तीम कुल
तमरो होलो बैकुण्ठ बास
खाट सुत्या भाइय मेरा
जागो होइजाउ जागो होइजाउ
तमरी कन्या कन्यादान दिन छौ त
पाउ उचाली शिर लिए
तमरो होलो उत्तीम कुल
तमरो होलो बैकुण्ठ बास
खाट सुत्या काका मेरा
जागो होइजाउ जागो होइजाउ
तमरी कन्या कन्यादान दिन छौ त
पाउ उचाली शिर लिए
तमरो होलो उत्तीम कुल
तमरो होलो बैकुण्ठ बास
खाट सुत्या काकी मेरी
जागो होइजाउ जागो होइजाउ
तमरी कन्या कन्यादान दिन छौ त
पाउ उचाली शिर लिए
तमरो होलो उत्तीम कुल
तमरो होलो बैकुण्ठ बास
खाट सुत्या मामा मेरा
जागो होइजाउ जागो होइजाउ
तमरी कन्या कन्यादान दिन छौ त
पाउ उचाली शिर लिए
तमरो होलो उत्तीम कुल
तमरो होलो बैकुण्ठ बास

स्रोत व्यक्ति : चन्द्रा जोशी, वर्ष : ३६, केआईसिंह गाउँपालिका-६, फलेडी

### १३.६ वरमुद्रा पहिऱ्याउने बेला गाइने फाग

पैर बाली पैर बाली औँलीको हिरउदो

तेरी आइछ लगनैखी बार

पैर बाली पैर बाली औँलीको हिरउदो

तेरी आइछ लगनैखी बार

स्रोत व्यक्ति : सरुलीदेवी भट्ट, वर्ष : ६६, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### १३.७ वर पक्षबाट प्राप्त लुगा दुलहीलाई लगाउने बेला गाइने फाग

नख्खन नाणीम दाख न दाणीम

छोड बुवा छोलीका भरण

छोड इजु छोलीका भरण

छोलीका भरणामथी केउकेउ फल आयो

छोलीका भरणामथी हिरा आयो मोति आयो

जोलोन सुपारी आयो जोलोन ओखण आयो

भर इजु छोलीका भरण

बुवाज्यूकी बाउलीबाट छोण इजु छोलीका भरण

छोलीका भरणमुथी केउकेउ फल आयो

हिरा आयो मोति आयो सिन्नुरी साणी आयो

भर बुवा छोलीका भरण

स्रोत व्यक्ति : कमला जोशी, वर्ष : ३९, केआईसिंह गाउँपालिका-६, फलेडी

### १३.८ वर पक्षबाट प्राप्त गहना दुलहीलाई पहिऱ्याउने बेला गाइने फाग

पैरपैर दुलयणी कानमीका लोल

तेरी आइछ लगनैखी बार

पैरपैर दुलयणी नाकन वेसरी

तेरी आइछ लगनैखी बार

पैरपैर दुलयणी घाटीखी जोणीया

तेरी आइछ लगनैखी बार

पैरपैर दुलयणी औंलीको हिरउलो

तेरी आइछ लगनैखी बार

स्रोत व्यक्ति : सरुलीदेवी भट्ट, वर्ष : ६६, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### १३.९ ब्यासाडो बाँध्ने बेला गाइनेको फाग

कइ तुइले दुलयणी साची राखी भागी राखी

कइसँग आँचल गाछी

अगनीको आगो मुइले साची राख्याँ भागी राख्याँ

पञ्चन बयलु साची राख्याँ

स्वामीसँग आँचल गाछ्याँ

कइ तुइले दुलयणी साची राखी भागी राखी

कइसँग आँचल गाछी

जोलोन ब्राह्मण साची राख्याँ भागी राख्याँ

स्वामीसँग आँचल गाछ्याँ

कइ तुइले दुलयणी साची राखी भागी राखी

कइसँग आँचल गाछी

जोलोन सुपारी मुइले साची राख्याँ भागी राख्याँ

स्वामीसँग आँचल गाछ्याँ

जोलोन जनै मुइले साची राख्याँ भागी राख्याँ

स्वामीसँग आँचल गाछ्याँ

कइ तुइले दुलयणी साची राखी भागी राखी

कइसँग आँचल गाछी

पञ्चन भाइ मुइले साची राख्याँ भागी राख्याँ

स्वामीज्यूसँग आँचल गाछ्याँ

स्रोत व्यक्ति : सरुदेवी भट्ट, वर्ष : ६६, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

### १३.१० वैसन्नरका फाग

कालीनी कपोलिनी रहोलनी माता

दिए माता सुफलैको भोग

ऋषिवेदु, श्यामवेदु, अतरवेदु, जुजुरवेदु

तती वेदु माझैका को रे वेदु जेठा

चारै वेदु माझ ऋषिवेदु जेठा

दोया दुध काचै रयो बालोबर्मा भोकेइ रयो

चल ऋषि वैसन्नर खोजी

दोया दुध काचै रयो बालोबर्मा अबेउ रयो

चल ऋषि वैसन्नर खोजी

दोया दुध काचै रयो बाली कन्या अबेउ रइन

चल ऋषि वैसन्नर खोजी

दोया दुध काचै रयो बाली कन्या अबेउ रइन

तमु बिजाइ भयो अन्धकार

जाङ पैऱ्यो सुतनाइखी गाथ पैऱ्यो बाको

चल्या ऋषि वैसन्नर खोजी

गाथ पैऱ्यो बाकोइखी टाटु पैऱ्यो रुद्रमाला

चल्या ऋषि वैसन्नर खोजी

कोख चेप्यो पुस्तक ठेली हात समाइ वेद लौणी

चल्या ऋषि वैसन्नर खोजी

शिर पैऱ्यो शोभाइखी टाटु पैऱ्यो रुद्रमाला

चल्या ऋषि वैसन्नर खोजी

पूर्व देश ढुड्या मुइखी पश्चिम देश ढुड्या

नइ पाया भूमि वैसन्नर

दखिन् देश ढुड्या मुइखी उत्तर देश ढुड्या

नइ पाया बाला वैसन्नर

करलेइली भूमि होली घुमरेइली ढुङ्गी होली

वइ हुन्ना बाला वैसन्नर

करलेइली भूमि होली दुबाखी चाउण होली

वइ हुन्ना बाला वैसन्नर

करलेइली भूमि होली घुमरेइली ढुङ्गी होली

वइ हुन्ना बाला वैसन्नर
पिपल चमरणी होली दुबाखी चाउण होली
वइ हुन्ना बाला वैसन्नर
लेय मेरा जजमानौ सुनन बञ्चरी
पिपलैको जणो जति काटु
लेय मेरा जजमानौ सुनन बञ्चरी
पिपलैखी हाडी जति काटु
तहाइ त ओराल्ले गुसाइ पिपलखी पात
लेय मेरा जजमानौ सुनन बञ्चरी
पिपलैको हाडी जति काटु
तहाइ त ओराल्ले गुसाइ वैसन्नर पात
पसे गुसाइ पिपलैखी हाडी
तहाइ त ओराल्ले गुसाइ वैसन्नर पात
पसे गुसाइ पिपलैखी जणी
कुरबुऱ्या बासुरीले पत्थर जति फोड्यो
अब पाया बाला वैसन्नर
जब पाया पत्थर जति
अब पाया बाला वैसन्नर

स्रोत व्यक्ति : धौली जोशी, वर्ष : ५५, केआईसिंह गाउँपालिका-६, फलेडी

## १३.११ दुलाहा-दुलही मण्डपमा घुम्ने बेला गाइने फाग

पइलिखी भुमरी रिटी आइछ रुखविन
अब गइछ पुतलीका खेल बनारसी उजालो
दोसरी भुमरी रिटी आइछ रुखविन
अब गइछ सङ्गीनीका साथ बनारसी उजालो
तेसरी भुमरी रिटी आइछ रुखविन
अब गइछ सङ्गीनीका साथ बनारसी उजालो
चौथी भुमरी रिटी आइछ रुखविन
अब गइछ पुसीमाइका कोख बनारसी उजालो

पचाउ भुमरी रिटी आइछ रुख विन
अब गइछ स्वामीकाइ साथ

स्रोत व्यक्ति : लीलादेवी जोशी, वर्ष : ५१, केआईसिंह गाउँपालिका-६, फलेडी

### १३.१२ सिन्दूर ढाल्ने बेला गाइने फाग

बुवाज्यूका दिया लुगा टुटी जान्ना फाटी जान्ना
पुरोइ भयै स्वामीका सिन्नुर
बुवाज्यूका दिया लुगा टुटी जान्ना फाटी जान्ना
पुरोइ भयै स्वामीका सिन्नुर
बुवाज्यूका दिया लुगा टुटी जान्ना फाटी जान्ना
ढिलोइ भयै स्वामीका सिन्नुर

स्रोत व्यक्ति : लीलादेवी जोशी, वर्ष : ५१, केआईसिंह गाउँपालिका-६, फलेडी

### १३.१३ हवन गर्ने बेला गाइन फाग

मेधा त मेधाइखी मेलयगीरी मेधा
तमी मेधा परसन्न भया
मेधा त मेधाइखी लाटामष्टा मेधा
तमी मेधा परसन्न भया
मेधा त मेधाइखी लाटामष्टा मेधा
तमी मेधा परसन्न भया
केहाँका कृषनजीले समिधा चिरेयो
केहाँका रगेबाला होम होमेयो
शिरखण्ण डालीका समिधा चिरेयो
गाई घ्यू जौं तिल रखेवाला होम होमेयो
वण न पिपलका समिधा चिरेयो
जौं तिल रखेवाला होम होमेयो
पशुन देवता सम्भी होम होमेयो
गणेश देवता सम्भी होम होमेयो

लाटामष्टा देवता सम्झी होम होमेयो

गाई घ्यू जौं तिल होम होमेयो

गोदाणी सम्झी होम होमेयो

स्रोत व्यक्ति : गीता भट्ट, वर्ष : ३४, केआईसिंह गाउँपालिका-१, डुम्राकोट

## १३.१४ कन्यादान गर्ने बेला गाइने फाग

अजदान गर बुवा गजदान अर

अर बुवा कन्नेइको दान

तमरो होलो उत्तीम कुल

अजदान गर बुवा गजदान अर

अर बुवा कन्नेइको दान

सुन दान अर बुवा चानी दान अर

अर बुवा कन्नेइको दान

लुहा दान अर बुवा पितल दान अर

अर बुवा कन्नेइको दान

तमरो होलो उत्तीम कुल

अन्न दान अर बुवा धन दान अर

अर बुवा कन्नेइको दान

अनदान अर बुवा धनदान अर

अर बुवा अङौठीको दान

तमरो होलो उत्तीम कुल

अर बुवा अङौठीको दान

तमरो होलो उत्तीम कुल

स्रोत व्यक्ति : धौली जोशी, वर्ष : ५५, केआईसिंह गाउँपालिका-६, फलेडी

## १३.१५ गौदान गर्ने बेला गाइने फाग

अजदान गर बुवा गजदान अर

अर बुवा कैलु गाईको दान

सुन दान अर बुवा चानी दान अर
अर बुवा कैलु गाईको दान
भूमि दान अर बुवा जिमन दान अर
अर बुवा कैलु गाईको दान
अन्न दान अर बुवा धन दान अर
अर बुवा कैलु गाईको दान
तमरा पितर स्वर्ग लोग जान्ना
लुहा दान अर बुवा पितल दान अर
अर बुवा कैलु गाईको दान
अनदान अर बुवा धन दान अर
अर बुवा अर कैलु गाईको दान
तमरा पितर बैकुण्ठ जान्ना

स्रोत व्यक्ति : मायादेवी जोशी, वर्ष : ६०, केआईसिंह गाउँपालिका-६, फलेडी

## १३.१६ जन्ती विदाइ गर्ने बेला गाइने फाग

वणै न पिपलमुनि मेरी माणु रोकी रैछ
हट दुलइ मेरी माणु जाउ
मै त हुँ की बुवाज्यूकी लडेली तुडेली रुहु
कसी अरी तेरी माणु जाउ
मै त हुँ की किर्सन बालो लड्यालो तुडेलो
हट दुलइ मेरी माणु जाउ
हट हट रुख विनाउ मेरी माणु जाउ
छाड इजु छाड इजु चिउणीमीको हात
लेक न डम्मर पणी जाली रात
कसीअरी छाडु मैखी इजुज्यूखी कोखेली
कसीअरी छाडु बुवाखी आङेनी

कसीअरी जाउ मैखी लेक न डम्मर
कसीअरी छाड्ु मैखी इजुज्यूखी कोखेली
कसीअरी छाड्ु बुवाखी आङेनी
आफू आयो दुलयणो हिरामोति पैरी
मेरी निउती केउकेउ लेयो
वण न पिपलमुनी मेरी माणु रोकी
हिट दुलइ मेरी माणु जाउ
मै त हुँ की बुवाज्यूकी लडेली तुडेली रुहु
कसीअरी तेरी माणु जाउ
मै त हुँ की किर्सन बालो लड्यालो तुडेलो
लेक न डम्मर हिटीडुली आया
हट दुलइ मेरी माणु जाउ
मेरी माणु जाइपर केउकेउ खाउ
मेरी माणु जाइपर हिरामोतिउ लाउ
मेरी माणु जाइपर लड्डु पेडा खाउ

स्रोत व्यक्ति : देवकी जोशी, वर्ष : ६४, केआईसिंह गाउँपालिका-६, फलेडी

## स्रोत व्यक्ति सूची

| नाम | ठेगाना | उमेर | शिक्षा |
|---|---|---|---|
| कमला जोशी | केआईसिंह गाउँपालिका-६, फलेडी | ३९ | साक्षर |
| गीता भट्ट | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ३४ | प्लस टु |
| चन्द्रा जोशी | केआईसिंह गाउँपालिका-६, फलेडी | ३६ | प्लस टु |
| चन्द्रादेवी भट्ट | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ५५ | निरक्षर |
| जमुनादेवी भट्ट | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ५७ | साक्षर |
| टेकराज अवस्थी | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ३८ | स्नातक |
| कृष्णबहादुर बोहरा | बोगटान गाउँपालिका-५, धिर्कामाडौं | ३८ | प्लस टु |
| तिलाराम भट्ट | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ७६ | साक्षर |
| देवकी जोशी | केआईसिंह गाउँपालिका-६, फलेडी | ६४ | निरक्षर |
| धौली जोशी | केआईसिंह गाउँपालिका-६, फलेडी | ५५ | निरक्षर |
| निर्मला ओझा | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ५६ | साक्षर |
| पार्वती जैसी | केआईसिंह गाउँपालिका-६, फलेडी | ३८ | साक्षर |
| पार्वती जोशी | केआईसिंह गाउँपालिका-६, फलेडी | ५४ | निरक्षर |
| मायादेवी जोशी | केआईसिंह गाउँपालिका-६, फलेडी | ६० | निरक्षर |
| रामचन्द्र जोशी | केआईसिंह गाउँपालिका-६, फलेडी | ५८ | साक्षर |
| रामबहादुर बोहरा | बोगटान गाउँपालिका-५, धिर्कामाडौं | ३६ | शिक्षक |
| लिलादेवी जोशी | केआईसिंह गाउँपालिका-३, फलेडी | ५१ | साक्षर |
| विष्णादेवी जैशी | केआईसिंह गाउँपालिका-६, फलेडी | ४३ | निरक्षर |
| शारदा जैसी | केआईसिंह गाउँपालिका-६, फलेडी | ५२ | निरक्षर |
| सरस्वती अवस्थी | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ४२ | निरक्षर |
| सरुदेवी भट्ट | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ६६ | निरक्षर |
| सरुलीदेवी भट्ट | केआईसिंह गाउँपालिका-१, डुम्राकोट | ६६ | निरक्षर |

# सन्दर्भ ग्रन्थ सूची


उपाध्याय, विष्णुभक्त (२०५७), **बझाङ जिल्लाको थलारा क्षेत्रका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

ओझा, देवीप्रसाद (२०४९), **डोटी क्षेत्रको इतिहास तथा संस्कृति**, महेन्द्रनगर : सुदूरपश्चिमाञ्चल साहित्य अध्ययन समाज ।

ओझा, पूर्णानन्द (२०६८), **डोटी जिल्लामा प्रचलित घरगीतको विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

चन्द, उमा (२०५३), **बैतडेली सांस्कारिक फागहरूको संकलन वर्गीकरण र परिचय**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

चालिसे, विजय (२०४९), **डोटेली लोकसाहित्य र संस्कृति,** ललितपुर : साझा प्रकाशन ।

जोशी, पदमराज 'प्रभात' (२०५९), **गौरा पर्व : एक परिचय**, धनगढी : सुदूरपश्चिमाञ्चल संस्कृति सम्वर्द्धन समिति ।

पन्त, जयराज (२०५३), **अञ्जुलीभरि सगुन पोल्टाभरि फाग**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

________ (२०३६), **डोटेली गौरागीतको वर्गीकरण, विश्लेषण र सङ्कलन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पन्त, देवकान्त सम्पा. (२०३२), **डोटेली लोकसाहित्य : एक अध्ययन**, कीर्तिपुर : नेपाली एशियाली अध्ययन संस्थान, त्रि.वि. ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा**, काठमाडौं : साझा प्रकाशन ।

बिनाडी, बद्री शर्मा (२०७४), **डोटेली लोककाव्य चैतको अध्ययन,** काठमाडौं : बुद्ध पब्लिकेशन प्रा.लि. ।

__________, **लोककाव्य भारतको अध्ययन,** काठमाडौं : बुद्ध पब्लिकेशन प्रा.लि. ।

भाइसाब, वासुदेव (२०६१), **डोटेली लोकसंस्कृति र लोकसाहित्य**, महेन्द्रनगर : कर्णाली बुक डिपो ।

रोस्यारा, तारा (२०७०), **डोटी जिल्लामा प्रचलित सांस्कृतिक फागहरूको सङ्कलन र विश्लेषण**, अप्रकाशित स्नातकोतर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

लामिछाने, मनोहर (२०६५), **लोकसाहित्य र संस्कृतिका केही पाटाहरू**, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजाराम (२०५५), **बाइसी राज्यको ऐतिहासिक रुपरेखा**, काठमाडौं : नेपाल एसियाली अनुसन्धान केन्द्र त्रि.वि. ।

सोती, विश्वराज (२०६२), **बझाङ्गी मागलहरूको सङ्कलन अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।